CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वली र कुलवृत

अज्र्याल वंशावली र कुलवृत्त

929.2
ATR

विष्णुराज आत्रेय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्ज्याल वंशावली र कुलवृत्त

प्रा० विष्णुराज आत्रेय
(त्रि० वि० वि० संस्कृत अध्ययन संस्थान, नेपाल)
अतिथि प्राध्यापक
नेपाल चेअर
काशी हिन्दू विश्वविद्यालय, वाराणसी

अलका प्रकाशन
वाराणसी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अलका प्रकाशन
वाराणसी

*

© विष्णुराज आत्रेय आफैंमा

*

प्रकाशनवर्ष—
मेष संक्रान्ति २०४२

*

प्रथमावृत्ति
१००० प्रति

929.2
ATR

*

मूल्य :
१५/- पन्ध्र रुपैया मात्र

96678

*

मुद्रक—
लछिमन प्रसाद
प्रेमप्रकाश प्रेस कठवतिया, शिवपुर, वाराणसी

ARJYAL VAMSHAVLI RA KULA·VRUTTA

By

V. R. ATREYA
Visiting Proffessor (Nepal Chair)
Bvnaras Hindu University Varanasi

Rs. 15/- Only. 1985 A. D.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुलदेवतास्तुतिः

नमस्तस्मै वराहाय लीलयोद्धरते महीम् ।
खुरमध्यगतो यस्य मेरुः खण-खणायते ॥१॥

दंष्ट्राग्रेणोद्धृतागौरुदधिपरिवृता पर्वतैर्निम्नगाभिः
साकं मृत्पिण्डवत् प्राग् बृहदुरुवपुषाऽनन्तरूपेण येन ॥
सोऽयं कंसासुरारिर्मुर-नरक-दशास्यान्तकृत् सर्वसंस्थः
विष्णुः कृष्णः सुरेशो नुदतु मम रिपून् आदिदेवो वराहः॥२॥

यः संसारार्णवे नौरिव मरण-जरा-व्याधिनक्रोर्मिभीमे
भक्तानां भीतिहर्त्ता मुर-नरक-दशास्यान्तकृत् कोलरूपी ॥
विष्णुः सर्वेश्वरोऽयं यमिह कृतधियो लीलया प्राप्नुवन्ति
मुक्तात्मानो न पापं भवतु प्रणुदितारातिपक्षः क्षितीशः ॥२॥

[वाराहपुराण १।१-३]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय सूची

क्रम	विषय सूची	पृष्ठ संख्या
१	कुलदेवतास्तुतिः	
२	गन्यन-मन्थन = थनथन	क–छ
३	सन्तनि सूक्ति	ज
४	मूल पुरुष	१–५
५	अमर भूमि अर्ज्याल शाखा	६–१९
६	बगाले अर्ज्याल शाखा	२०–२३
७	विहारे अर्ज्याल शाखा	२४–२५
८	केशरी अर्ज्याल शाखा	२६–२७
९	स्याङ्गाली अर्ज्याल शाखा	२८
१०	अर्ज्याल वंशको कुलवृत्त	२९–८९
११	परिशिष्ट—[क] अभिलेख	९०–९१
१२	,, [ख] संस्कृत समस्यापूर्ति	९२
१३	,, [ग] काव्य	९३–९७
१४	,, [घ] भानिज देउता	९८

*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

म
गन्थन =
न

थन्थन

पौरस्त्य चिन्तनको दिशा आध्यात्मिक हुन्छ । हाम्रा प्राचीन पुर्खा ऋषि महर्षि-का जीवन दर्शन आध्यात्मिक थिए । ब्रह्मचिन्तनमा अहर्निश संलग्न ती ऋषिहरू सबै भन्दा पहिले आत्म चिन्तन गर्दथे । इनको आत्म चिन्तन 'कोऽहम् ?' [म को हूँ ?"] बाट प्रारम्भ हुन्थ्यो । 'कोऽहम्' को यो जिज्ञासा 'सोऽहम्' [म त्यही हूँ] मा पुग्दा शान्त हुन्थ्यो । यहाँ पुग्दा मनुष्यले 'अह ब्रह्मास्मि'को अनुभूति गर्दछ ।

'अहं ब्रह्माऽस्मि' अहंको विस्तृत आकार हो । पहिले थालनीको "कोऽहम् ?" भित्रको अहं, व्यक्तिको शरीरनिष्ठ हुन्छ । शरीर संग मिश्रित अहं उसको स्वार्थको प्रतीक हुन्छ । व्यक्तिनिष्ठ भावनाले जेलिएको नितान्त भौतिक र तुच्छ अहंम्मन्यता हुन्छ यो । यो देहनिष्ठ अहम्मन्यताले म, मलाई, मैले, मबाट, मेरो र ममा, जस्ता देहात्मवादी धारणका मात्र विकास गर्दछ । यस अहं भित्र उसका आमा बाबू सहोदर दाजु-भाई स्वास्नी र छोरा पनि अटाउदैनन् । जसको ताण्डवलीला पाश्चात्य भौतिक विज्ञानले देखाएको छ ।

पौरस्त्यचिन्तन 'कोऽहं' बाट भने व्यक्ति, माथि भने जस्तै अहं ब्रह्मास्मिको अध्यात्मविज्ञान तिर प्रवृत्त हुन्छ । जहिले यस जिज्ञासुलाई सोऽहं, अहं ब्रह्मास्मि अथवा तत्-त्वम् असिको आभास वा झ-झल्को मात्र पनि हुन्छ, त्यसका समस्त व्यक्तिनिष्ठ तथा देहात्मवादी धारणाहरू नष्ट हुन थाल्दछन् । उसको देहनिष्ठ अहंले आफ्नो तुच्छ स्वार्थी साङ्लो छिनालि दिन्छ । उसका नितान्त स्वार्थी अहंले समष्टिको विशाल फाँट देख्न थाल्दछ । अनि व्यक्तिमा हामी, हामीलाई, हामीले, हामीबाट हाम्रो र हामीमा जस्तो धारणा विकसित हुन्छ । अब त्यो 'तँ-तँ र मँ-मँ' गर्दैन । स्वार्थी र छुचा कुरामा अल्झिदैन । उसका भावना व्यक्तिनिष्ठ न भएर कुलनिष्ठ, वंशनिष्ठ, समाजनिष्ठ र राष्ट्रनिष्ठ हुन थाल्छन् । उसगा त्यस व्यक्ति मात्रका होइनन् अपि तु उसको परिवार छिमेक, कुल, कुटुम्ब, समाज र समस्त राष्ट्रका हित र स्वार्थ गाँसिन पुग्दछन् । यसरी हामीका विशाल परिधि भित्र रही कार्य गर्ने व्यक्ति परिवार समाज र राष्ट्रलाई कसैले हेप्तैन, हेपन पाउदैन । उ त आफ्नो परम्परा, आफ्नो संस्कृति, आफ्ना चारित्रिक गठन र आफ्ना मर्यादामा अचल हिमालय झैं अटल रहन्छ । कस्तै हुरी बतासले त्यो नुघ्दैन, झुक्दैन, ढल्दैन । कस्तै बाढी पहिरो आओस् त्यो

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खस्किन्न, भस्किन्न र बग्दैन। जब मानिस व्यक्तिनिष्ठ अहम्मन्यतावाट अगाडी आध्यात्मिक धरातलको विशाल फाँटमा उभिएर हेर्न थ्याउन थाल्दछ, उसका राष्ट्रिय चिन्तन पनि विश्वात्मक हुन्छन्। समस्त विश्वलाई एउटै कुटुम्बको माया र स्नेह दिन सक्छ त्यो। हाम्रा पूर्वज ऋषिले यो विश्वलाई यस्तै माया दिएका थिए। मन्त्र द्रष्टाहरूले आफ्ना ऋचाहरूमा यही तत्त्व देखेका थिए। बाल्मीकिले रामायणमा यहीं लेखे, गीतामा भगवान् कृष्णले यही सुनाए, बुद्धले अनुयायीलाई यही उपदेश गरे। "समोहं सर्वभूतेषु, आत्मवत्सर्वभूतेषु", न मे द्वेष्योस्ति न प्रियः" वसुधैव कुटुम्बकम्" को सारतत्त्व त्यतिवेला नै खुल्दछ जहिले मनुष्यले आफू र आफ्नू परिवेषलाई राम्रो सँग बुझ्दछ, चिन्दछ। त्यसै हुनाले व्यक्तिले पहिले आफूलाई चिन्नुपर्दछ। अनि यो चिनारी परिवार, समाज र राष्ट्रसम्म फैलाउँदै लानु पर्दछ।

जुन व्यक्तिले आफूलाई व्यक्तिगत स्वार्थवाट वाहिरी फाँटमा ल्याएर उभ्याउन सकेको छैन, तुच्छ अहम्मन्यतावाट उम्किन सकेको छैन। जसले आफ्नो नश्वर हाड-छाला र आन्द्रा पोस्नु बाहेक अरु केही लक्ष्य देख्न सुन्न र बुझ्न सकेको छैन गृहनीति देखि राजनीतिसम्मका त्यसका समस्त क्रिया कलाप यस्तै व्यष्टि चिन्तनमा केन्द्रित हुन्छन्। निश्चय पनि त्यस्ता व्यक्तिले वास्तवमा आफूलाई चिनेका हुँदैनन्, आफ्ना प्रातः स्मरणीय पूर्वज चिनेका हुँदैनन्। त्यस्ता व्यक्तिलाई संस्कृति र परम्पराको चासो हुँदैन। त्यस्ता व्यक्तिहरूवाट समाज र राष्ट्रको हित किमार्थ हुदैन। परिवार कुल, कुटुम्ब, समाज र राष्ट्रिय हित एवं स्वार्थलाई चटक्क विर्सेर व्यक्ति तुच्छ स्वार्थको नरक मार्गमा न भौतारियोस् भन्ने पवित्र उद्देश्यले नै वंशावली लेखिन्छन्। पुर्खाको स्मरण गरिन्छ। यो परम्परा कुनै नया होइन हजारौं लाखौं वर्ष पुरानो हो। "भारद्वाजाद् भाद्वाज आत्रेयादात्रेयो माण्टेर्माण्टिः" जस्ता ऋषि वंशका स्मरण कीर्तन तर्पण गर्ने प्रक्रिया आज पनि हामी कहाँ छँदै छ।

अब हामीले निष्कर्षमा के चाहिं कुरा बुझ्नु परेको छ भने—हाम्रो पौरस्त्य सिद्धान्तमा सोऽहं जस्तो आत्मबोध अथवा आत्मज्ञान केवल निर्वाण वा मुक्ति पक्षको मात्र विषय होइन। यसका भौतिक पक्ष र व्यावहारिक पक्ष पनि हुन्छन्। त्यसै हुनाले हाम्रो भौतिकपक्ष पश्चिमेलीहरूका जस्तो तुच्छ अहंम्मन्यतामा आधारित कोरा भौतिकपक्ष होइन। हाम्रो भौतिक पक्ष त अध्यात्मसिक्त भौतिकपक्ष हो। हाम्रो व्यक्तिपक्ष त समष्टिनिष्ठ व्यष्टि पक्ष हो, सामाजिक पक्ष हो, राष्ट्रिय पक्ष हो। यही हो हाम्रो पौरस्त्य चिन्तन। यही हो हाम्रो नेपाली दर्शन। यसै आध्यात्मसिक्त भौतिक पक्षको अनुसरण ग्रीक दार्शनिकहरूले पनि गर्न खोजेका थिए। उनका दार्शनिक राज्यका परिकल्पनाको रहस्य यही थियो।

जङ्गलको एकान्त कन्दरामा समस्त व्यवहार छोडी अध्यात्म चिन्तनमा लागेका त्रिकालज्ञ ऋषि वसिष्ठ राष्ट्र रक्षाका लागि सधैं सजग थिए। आफ्ना योग बलले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राष्ट्रिय दुर्भिक्ष र महामारीको शान्ति र राजा प्रजाको स्वस्ति वाचन इनका जीवनको अभिन्न लक्ष्य थियो। यसै गरी महर्षि आत्रेय स्वस्थ समाजको सृजन तथा लोकसम्मत राजाका लागि यायावर भएर तथा हांसको रूप लिएर विश्व विचरण गरिरहन्थे। महर्षि वाल्मीकि स्वयं एकान्त आश्रम सेवी थिए। तथापि इनले राष्ट्रिय चरित्र, अनुशासन मर्यादा, तथा दैवी शक्तिलाई पराजित गर्न सक्ने अजेय मानवीय शक्तिको विकासका निम्ति त्यत्रो रामायण काव्यको रचना गरे। जसमा प्रमुख समस्या उनले राष्ट्रिय चरित्र निर्माण र समष्टि कल्याणको उठाएका छन्—

चारित्रेण च को युक्तः ? सर्वभूतेषुको हितः ?……

कस्य बिभ्यति देवाश्च जातरोषस्य संयुगे।

यस्तै र इनै पूर्वज चरित्रनायक तथा यस्तै वंशविभूतिको स्मरण चिन्तनका पवित्र उद्देश्यले खोजिन्छन् पुर्ख्यौलीहरू र लेखिन्छन् वंशावलीहरू।

हामी त हिन्दु हौं। आर्य हौं। मनुका वंशज हौं। यो देश हिजो पनि आफ्ना कुलाधर्म न छोड्ने असली हिन्दुस्थानां थियो र आज पनि विश्वको एकमात्र हिन्दु राष्ट्र हो। हाम्रा पूर्वज ऋषिहरू अत्रि, आत्रेय, कश्यप, गर्ग, भरद्वाज, वशिष्ठ, र विश्वामित्र जस्ता लोकोपकारी ब्रह्मर्षि हुन्। ज्ञान र विज्ञानको सुनौला लाली सर्वप्रथम हाम्रै अग्ला हिमचुलीमा चढेको थियो। हामीले नै विश्वमा सर्वप्रथम बोल्न सिकेका हौं। हामीले नै प्रकृतिपूजक तथा यज्ञकर्ताका रूपमा आगो, पानी, सूर्य र अन्तरिक्षका विषयमा अगुवा चिन्तन गरेका हौं, जसबाट आजको भौतिक विज्ञान हुर्केको छ। हामीले नै यहांका रस्ती-बस्ती तथा अनकण्टार कान्तार कन्दराहरूलाई सर्वप्रथम सामगानको सारङ्गीले गुन्जाएका हौं।

जति वेला अरूले धेरै वर्ष गिदीखियाए पछि बल्ल-बल्ल 'हामी बाँदरका सन्तान हौं' भन्ने कुराको चाल पाएर आफूलाई महान् नृवंशविद् ठानेका हुन्, त्यस भन्दा लाखौं वर्ष पहिले नै "हामी मनुका सन्तान हौं" भन्ने कुराको हामीलाई ज्ञान थियो। जति वेला अन्तका मानिस मात्स्यन्यायको क्रूरताका शिकार भएर आफ्ना जिउ-धन बचाउन ओडार-ओडार जंगल-जंगल भौंतारिएका थिए। त्यति वेला नै हामीले आफूभित्रका आफ्ना सृष्टि स्थिति र संहारक शक्तिहरूलाई लोक सम्मतिको आधारमा एउटा व्यक्ति विशेषमा आरोपित गरी सर्वसम्मत राजाको निर्माण गरिसकेका थियौं। जति वेला अन्तका देश विभिन्न जाति, धर्म र सम्प्रदायका टुक्रामा टुक्रिंदै थिए। हामीले सघे शक्तिः कलौ युगे तथा संघ शरणं गच्छामि जस्ता एकताका नारा रन्काउन थालिसकेका थियौं।

आज हामीलाई फेरि आत्मावलोकनको आवश्यकता टड्कारो भएको छ। आज हामीले फेरि आफ्नो आफै पुनर्मूल्यांकन गर्नु परेको छ—कि कतै हाम्रा त्रिकालदर्शी आंखाहरू कोरा भौतिक विज्ञानका झिलिमिलिमा तिरमिरिएका त छैनन्? कि हामी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्वको साटो पश्चिम फर्की रहेका त छैनौ ? कि हामी अरुणोदयको साटो अस्ताउँदो सूर्य त देखिरहेका छैनौ ? जीवन संग रमाउनुको साटो विनाश संग अर्हनिश सन्त्रस्त हुँदै गै रहेका त छैनौ ? परिवार टुक्रिदैं गै रहेको त छैन ? कतै धुन्धुकारीले वंशको सामाजिक प्रतिष्ठालाई कौडीको मोल त वेच्दैन ? कोरा भौतिकवाद र तुच्छ स्वार्थका नागवेलीले जेलिदाँ जेलिदै व्यक्ति जड त भएको छैन ? कही उसका सामाजिक क्रिया-कलापले व्यक्तिगत स्वार्थ त देखाउँदैनन् ? उसको सक्रियता निष्क्रियता लुकाउने आड-म्बर मात्र त होइन ? उसले छाटेका विद्वत्तामा मूर्खता प्रदर्शन वाहेक वढी, केही न देखिने त भएको छैन ? कतै उसको हाँसोमा रुन्चे स्वर त मिसिएको छैन ? कतै उसको वाहिरी समृद्धिमा दरिद्रताले नागो नाच नाची रहेका त छैन ? यदि यस्तै छ भने यो नेपाली दर्शन होइन, आर्य चिन्तन होइन। यसैका लागि आज खाँचो छ सर्वप्रथम आफूलाई चिन्नुको, आफ्ना पूर्वज संग परिचित हुनुको, आफ्नो राष्ट्रिय चरित्र संस्कृति र मर्यादा प्रति आस्थावान् हुनुको, साथै समाज र राष्ट्रोत्थान प्रति सर्वात्मना समर्पित हुनुको। इनै पवित्र उद्देश्यले आफ्ना पूर्वज ऋषि विभूतिहरूको स्मरण र अनुसरण गर्ने एउटा सानू माध्यम हो वंशावली। इनै पवित्र उद्देश्यले लेखिने खोजिने गर्छन् वंशवृत्तहरू। यहां पनि यही नै उद्देश्य लिइएको छ।

यस समाजको यस राष्ट्रको निर्माण तथा विकासमा प्रत्येक थरका पुर्खाहरूको आफ्ना शक्ति र सामर्थ्य अनुसारको योगदान छ। संख्या र परिणाममा जे जस्ता सुकै होउन्, गुणात्मक दृष्टिले इनका योगदानको उत्तिकै महत्त्व हुन्छ। एउटै ऋषिबाट ब्राह्मण-क्षत्रिय-वैश्य-शूद्र जस्ता चारजात छत्तिसवर्णका शाखा-सन्तान फैलिएको यस हिन्दु राष्ट्रमा एउटै आर्य सन्ततिका रूपमा एउटै समाजमा आफ्ना आफ्ना कार्यमा निष्ठावान् भएर त्यस समाजको अभिन्न अङ्गका रूपमा वसेका सबैका पुर्खा उत्तिकै प्रशंसनीय हुन्छन्।

यो त संख्यामा लगभग दुई करोड पुग्न लागेका नेपालीहरू मध्ये अर्ज्याल मात्रको एउटा सानो वंश परिचय हो। एउटा सानो क्षेत्र मात्र ओगट्छ यसले, एउटा सानो थलो मात्र बल्ल-बल्ल खेप्न खोज्छ यसले। अर्ज्याल मात्रै पनि सबै यस भित्र आई सकेका छैनन्। कति थप घट यसमा वाकी नै छन्। यहाँ अर्ज्यालको मात्र अथवा यस भन्दा पहिले निस्केका अन्य वंशावलीहरूले मात्र पुगेको छैन। मेची महाकाली छरिए-का यस्ता अन्य सयौं थरका वंशावलीमा कलम चोभ्न वाँकी नै छ। ती थरका सयाँ हजारौं पुर्खाहरूले आफ्नो समाज र राष्ट्रका लागि भए गरेका इतिहासका चपरी-चिप्लेटी उप्काउन बाँको नै छ। जसमा हाम्रा कतिपय टोल छिमेकका सुखमा हासो र दुःखमा आँसू दिएका आख्यानहरू छन्। एकमत एक ध्येय भएर फोरिएका ढुङ्गा, पल्टाइएका मुढा र बसालिएका रस्ती-वस्तीका विवरणहरू छन्। नेपालीका शौर्य धैर्य, आचार तथा ज्ञान-गरिमाका गौरवमय इतिहास छन्। यसको ज्ञान न भए सम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो समाज आस्थावान् हुँदैन, निष्ठावान् हुँदैन, समाज अगाडी बढ्दैन । त्यसै हुनाले यस देशको निर्माण र विकासमा सबै जाति र थरको उत्तिकै र उस्तै योगदान छ । जब सम्म आफ्ना पूर्वजका यी योगदानको जानकारी पछिल्ला पीढीलाई हुँदैन । त्यतिखेर सम्म यस प्रति तिनीहरू सचेष्ट हुँदैनन् । "आफ्ना पुर्खाले थालेका विकास र निर्माणको यो जगमा हामीले पनि श्रम र सीपका दुई ईंट थपौं" भन्ने उत्सुकता तिनीहरूमा जाग्रत हुँदैन । राष्ट्रिय भावनाका ज्वार भाटा उनका हृदयमा उर्लिदैनन् । यदि वर्तमान पीढी भीतारिएको प्रतीति हुन्छ भने त्यसमा कमी यसै कुराको छ ।

प्रत्येक घर-घरका अतीतका तथ्य र गौरवपूर्ण योगदानका कुराहरू संगोलिदा मात्र यस नेपाली जातिको साचो इतिहास लेखिन सक्तछ । यस भाषाको उद्‌गम र विकास का तथ्यपूर्ण सामग्रीहरू जुट्न सक्तछन् । यसका अभावमा साचै भनौं भने नेपालीको सर्वाङ्गीण इतिहास लेखिनु बाँकी नै ठानिन्छ । भाषाको पनि, साहित्यको पनि, जातिको पनि र संस्कृतिको पनि ।

आज देशमा आवश्यकता पुल र बाटाको मात्र छैन, आज आवश्यकता स्कूलमा छाना र कलेजमा तला थप्नुको मात्र छैन, आज समस्या साँझ बिहान चलाउने रोजी रोटीको मात्र छैन । आवश्यकता दैनिक गास-वास र कपासका साथै राष्ट्रिय स्वाभिमानको पनि छ, समस्या-चरित्र निर्माणको पनि छ । खाँचो प्रत्येक नेपालीका अनुहार मा नेपाली हिसी ल्याउनुको नेपाली बान्की ल्याउनुको छ प्रत्येक नेपालीका व्यवहारमा । समस्या मुख्यतया आस्थाको छ, धर्म, परम्परा र साहित्यकै क्षेत्रमा पनि ।

हो, प्रत्येक युगको युवावर्ग जोशिलो र फुर्तिलो हुन्छ, त्यो अगुवा मानिन्छ त्यस समाजको । उसका सबल काधमा देशको महत्त्वपूर्ण अभिभारा हुन्छ । उसमा कुनै लक्ष्य प्राप्तिका लागि मरी-मेटिऔं भन्ने दृढ आस्था हुन्छ । तर आफ्ना प्रातः स्मरणीय पुर्खाहरूले राष्ट्र र समाजलाई आफ्ना सीप र श्रमले गरेका योगदान तथा त्यसबाट हुर्केको परम्परा र संस्कृतिको आधारभूत जगको बिल्कुलै वास्ता नगरी आकासे गारो उठाउन खोज्दा पनि आधुनिकताको फोस्रो आवरण भित्र क्रमशः खोक्रिदै, रित्तिदै गएका विश्वका अन्य पराश्रित मुलुकहरू प्रति आखा चिम्लिनु अवश्य हुने छैन । त्यसै हुनाले हामीलाई त आफ्नो संस्कृति र परम्पराको बलियो जगमा उठे-उठाइएको दरिलो-दर्बिलो विकास चाहिएको छ । विकासको नाउँमा टाउकामा सिङ उमार्न खोज्दा पशु भइन्छ, अब हुने पराईको आक्रमण वा अतिक्रमण व्यक्ति विशेष वा कुनै पनि क्षेत्र विशेषमा न भै त्यस देशको विशुद्ध संस्कृति र स्वच्छ परम्परामा हुन्छ, राष्ट्रिय चरित्र र मर्यादामा हुन्छ; शिक्षामा हुन्छ । हाम्रा आस्था मै किरा उमार्न खोजिन्छ । विश्वासमा नै धमिरो लाउन खोजिन्छ । धर्मलाई ढोंग भनिन्छ, सहनशीलतालाई कायरताको संज्ञा दिइन्छ । वाल्मीकिलाई भाषिक ढाबमा भासिने पारिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्धलाई जातीयताको साँघुरो वार भित्र कुँज्याइन्छ। त्यसै हुनाले आज देश बाहिरको भौगोलिक सीमा सतर्कता भन्दा मुलुक भित्र कै संस्कृति र परम्परा प्रतिको सतर्कता कम मूल्यवान छैन।

जहिले कुनै पनि वंश र परिवारमा राष्ट्रिय संस्कृति र मर्यादा प्रति आस्थाहीन अवाञ्छित र उच्छृङ्खलहरूको संख्या बढ्दै जान्छ, अनि त्यस्ता सदस्यबाट वंश र परिवारलाई मात्र होइन, मातृ भूमिलाई पनि भार हुन थाल्दछ। राष्ट्रका समस्या दिनहूँ बढ्दै जान्छन्। दारिद्र्य नै दारिद्र्य, अशान्ति नै अशान्ति तथा अभावै-अभावको चीत्कार सर्वत्र सुनिन थाल्दछ। बाबू आमा आत्तिन्छन्। टोल छिमेक संसाभै ढोका थुनेर लुक्तछन्। हाम्रा नीतिशास्त्रले 'मातुरुच्चार एव सः' भनेर आमाको विष्ठाको संज्ञा दिएको यस्तै निष्क्रिय तथा राष्ट्र र संस्कृति प्रति ममता न भएका मातृ भूमिको भार भएका हरूलाई नै हो। सच्चा ईमान्दार र राष्ट्रसेवी तथा स्वाभिमानी सन्तान त एउटा मात्र होइन, सयौं हजारौं भए पनि इनले देश साघुरो हुँदैन राष्ट्र गरीप हुँदैन। तर खाँचो यहाँ दुर्योधन जस्ता सय भाई छोराको छैन, युधिष्ठिर र अर्जुन जस्ता पाँचै ओटा भए पुग्छ। आवश्यकता यहाँ हजारौं लाखौ रुञ्चे ताराहरूको छैन, चन्द्रमा जस्तो एउटै हाँसी दिए पुग्छ, सूर्य जस्तो एउटै उदाइदिए पुग्छ—'एकश्चन्द्रस्तमो हन्ति न तु तारा गणा अपि।'

प्रत्येक नेपालीले आफ्ना पितृ-देवतासंग श्राद्धकृत्य तथा पितृ यज्ञहरूमा वंश वृद्धिका लागि "गोत्रं नो वर्द्धताम्", "सन्ततिर्वर्द्धताम्" भन्दै याचना गरिने सन्तान एउटै भए पनि गोकर्ण जस्तो हो, धुन्धुकारी जस्तो किमार्थ होइन। पुर्ख्यौली यसै भन्छ वंशावली यही लेख्छ।

इनै पवित्र उद्देश्यले लेखिनु पर्दछ वंशावली र केलाइनु पर्दछ यसका नालीबेलीहरू। यसमा अलिकति पनि बेवास्ता गुन्याई वा राम्रो दृष्टि न पुऱ्याइँदा अर्काका पुर्खाहरूको अपहरण तथा कहिलेकाहीं आफ्नै वंशावलीको अपचालनका घटना घटन सक्तछन्। कतै यस्तो पर्न गयो भने माथी उल्लेख गरे जस्ता पवित्र उद्देश्यले लेखिने वंशावली र कुलवृत्तहरूले थरवाद र गोत्रवाद जस्तो साम्प्रदायिकताको राको दन्काए र सामाजिक अहित गर्न बेर न लाग्ने कुरा प्रति पनि समय मै सचेष्ट हुनु आवश्यक ठानिन्छ। चार जात छत्तीस वर्णको यस साझा फुलबारीमा जातीय मेलमिलापलाई साम्प्रदायिकताको नारा दिएर आफ्नो स्वार्थ सिद्ध गर्न खोज्ने बुभुक्षुहरू प्रति पनि चनाखो दृष्टि राख्नै परेको छ। यति हुँदा हुँदै पनि राष्ट्रियताको उद्रेक तथा कुल पूर्वज हरूमा देखाइने भक्तिवाद र स्वाभिमानका सन्दर्भमा यहाँ पनि कतै त्यस्तो पर्न गएको भए विनम्रतापूर्वक जानकारी पाउने आशा भने यस लेखकले गरे कै छ।

लेखक लगभग पाँच वर्ष देखि काशी हिन्दु विश्वविद्यालयको नेपाल चेयरमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतिथि प्राध्यापकको रूपमा कार्यरत छ। यस पुस्तक-वंशले यसै अवसरमा जन्मिने र न्वारन हुने संजोक पायो। विदेशमा जन्मने हुर्कने जोग परेकोले यसले चाहिंदो तेल-पानी पाउन भने सकेको छैन, आफ्नो गच्छे अनुसार सक्तो प्रयास गर्दा पनि। जे जस्तो भयो-बन्यो, सबैका सामू उभिएको छ। यसलाई दया-माया गर्ने काम अब यसका वंशजहरूको, छर छिमेकका दाजु-भाईको र यसका समाजको। माया गर्दा गर्दै पुल्-पुल्याएर नाश हुने चाहीं न होस्। यथोचित ताडना द्वारा यसले पनि राम्रो भविष्य देख्न-टेक्न सकोस्। आशा यही गरिएको छ।

आजको चढदो महगीले भने अहिले नै आकास नाघि सक्यो। यस महर्घता युगमा राता-रात लखपति हुने योजना छोडी पुस्तक वंश बढाउने यस लाटो लेखकलाई कसैले बुद्धिमान भन्ने छैन। कहिले काही त आफैंलाई पनि यस्तै लाग्दछ। जे हुनु भै गयो। अब त खाली सहयोग र स्नेहको टोपी-थापे याचना छ।

यस सानो पुस्तक वंशले जति सुकै घोके पनि सबै नाऊँ कण्ठस्थ पार्न सकेन। कति त मुखाखर गराएको पनि विर्स्यो। त्यसै हुनाले यसले सक्तो गाली पाउने ठाउ छ। कुलवृत्तको लगतमा भने यसले दिवङ्गत पूर्वजहरूलाई मात्र सगालेको छ। जिउँदा व्यक्तिको पनि इतिहास बकी दिएर तिनीहरूलाई भूत पार्ने अपराधबाट पनि यो जोगिनै खोजेको छ।

संस्कृत तथा नेपाली भाषामा अर्ज्याल वंशावली लेखि दिएर पछिकालाई ठूलो गुन लाउने प्रातः स्मरणीय पूर्वजहरू प्रति समादर प्रकट गर्दै पंडित ठाकुर प्रसाद अर्ज्याल, पंण्डित खेमराज अर्ज्याल तथा ध्रुव प्रसाद अर्ज्याल जस्ता मार्ग दर्शकहरू प्रति कृतज्ञता ज्ञापन गर्दै पाण्डुलिपि उतार गर्ने र ईक्ष्य शोधन गर्ने कामका सहयोगी चिरञ्जीव भाई हरिराज, आयुष्मती छोरी अलका र स्नेही बाबुराम शर्मालाई पनि साधुवाद दिन बिर्सन भएको छैन। झन्-झन् बढ्दै जाने गन्थन-मन्थनको यस व्यक्तिगत थन-थनलाई अब यहीं बिसाउने अनुमति चाहन्छु। "वंशोक्ता ऋषयस्तृप्यन्ताम्।"

यो प्रयास अन्तिम होइन, पहिलो हो। यसमा उल्लिखित कुराहरू पूर्णतया अकाट्य छैनन्, यथेष्ट र विश्वस्त प्रमाणका आधारमा सुधारापेक्षी छन्। यहाँ श्रद्धा मात्र छ, अहम्मन्यता छैन। यहाँ सहजीवन छ, एक्लै बाच्ने क्रूरता छैन, असहिष्णुता छैन—

संगच्छध्वम्, सवदध्वम्, सं वो मनांसि जानताम्।
देवा भागं यथा पूर्वे सञ्जानाना उपासते।"

११—मल्टी फ्लैट गेस्ट हाउस
काशी हिन्दू विश्वविद्यालय, वाराणसी २२१००५

विष्णुराज आत्रेय
शिवरात्रि २०४१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्तति सूक्ति

१—"देवकार्यादपिसदा पितृकार्यं विशिष्यते ।"

[देवकार्य भन्दा पनि पितृकार्य ठूलो हुन्छ।]

२--'पुन्नाम्नो नरकादस्मात् त्रायते पितरं स्वकम् ।
पुत्रेपति नाम सार्थं स्यात्'.........   ॥"

['पु" नामक नरकबाट आफ्ना पितृहरूको उद्धार गर्ने हुनाले नै 'पुत्र' नाउ भएको हो ।]

३—"कोर्थः पुत्रेण जातेन यो न विद्वान् न धार्मिकः ।
काणेन चक्षुषा किं वा चक्षुः पीड़ैव केवलम् ॥"

[जसरी कानो आँखाको कुनै काम छैन । यसले उल्टो पीडा दिन्छ । त्यस्तै मूर्ख र पापी छोराको कुनै काम छैन । यसले उल्टो आमा बाबुलाई आजीवन कष्ट दिन्छ ।]

४—"अन्यायोपार्जितं द्रव्यं दशवर्षाणि तिष्ठति ।
प्राप्तेचैकादशे वर्षे समूलं च विनश्यति ॥"

[अन्यायले कमाएको धन खुपै टिके दश वर्ष टिक्छ । एघारौं वर्ष देखि त्यो मूलै समेत नाश हुन थाल्दछ ।]

५—"यस्मिन् दिने पितुरभूत् तनयस्य जन्म
तस्मिन् दिने न जनितः सुतजः प्रमोदः ।
सर्वे यदा सुत ममु सुगुणं स्तुवन्ति
पुत्रप्रसूतिजसुखं हि पितुस्तदास्यात् ।"

[छोरो जन्मेको दिन बाबुलाई प्रसन्नता हुदैन । त्यसलाई समाजले असल भनेर भनेर प्रशंसा गरेको दिन मात्र पूर्ण प्रसन्नता हुन्छ ।]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पं० रश्मिराज अर्ज्याल संकलित एवं
लिखित अर्ज्याल वंश का

मूलपुरुष

१ उदय भट्टः
२ सूदय भट्टः
३ राय भट्टः
४ देवदत्त भट्टः
५ वत्सराज भट्टाचार्यः
६ श्रीदेव भट्टाचार्यः
७ श्रीनन्द भट्टाचार्यः
८ हरिराम भट्टाचार्यः
९ हरिदत्त भट्टाचार्यः
१० कृष्णराम भट्टाचार्यः
११ च्यवनराज भट्टः, वत्सराज भट्टः, कन्थाराज भट्टः, कृष्णराज भट्टः
१० नरसिंह भट्टाचार्यः
१३ च्यवनराज भट्टः (चावाराजा)
१४ कुशा राजा
१५ विष्णुदास राजा
१६ प्रभाकर अर्जय्यालयः
१७ श्रीपति अर्जय्यालय, सुमन्त, हांसु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री सम्वत् १८८४ साल शाके १७४९ कार्तिक सुदी ७ रोज ६ का दिन लेखिएको किताप मुताबिकको वंशावली अनुसार ध्रुव प्रसाद अर्ज्याल विराटनगर द्वारा छापिएको

अर्ज्याल वंशावली

१ उदय भट्ट
२ सुदु (सुदया) भट्ट
३ राई (तेराय) भट्ट
४ देवदत्त
५ वत्सराज
६ उपवत्सराज
७ श्रीवत्सराज
८ श्रीकृष्ण श्रीदेव
९ श्रीनाद श्रीनन्द
१० श्रीराम हरिराम
११ हरिदत्त
१२ कृष्णराम
१३ सुदु भट्ट, चावा भट्ट
१४ नरसिंह
१५ विष्णुदास
१६ पद्माकर (प्रभाकर)
१७ श्रीपति, सुमन्त (सूर्य), सरोज
१८ चितु, नारायणदास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१९ जयलाभपति, बलरसी, चूड़ामणि
२० योगीदास
२१ मुकुटमणि
२२ जनमेजय, सोम शर्मा
२२ जन्मेजय
२३ देवकीनन्दन, चक्रपाणि, रङ्गनाथ, जगन्नाथ
२४ लक्ष्मीराज, चेतोनाथ
२३ सोम शर्मा
२३ विष्णुभक्त, महेश्वर
२४ सदै, पुखु
२५ प्रजापति
२६ बलभद्र, भीमलाल, कुलानन्द, लोकनाथ
१८ नारायण दास
१९ ध्रुवदास [धौलू], सूर्यदास, विष्णुदास (कालू), जयाकर, सावनाकर
गदाधर

वाल्मीकि विद्यापीठ-पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री सम्वत् १८८४ साल कार्तिक शुदी ७ रोज ६ का दिन लेखिएको भनिने २०३७ सालमा ध्रुवप्रसाद अज्र्याल प्रकाशित वंशावली र पं० रश्मिराज द्वारा संकलित एवं लिखित दुई थरी वंशावली समेत तीनै ओटा वंशावलीका आधारमा विष्णुराज द्वारा समीक्षित अज्र्यालहरूको मूल वंशावली

मूल वंश वृक्ष

१ उदय भट्ट
२ सूदय भट्ट
३ राय भट्ट
४ देवदत्त भट्ट
५ वत्सराज, भट्टाचार्य वाजपेयी
६ उपवत्सराज भट्टाचार्य
७ श्रीवत्सराज भट्टाचार्य
८ श्रीकृष्ण, श्रीदेव भट्टाचार्य
९ श्री नाद, श्रीनन्द भट्टाचार्य
१० श्रीराम, हरिराम भट्टाचार्य
११ हरिदत्त भट्टाचार्य
१२ कृष्णराम भट्टाचार्य
१३ सुदुभट्ट, च्यवनराज भट्ट (प्र० चावाराजा), वत्सराज भट्ट (द्वि०) कन्याराज भट्ट, कृष्णराज भट्ट
१४ नरसिंह राज भट्ट
१५ च्यवनराज, (द्वि० चावाराजा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१६ कुशा राजा
१७ विष्णुदास राजा
१८ प्रभाकर अर्जय्यालय
१९ श्रीपति, सुमन्तु, हाँसू, सरोज ?
२० चिन्तु, नारायण दास (वि० सं० १५००)
२१ जग, वल, चूडामणि
२२ जोखु, योगिदास
२३ दुर्गादास, मुकुटमणि
२४ जनमेजय, बलिभद्र, शिवशर्मा, विश्वशर्मा, सोमशर्मा
२५ निधु, देवकीनन्दन
२६ चक्रपाणि, रत्नेश्वर
२७ रङ्गनाथ
२८ जगन्नाथ, देवीराम, शोभिराम, विष्णुदत्त
२९ रश्मिराज, पीताम्बर, चेतोनाथ, चिरञ्जीवी
३० देवराज, वामदेव, गिरिराज
३१ विष्णुराज, सोमनाथ, हरिराज, कृष्णराज, प्रवीणराज
| | | |
३२ आलोक, अमित, प्रमोद-प्रशान्त, शेखर-सितेन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अमरभूमि (मर्भूङ्) को अर्ज्याल वंश

१. लाम्पाटे

२० : १ चिन्तु

२ जग, बल, चूडामणि

३ कृष्ण, जयपति

४ सेवा

५ हरिकेश

६ मित्रलाल

७ नित्यानन्द, हरि शर्मा

८ चिन्तामणि, पुख्रुं

९ डिलाराम, नन्दाराम

१० नामदेव, खगु, धर्मानन्द, टीकाराम

११ परमानन्द

९ नन्दाराम

१० चतुर्भुज, लछु, हीरू

११ छविलाल, रविलाल, परीक्षित

१० लछु

११ मकुन्त, मुसे

१० हीरू

११ जुगलाल

१० खगु

२१ प्रतिमन, गोकुल, सुमन्त

१० धर्मानन्द

११ प्रतिमन, रविलाल

१० टीकाराम

११ मित्रलाल, भक्तु हेमलाल

१२ तोयराज, एकराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. लाम्पाटे र स्वाहारे लाहुरे

२०:८-१ पुर्खु

२ लीलाधर, शुकदेव, नरेश्वर, नीलकण्ठ, जयनारायण

३ डिमें, लालु, दण्डु

४ झगु

२ शुकदेव

३ जुठु, ठगु, ऋषिराम

२ नरेश्वर

३ खिनु

२ जयनारायण

३ फसुं

२ नीलकण्ठ

३ मुक्तिराम

४ हिमलाल, कविराज

६ मित्रलाल

७ हरिशर्मा

८ दशरथ

९ नामदेव, छितराम

१० कविराम

९ छितराम

१० हरिलाल, लटु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. स्वाहारे चितेपाने

२० : ३-१ जयपति

२ श्यामु

३ सुन्दर

४ नामदेव

५ बुधै

६ दिनलाल, धर्मानन्द

७ खगु, पिर्थु खत्री, चिवुखत्री (कर्णवहादुर), मानध्वज खत्री

८ गङ्गु, नारायण दत्त, रामलाल

६ धर्मानन्द

७ जयनारायण, देवीराम

८ स्यानेश्वर, तुलसीराम

७ मानध्वज खत्री

८ नरबहादर

७ देवीराम

८ खिमानन्द

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. जलुकेनी फुसाधारे ओख्रे ठांटीमुनिका

२० : १ वल

२ विन्दास

२ रामदास

३ सेवा

४ कृष्ण, शिवशर्मा, बुधै

५ दधिराम

६ हरि

७ रुद्र

८ हिमालाल जैसी, महेश्वर उपाध्याय, भगरु उपाध्याय

४ शिवशर्मा	४ बुधै
५ औट, नित्यानन्द, पतरु	५ सदै
६ कांतु. रेवापति	६ खलै
७ परीक्षित	७ जयनारायण
८ दत्तु	८ पुनेखत्री

५ नित्यानन्द

६ हरिभक्त, रामापति, पेमनारायण [प्यूठान खैरा मध्ये विग्रा गाउँमा बसाई सरेका]

७ पदम्, परमानन्द, अनन्त

८ उमानन्द, लछिमन

६ रेवापति

७ मङ्गल जैसी, शङ्कर जैसी

७ परमानन्द

८ सेतु, गोकुल

८ अनन्त

९ प्रतिमन, लालु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. रानीपोले दोवाटे

२० : ५-१ नित्यानन्द

२ हरिभक्त, रामापति, पेमनारायण
३ दामोदर, प्रजापति, बलभद्र, पूर्णभद्र
४ गोविन्द, हिमलाल लालु, थानु

३ प्रजापति
४ ठगु, तोपनारायण
५ देवीराम, भीमलाल
२९ तुलसीराम, कालु
३० प्रेमलाल

३ बलभद्र
४ शिवलाल

३ पूर्णभद्र
४ गोपीराज
५ डिल्लीराम

४ हिमलाल
५ खिमानन्द देवीराम:

१ पतरू
२ चितामणि
३ केशर, परीक्षित, मणिभद्र
४ तुलसीराम पराशर

३ परीक्षित
४ भागीरथ, भक्त

७ मणिभद्र
८ सखरु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६. मूलाबारे

२१ : १ चूडामणि
२ जोखू, योगिदास
३ नन्दाराम, वासुदेव, कालु
४ वलै
५ भकुन्त, सेते, सेतु
६ धनपति, हरे
७ नरेश्वर
८ रुके

६ हरे
७ दसै जैसी
८ थैवे, धर्मे, दधि
९ फमु

५ सेतु
६ वालै, वुधै, जोखन
७ काशिराम, रत्नै रविलाल, छिमे
८ पशुपति
९ रमने
१० मित्रलाल

६ वुधै
७ श्रीकण्ठ, मणिकण्ठ
८ खगु
९ छविलाल, गोविन्द, गुण्डु

६ जोखन
७ जयनारायण, सेवाकर, पुनाराम
८ घनिसर
९ चिन्तु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७ सेवाकर
८ दधिराम
९ भगीरथ टीकाराम अनन्त
१० छवे

७ पुनाराम
८ डिलाराम, दधिराम, अनन्त, नामदेव
७ रतन
८ गङ्गु, हरिनन्द
९ आत्माराम
१० सेतु, कुलानन्द
८ दधि
९ कैलु कालु ......, डिलु

९ टीकाराम
१० शशु मतु
८ धर्मे
९ बलु, सेतु
७ रविलाल
८ गजु, परीक्षित
९ परीक्षित
१० हरिलाल टुमे, विदु
७ मणिकण्ठ
८ उमानन्द
९ नन्दे, हरिलाल
१० थानु, खिमु
९ हरिलाल
१० तिलु, नरेश्वर, पियु, अते
११ शोभे, जुठ
११ सेतु
१० नरेश्वर
११ चेतु. खुमानन्द

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. पोखरे, काफलपाटे

२१ : १ चूडामणि

२ जोखु

३ नारायण

४ नन्दाराम, वासुदेव, कालु

५ देवु

६ पतरु

७ महान्

८ तारु उपाध्याय

९ शोभा खत्री, लक्ष्मीनारायण जैसी, हर्कु जैसी

४ कालु

५ शिवदत्त, झेपे

६ धरम, जयकृष्ण

७ जगपति

८ कुलै, रङ्गु, दामोदर

९ रविलाल, वालु, निमु

६ जयकृष्ण

७ हरिचरण

८ बुद्धिधर

९ चिन्तु, अङ्गद, उमानन्द

१० भुनु

८ रङ्गु

९ उमानन्द, कालुखत्री, टीकेखत्री, गजे

८ दामोदर

९ हिमलाल, नन्दलाल, पशुपति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ट. अख्वाङे राङ्दीका

२१ : ४-१ भेपै

२ मणिभद्र, शशिधर, लछु, शर्मे, कामदेव

३ हरिलाल, माधव

४ लक्ष्मीनारायण (पौंदी अरेया गएका)

३ माधव

४ गोपीराज, रश्मिराज

२ लछु

३ डिलै

४ दुल्लप

२ लछु

३ शिवनारायण

४ दिननाथ, माधव, पद्मपाणि

५ डिल्लीराम, स्थानेश्वर

२ शर्मे

३ दिनमणि, खगु

२ कामदेव

३ शङ्कर

३ शिवनारायण

४ पद्मपाणि

५ धनेश्वर, दामोदर, दुर्गादत्त, लीलाधर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६. आर्किसे कोलेहाडे अर्घाली

२२ : १ योगिदास	२२ : १ योगिदास
२ दुर्गादास	२ मुकुट मणिः
३ हरिचरण	३ जनमेजय
४ ..., देवमणिः	४ निधु, देवकीनन्दन
५	५ पदम् लछिमन
६ गभुं	६ लोमहर्ष
७ डीलाराम	७ मणिराम
८ चन्द्रमणि	८ देवानन्द मोतिराम हुतकांत
९ छवे, हरिलाल	९ इन्द्रु टीकाराम
१० कालु	१० खिमानन्द, श्यामलाल, खेमराज, खिमलाल

३ हरिचरण	५ लछिमन
४ देवमणि	६ मने खत्री
५ लछिमन	७ नीलकण्ठ, चामु, प्रभा
६ हिरामणि	७ मणिराम
७ चूडामणि, बृहस्पति	[अर्घा पकले पूर्व पट्टि सानो
८ टीके	धरम पानी गै वसेका]

६ हीरामणि	८ हुतकान्त
७ बृहस्पति	९ यमलाल, मोतीलाल, निमानन्द यमदग्नि, हीरामणि
८ पिथुं, शशिधर	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०. विद्वद् वंश

१९ : १ श्रीपति अर्जव्यालयः

२ चिन्तु

३ चूडामणिः

४ योगिदासः

५ मुकुटमणिः

६ जनमेजयः, वलिभद्रः, शिव शर्मा, विश्वशर्मा, सोमशर्मा

७ निघु, देवकीनन्दन-सुभद्रा देवी

८ चक्रपाणि-नर्मदा देवी, रत्नेश्वर

९ रङ्गनाथ-नयना देवी

१० जगन्नाथ-दमयन्ती देवी, देवीराम, शोभिराम, विष्णुदत्त

११ रश्मिराज-केश कुमारी, पीताम्बर, चेतोनाथ, चिरंजीवी

१२ देवराज वामदेव गिरिराज

१३ विष्णुराज, सोमनाथ, हरिराज, कृष्णराज, प्रवीणराज

१४ आलोक

८ रत्नेश्वर

९ कुञ्जरः

१० देवीराम

११ भूमिदत्त, मधुसूदन, दुर्गाप्रसाद

१२ धातानन्द, खेमराज

११ चेतोनाथ

वासुदेव, नदन

११ चिरञ्जीवी

१२ लोकनाथ, गङ्गाधर, दुर्गाप्रसाद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१२ गिरिराज

१३ चन्द्रमणि, विजय

१४ ....

११ दुर्गा प्रसाद

१२ कृष्णप्रसाद, वेदराज, प्रेमनाथ

१० शोभिराम

११ महेश्वर, खगेश्वर, थुमे

११ खगेश्वर

१२ वेदराज, गङ्गादत्त, टङ्कनाथ

१० विष्णुदत्त

११ हरिप्रसाद, गोपीराज

१२ ईश्वरी प्रसाद, ठाकुरप्रसाद, टेकराज, डिल्लीराज, देवीप्रसाद

११ गोपीराज

१२ यज्ञप्रसाद, पुण्यप्रसाद, केशवराज

१३ रघुनाथ, गोपाल, माधव, राजेन्द्र

१२ पुण्यप्रसाद

१३ उपेन्द्र

१२ केशवराज

१३ सुदीप

टिप्पणी :—(क) पं० रश्मिराज, तौलिहवा आई बसेका

(ख) पं० चेतोनाथ दाङ गई बसेका

(ग) पं० गोपीराज तौलिहवा आई बसेका

(घ) पं० ईश्वरीप्रसाद, पं० ठाकुरप्रसाद सु० टेकराज, रुपन्देही खैरिया गाउँमा आईबसेका

(ङ) प्रा० केशवराज अर्ज्याल, काठमाडौं हाडिगाउमा बसेका

(च) वेदराज पदमपुर रुपन्देहीमा बसेका

(छ) पं० खेमराज कपिलवस्तु कोपुवा गाउँमा गई बसेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११. हुलालो पण्डित वंश (चितेपाने)

१९:५-१ मुकुटमणि

२ जनमेजय, बलिभद्र, शिवशर्मा, विश्व शर्मा, सोम शर्मा

३ देवकीनन्दन

४ रत्नेश्वर

५ कुञ्जर

६ लक्ष्मीनारायण

७ डिल्लीराम, देवीप्रसाद, लोकनाथ, दामोदर, डिल्लीराज

८ खिमानन्द

९ योगराज, चेतनाथ, रामप्रसाद,

७ देवीप्रसाद

८ बद्री, ताराप्रसाद

७ लोकनाथ

८ पुण्यप्रसाद, खिमानन्द, भोजराज, मणिराम

७ दामोदर

८ टेकराज, हेमनाथ, लीलाधर, बुद्धिनाथ

७ डिल्लीराज

८ दण्डपाणि, नेत्रलाल, युवराज

८ युवराज

९ यादव, हरि, इन्द्र

२ शिवशर्मा

३ सिरैं

४ राघु

५ कामदेव

६ शशिधर

७ खगु

८ डिल्लीराम

टिप्पणी :—(क) ८ पुण्यप्रसाद र सन्तति पाल्पा दोभानमा

(ख) ८ हेमनाथ र सन्तति वर्दिया दामोदरपुरमा

(ग) ८ युवराज र सन्तति [illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१२. कुँड़ापाने अठभैया (ठूला घरे)

१ मुकुटमणि
२ सोम शर्मा
३ विष्णुभक्त, महेश्वर
४ काशीराम
५ लीलाधर, हरिहर, हरिशङ्कर, खगु, बृहस्पति, दारम, तुलारम, प्रतिमन
६ चावा जैसी, खिने जैसी

३ महेश्वर
४ पुर्खु, सदै
५ गोविन्द, लछिमन, तिलक राम, मङ्गल
६ लालु धनेश्वर, पद्मलाल, भीम प्रसाद
७ उमानन्द, चिन्तामणि, शिवप्रसाद

५ तिलकराम
६ विष्णु
७ दधिराम

४ सदै
५ प्रजापति
६ वलभद्र, भीमलाल, कुलानन्द, लोकनाथ शिवप्रसाद, छविलाल, तुल्सीराम
७ हिमलाल, गोपीराम, तारु

५ हरिहर
६ सेतु
७ जयलाल, लोक्कु
८ पुखु

५ खगु
६ छविलाल, तिलकराम
७ बलराम

६ तिलकराम
७ डिलाराम महेश्वर (५ भाई)

६ कुलानन्द
७ डिल्लीराम, शशिधर

६ शिवप्रसाद
७ पुनाराम, रोमाकर, टेकनाथ, कुञ्जर, (द्वि०) मुक्तिनाथ, मित्रलाल

५ हरिशङ्कर
६ तिलकराम तुलसीराम
७ जयलाल, गजेन्द्र

६ तुलसीराम
७ दधिराम जैसी

५ लछिमन
६ भीमलाल

५ बृहस्पति
६ डिल्लाराम, पिथुं,

६ पद्मलाल
७ रामप्रसाद, नित्यानन्द, गोकुल प्रसाद

६ लोकनाथ
७ काशीराम

टिप्पणी—रामप्रसाद तौलिहवा बसाई सरेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३. बगाले अज्यालि गोर्खा शाखा

१ नारायणदास

२ धवल (उद्धवदास) सुरूप (सूर्यदास) विष्णुदास (कालु) जयाकर, श्रवणाकर (सावनाकैर) गदाधर (गंगाधर)

३ कल्याण, जयभद्र, गोपाल, विश्वनाथ

४ विश्वेश्वर, चक्रपाणि

५ नारायण

६ हरिकृष्ण, दक्षप्रजापति, लक्ष्मीनारायण, दामोदर जमदग्नि

७ विद्याधर

८ सिद्धेश्वर

३ जयभद्र

४ वाचस्पति, दामोदर, तिलक, परशुराम

५ प्रभु

६ वासुदेव, श्यामदेव, हरिनारायण,

७ नारायण, बृहस्पति, हरिकेशव, गिरिधर, बलिराज, रामकृष्ण

८ नन्दराम, ब्रह्मा, रामभद्र, टीकाराम

९ कालेखत्री — ९ घनश्याम

१० धरणीधर

४ परशुराम

५ ऋषीश्वर, धरणी, इन्द्रमणि

६ श्रीकृष्ण

७ सर्वानन्द, बालानन्द

८ दशरथ, रामानन्द, हिमानन्द

९ शिरोमणि, माधव, छविलाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५ धरणी
६ गोविन्द
७ रामकृष्ण, गंगाधर
८ शिरोमणि, श्री विलास, श्रीनिवास
९ धर्मनाथ
१० धरणीधर, हीरा, राम, तीर्थ, कुल, कृष्ण
८ श्री निवास
९ शिवदत्त
१० इन्द्रदत्त
११ लक्ष्मीनाथ, नौमिनाथ, केशवनाथ
१२ तारानाथ, धर्मनाथ
११ नौमिनाथ
१२ बुद्धिनाथ, डमरूनाथ, गुणनाथ
५ इन्द्रमणि
६ वीरेश्वर, बलभद्र, हरिहर
७ विश्वेश्वर, बैजनाथ विद्याधर
८ उदयानन्द
९ छविलाल
१० मनोरञ्जन, देवरञ्जन
११ जगन्नाथ, कमला प्र०, कृष्ण, गोबिन्द, हरि, नारायण
१२ धरणीधर, बद्रीनाथ, चिरंजीवी, विश्वनाथ
| |
१३ शम्भु अम्बिका जनार्दन-कृष्ण
|
१४ श्रीराम, जयराम, सुघोर, सुशील
६ बलभद्र
७ लक्ष्मीधर, रमापति, जगपति, अनन्त-रत्नमणि
८ महेश्वर
९ जयमङ्गल

६ हरिहर
७ जसोधर, नर्मदेश्वर, केशव, कुलानन्द
८ चन्द्रेश्वर
७ नर्मदेश्वर
८ रमाकान्त, रतिराम
७ केशव
८ नारायण, तारानिधि, विष्णु, रामु
|
९ चक्रधर खड्ग विलास
| |
१० लक्ष्मीप्रसाद दुर्गाविलास
|
गुरुप्रसाद
११ गौरीप्रसाद-शिवप्रसाद,
| |
१२ गणेश, भैरवप्रसाद-बटुकप्रसाद
७ कुलानन्द
८ हरि, विष्णु
९ गोपाल, गोविन्द, शेषरमण, कुञ्ज-विहारी |
१० राधारमण, — देवीरमण
११ वेदरमण, चन्द्ररमण, गोपीरमण
८ विष्णु
९ सूर्यनाथ, गिरिधर, वासुदेव, खेटधर,-रामनाथ
१० हरि शर्मा
९ गिरिधर
१० मीनेश्वर, यश, गोपालेश्वर, गोकुलेश्वर
११ टंकेश्वर, वृषेश्वर
९ रामनाथ,
१० बोपदेव, गोपाल प्रसाद,
|
११ केशव, माधव महेन्द्र, राजेन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४ तिलक

५ लक्ष्मीधर, सत्यधर, शार्ङ्गधर, गिरिधर

५ शार्ङ्गधर

६ गणपति

७ जयनारायण, हरिनारायण, प्रेमनारायण,

८ खिमानन्द

७ प्रेमनारायण

८ कान्तुजोशी, वल्लभ

५ गिरिधर

६ कीर्तिरमण, भवानी शंकर, वाणीविलास, काकुत्स्थ

७ मथुरानाथ, धरणीधर

६ भवानी शंकर,

७ श्री निवास

८ गोपाल, षडानन्द, सुदर्शन, लक्ष्मीदास

९ त्रिभुवन, लक्ष्मीनाथ

१० वेदनिधि, |

चक्रधर, पीताम्बर

८ सुदर्शन

९ मुरलीधर

१० द्विजराज

११ एकराज, ईश्वरराज, कृष्णराज

टिप्पणी—(क) उद्धवदास (धवल) का सन्तान बगाले अर्ज्याल हुन् ।

(ख) १० गोपाल प्रसाद बनारस बसेका

(ग) ध्रु० प्र० अनुसार, ३ तिलकका ५ माधव-विद्यापति दुई छोरा र विद्यापतिका छोरा सत्यधर साङ्गंधर गिरिधर उल्लेख छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१४. जयरत्नाकर नाटककार शक्ति वल्लभ अर्ज्याल शाखा

१ नारायण दास

२ उद्धव (धवल)

३ कल्याण, गोपाल, जयभद्र, विश्वनाथ

|

४ वाचस्पति, दामोदर, तिलक, परशुराम

|

५ जनार्दन, मनोहर

६ योगराम, प्रद्युम्न

७ देवनारायण

५ मनोहर

६ भग्नीश्वर, लक्ष्मीनारायण

|

७ शक्ति वल्लभ, राधा वल्लभ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१५. बिहारे अर्ज्याल गोर्खा शाखा

१ नारायण दास

२ विष्णु दास

३ वलभद्र, पुरुषोत्तम

४ शिवदत्त, रामदत्त, विश्वेश्वर, कमलापति, जनार्दन, दिनमणि

५ दामोदर, जगतमणि, सीताराम

६ शिवानन्द, रामदत्त, हरिदत्त, वालानन्द

७ गंगाधर, लक्ष्मीधर, श्रीधर

७ श्रीधर

८ त्रिलोकेश्वर, बैजनाथ

५ जगतमणि

६ वंशीधर, वल्भद्र, देवकीनन्दन

७ शशिधर, काशीराम, नीलकण्ठ, वालानन्द

८ सर्वानन्द

९ देवीदत्त, नानीवावु

७ नीलकण्ठ

८ रामेश्वर

९ तुलसीदास, श्रीदत्त

७ बालानन्द

८ विश्वनाथ, वैजनाथ, ढुण्ढिराज

९ ब्रह्मदत्त, जगतमणि, नारायण

१० एकनाथ, शोभाकर

११ वालकृष्ण

१२ पीताम्बर

५ सीताराम

६ इन्द्रबली, मोक्षेश्वर, चन्द्रेश्वर, विष्णु, विरञ्चि

७ वंशगोपाल, हिमानन्द, रघुनन्दन, चूडानन्द

६ मोक्षेश्वर

७ यज्ञेश्वर, विश्वेश्वर, ध्रुवेश्वर, महेश्वर, गौरीश्वर, लोकेश्वर, वीरेश्वर, सर्वेश्वर

४ विश्वेश्वर

५ पशुपति

६ वीरभद्र, पूर्णानन्द, नयनानन्द

७ वालानन्द, पुरुषोत्तम

८ कमलापति, कुसुमाकर

४ कमलापति

५ जमदग्नि, सदाशिव, पुण्यशील, रत्नेश्वर

६ रामचन्द्र, हरिहर, विश्वामित्र, भानुजोशी, रत्नाकर

५ सदाशिव

६ देवशर्मा, मधुसूदन

७ हरिचरण

५ पुण्यशील

६ पीताम्बर, प्रद्युम्न

७ यज्ञेश्वर

८ अच्युतानन्द, काशीनाथ, वाणीविलास,

९ जगन्नाथ, रामनाथ

७ विश्वेश्वर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८ कृष्णेश्वर, हरिहर, राधाकृष्ण, दशरथ
९ पद्मनाथ, नन्दलाल
|
१० नारायण
|
११ वाणीविलास, मुक्तिनाथ
८ दशरथ
९ श्री हर्ष
१० मोक्षेश्वर, भीमेश्वर, योगेश्वर, टंकनाथ
११ चिरञ्जीवी, शोभाकान्त, पद्मकान्त, खगप्रसाद
१२ गोपाल
१३ रामजी
११ पद्मकान्त
१२ डिल्लेश्वर, भुवनेश्वर
१३ बोपदेव, रामेश्वर
१४ पुरुषोत्तम, धनेश्वर, मनेश्वर, जनेश्वर
१३ रामेश्वर
१४ ध्रुवप्रसाद, विश्वराज
७ ध्रुवेश्वर
८ शिवेश्वर, लक्ष्मीश्वर, भगीरथ, कुसुमाकर
७ महेश्वर
८ नारायण, भवानीशङ्कर, वासुदेव, देवीदास, कालिदास
९ रमानाथ, श्रीनाथ, रघुनाथ, तारानाथ

१० जयदेव
११ विद्यानाथ, बुद्धिनाथ
१२ बलप्रसाद, वेदनाथ, विष्णुप्रसाद, कमलराज
१३ त्रैलोक्यराज
१४ भानु, निरञ्जन, रमेश
७ लोकेश्वर
८ भुवनेश्वर, श्रीवल्लभ, लक्ष्मीरमण, भवानीदत्त, लक्ष्मीनारायण
९ वाणीदत्त, श्रीदत्त, ईश्वरीदत्त, नारायण
१० गणनाथ, धर्मदत्त, हेमलाल-यागदत्ता, विष्णुदत्त
७ वीरेश्वर
८ शिरोमणि, युद्धदत्त, प्रेमनारायण
९ कुलनाथ, कृष्णदत्त, माधव
१० रविनाथ
७ सर्वेश्वर
८ यदुनाथ, रङ्गनाथ
९ रामनाथ
१० ब्रह्मदत्त
११ उमानाथ, गुणनाथ, नरनाथ, लोकनाथ
८ रङ्गनाथ
९ गौरीनाथ, गोपीनाथ, जगन्नाथ, मुक्तिनाथ
१० प्राणनाथ, पोतनाथ

टिप्पणी—विष्णुदासका सन्तान बगाले अर्ज्याल हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१६. काठमाडौं डिल्लीबजारको केशरी अर्ज्याल शाखा

१ मोक्षेश्वर

२ परमानन्द

३ प्रभु

४ नारायण

५ धवल, विष्णु सुरुप, जयाकर, श्रवणाकर, गंगाधर

६ कल्याण, जयभद्र, गोपाल, विश्वनाथ

६ जयभद्र

७ वाचस्पति, दमोदर, तिलक, परशुराम

७ तिलक

८ लक्ष्मीधर, सत्यधर, शार्ङ्गधर, गिरिधर

८ सत्यधर

९ गोपीलाल, चक्रपाणि [शाके १६५०], रामकृष्ण

९ चक्रपाणि

१० वैयाकरण केशरी, न्याय केशरी, दैवज्ञ केशरी [शाके १६५०]

१० दैवज्ञ केशरी

११ रजनीरमण केशरी, कविकुल केशरी, विद्यारण्य केशरी, द्विजराज केशरी, कुलचक्र केशरी, वाग्विलास केशरी

११ कविकुल केशरी

१२ वाग्विजय केशरी, वृन्दावन केशरी, दिग्विजय केशरी, कुलचन्द्र केशरी, कुलविनोद केशरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११ विद्यारण्य केशरी

१२ राजमोहन केशरी, गिरिराज केशरी

१३ गजराज केशरी

११ वाग्विलास केशरी

१२ विश्वविजय केशरी, विद्वद्वृन्द केशरी

१३ बाबुराम केशरी, उमाकान्त केशरी, पीताम्बर केशरी

११ कुलचन्द्र केशरी

१२ वीरेन्द्र केशरी, विज्ञान केशरी

१३ उपेन्द्र केशरी, नरेन्द्र केशरी

१२ विज्ञान केशरी

१३ धीरेन्द्र केशरी

१२ गिरिराज केशरी

१३ पद्मनाभ केशरी

१४ वामन केशरी, नारायण केशरी

१४ माधव केशरी, त्रिविक्रम केशरी

टिप्पणी :—यो विवरण रश्मिराज लिखित खेस्राका आधारमा दिइएको हो । यो खेस्रा छाप्दा छाप्दै फेलापरेकोले यथावत् दिइएको छ । यस अनुसार नारायण दास माथि मोक्षेश्वर, परमानन्द र प्रभु समेत चार पुस्ताको उल्लेख छ, जो विराट नगरबाट प्रकाशित वंशावली अनुसार मिल्दैन । नारायण दासको मूल थलो गोर्खा होइन । ध्रु० प्र० प्रकाशन वंशावलीको टिप्पणी संख्या आठले पनि व्यक्त हुन्छ। इस्मा तथा अर्जेयीमा पनि नारायणदास माथिको उपर्युल्लिखित चार पुस्ताको उल्लेख पाइदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१७. स्याङ्जाली अर्ज्याल शाखा

अर्जयी वाट सर्वप्रथम आएका—

१ वम पाध्या
२ प्रजापति
३ जोगु
४ सदाशिव
५ हरिलाल
६ होमनाथ
७ यदुनाथ
८ हरिप्रसाद
९ गजराज अर्ज्याल

टिप्पणी—यस शाखा को स्रोत हरि प्रसाद अर्याल, गा० पं० सातु पसल वार्ड नम्बर २ हीरपाटा (वालघरे) हुन्। गोरखपुरमा सं० २०२४० जेष्ठ शुक्ल पूर्णिमाका दिन भेट हुँदा टिपाएको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२

अजर्याल वंशको कुलवृत्त

"बुढा मरै भाषा सरै भनि भन्छन् । तिमीहरू सबै छेउँ सुनाइ गयाको भया तम्रा सन्तानलाई सुनाउला र तम्रा सन्तानले हाम्रा सन्तानलाई सुनाउनं र यो राजे थामी पानन् ।"

[श्री ५ पृथ्वीनारायण शाह]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोत्रनाम

गवते=शब्दपति पूर्व पुरुषानिति गोत्रम् । [गु+त्र । उणादि सूत्र ४।१६६] पूर्व पुरुषहरूको उद्‌घोष गर्ने हुनाले यसको नाउ गोत्र भयो । कसैले गोत्रको अर्थ गोष्ठ वा गोठ पनि हो भनेका छन् । पहिले सामूहिक गोठको प्रचलन थियो । आज पनि पहाड़ वाट भधेस झर्ने गाई हरूलाई सामूहिक गोठमा राख्ने चलन छ । यसरी कुटुम्ब-को सामूहिक गोष्ठलाई गोत्र भन्न थालियो । पछि यसको सम्बन्ध वंश परम्परा संग भयो ।

वंश परम्पराको प्रारम्भ जुन मूल व्यक्तिवाट हुन्छ त्यो वंश त्यसै मूल व्यक्तिको नाउबाट व्यवहृत हुन्छ । मूलतः त्यस्तो व्यक्ति मन्त्र द्रष्टा तथा ब्राह्मण ऋषि हुनुपर्दछ । मनुले यस्ता गोत्रकार मूल ऋषिहरू एक ठाउँ १८ र अर्को ठाउँ २४ छन् भनेका छन् ।[1] धर्म प्रदीपकार धनञ्जय अनुसार यस्ता गोत्रकार ऋषिहरू ४० चालीस छन् ।[2]

१—(क) जमदग्निर्भरद्वाजो विश्वामित्राऽत्रि गौतमाः ।
वाशिष्ठ काश्यपागस्त्या मुनयो गोत्रकारिणः ।
एतेषां यान्यपत्यानि तानि गोत्राणि मन्यते ॥ मनुस्मृति

(ख) शण्डिल्यः काश्यपश्चैव वात्स्यः सार्वणिकस्तथा
भरद्वाजो गौतमश्च सौकालीनस्तथापरः
कल्किः पश्चाग्निवेश्यश्च कृष्णात्रेय-वशिष्ठकौ
विश्वामित्रः कुशिश्चैव कौशिकश्च तथापरः
घृतकौशिक मौद्‌गल्यौ, आलम्यानः पराशरः
सौपायनस्तथाऽत्रिश्च वासुकी रोहितस्तथा
वैयाघ्रपद्यकश्चैव जामदग्न्यस्तथापरः
चतुर्विंशतिर्वै गोत्राः, कथिताः पूर्वपण्डितैः ॥ मनुस्मृति

२—सौकालीनक मौद्‌गल्यौ पाराशर-वृहस्पती
काञ्चनो विष्णु-कौशिक्यैः कात्यायनात्रेयकाग्वकाः
कृष्णात्रेयः साङ्कृतिश्च कौडिन्यो गर्गसंज्ञकः
आङ्गिरस इति ख्यातः अनावृकाख्य संज्ञितः
अन्य जैमिनि वृद्धाख्याः शण्डिल्यो वात्स्य एव च

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अग्निपुराण अनुसार क्षत्रिय वैश्य र शूद्रहरूको पनि तिनका पुरोहित वा गुरुको गोत्र अनुसार नै गोत्र हुन्छ।[3] गोत्र प्रवरमञ्जरीमा उल्लेख भए अनुसार जसको वंश परम्परा विच्छिन्न छ। जसको कुनै गोत्र निर्णीत छैन त्यस्ताको गोत्र काश्यप हुन्छ भनिएको छ। कश्यप ऋषि सबैका पूर्वज हुनाले यो नियम बाँधिएको हो।

आचार्य पाणिनिका अनुसार वंश विद्या र जन्म दुई परम्परावाट हुन्छ, भनिएको छ।[४] माथि अग्निपुराणको उद्धरण अनुसार पौरोहित्य परम्पराबाट पनि गोत्र चल्ने हुनाले यसबाट पनि गोत्र प्रवर्तन हुने कुरालाई नकार्न मिल्दैन। त्यसैले परम्परागत पुरोहित र आचार्य प्राय फेर्नु हुदैन भन्ने नियम छ।

अज्यल्लिहरूको वंश परम्परा इनका मूल गोत्रकार ब्राह्मण ऋषि आत्रेय बाट प्रारम्भ भएको हुनाले इनको गोत्र आत्रेय हो।

नेपाली अज्यलि पौड्याल सिग्द्याल पानी पोख्यालका गोत्रकार मूल ऋषि आत्रेय हुन्। त्यसै हुनाले आत्रेय व्यक्तिनाम, त्यस व्यक्तिका पौत्रादि सन्ततिनाम, शिष्यनाम र यदा कदा यजमानगोत्र नाम पनि भएको पाइन्छ।

सावर्ण्यालभ्यान वैद्याघ्रपद्यो धृतकौशिकः
शनिमः काण्वायनश्चैव वासुकी गौतमस्तथा
शुनकः सौपायनश्चैव मुनयो गोत्रकारिणः
एतेषां यान्यपत्यानि तानि गोत्राणि मन्यते।
धर्मप्रदीप—धनञ्जय

३—क्षत्रिय-वैश्य-शूद्राणां गोत्रे च प्रवरादिकम्
तथान्यवर्णसंकराणां येषां विप्राश्च याजकाः।
अग्निपुराण—वर्ण संकरोपाख्यान

४—संख्यावंश्येन। पा० सू० २।१।१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्रेय

मूलतः आत्रेय व्यक्तिको नाउँ हो । यी अत्रि ऋषिका छोरा हुन् । अत्रि ऋषि स्वयं गोत्रकार ऋषि हुन् अत्रिवाट प्रजापतिकी छोरी अनसूयाका कोखमा आत्रेयको जन्म भएको हो । आत्रेयमा ब्रह्मा विष्णु र शिव तीनै देवको अंश छ ।

"राजाले कुनै पनि निर्णय लिदा पाँचजना पञ्चराखी तदनुसार निर्णय लिनुपर्दछ" भन्ने सिद्धान्त महर्षि अत्रिको थियो । यो उपदेश इनले राजालाई गरे । राजालाई यो कुरा मन परेन र उनले स्वयं अत्रिलाइ नै कारागारमा हाले । भारतीय चरित्रकोष अनुसार लोक सम्मत राज्यको सिद्धान्तका जन्मदाता इनै अत्रि ऋषि हुन् ।[५] सम्भवतः त्यसै बेलादेखि इनको नाम 'पाञ्चजन्य' रह्यो ।

अत्रिको नेत्रवाट चन्द्रमाको उत्पत्ति भएको पौराणिक कथा छ ।[६] अत्रिले आयुर्वेद शास्त्रको रचना गरेका थिए । अत्रि ऋषिको गणना कश्यपादि सप्तर्षि मध्ये पनि छ ।[७] इनवाट गोतामे आदि थरको नेपाली वंश परम्परा चलेको छ ।

अत्रिका छोरा आत्रेय हुन् । इनी मन्त्र द्रष्टा ऋषि हुन् । ऋग्वेदका कतिपय सूक्तका द्रष्टा आत्रेय भनिएका छन् । इनी आफना यौगिक क्रिया अनुसार हंसको रूप लिएर जगद् भ्रमण गर्दथे । आयुर्वेद नीति शिक्षा आदिका प्रणेताका रूपमा आत्रेयको नाम ग्रहण गरिन्छ । साध्यहरूलाई इनले नीति शास्त्रको उपदेश गरेका थिए । महाभारत कालिक जनमेजययज्ञमा पनि आत्रेयको उपस्थिति भएको उल्लेख छ ।

महर्षि आत्रेय मायावर ऋषिथिए । इनी पृथ्वी परिभ्रमण गरी रहन्थे तथा आफना उपदेश तथा चिकित्साद्वारा जन जनको उपकार गरिरहन्थे । इनको कुनै निश्चित आश्रम थिएन । आफना पिता अत्रि ऋषिले पूर्ण गर्न नसकेको आयुर्वेदतन्त्रको पूर्ति पनि इनै आत्रेयले गरेको भनिन्छ । यी यायावर ऋषि त्यस समयका ठूलठूला विद्वत्सभामा पुग्दथे र आफ्नो निर्णय दिई हिंडी हाल्थे । आफ्ना बाबु जस्तै इनी स्वयं पनि गोत्रकार ऋषि भए । नेपालका अर्ज्याल, पौड्याल सिग्द्याल, तथा पानी पोखर्‍याल आदि थर हुने हरूको गोत्रनाम इनै बाट चलेको छ ।

५—भारतीय चरित्रकोष—चिनाव

६—अथ नयन समुत्थे ज्योतिरत्रेरिवद्यौः —रघुवंश २ सर्ग

७—कश्यपोत्रिर्भरद्वाजो विश्वामित्रोऽथ गौतमः ।
जमदग्निर्वशिष्ठश्च अरुन्धत्याः सहाष्टकाः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रवरनाम

आत्रेय गोत्र भएका नेपाली थरहरू अर्ज्याल, पौड्याल, सिग्द्याल, पानीपोख्र्याल र थापा आदि हुन् भन्ने कुराको माथि उल्लेख भएकै छ। इनको साझा गोत्र आत्रेय भए जस्तै साझा प्रवर आत्रेय, अर्चनानस र स्यावाश्व हुन्।

प्रवर [प्र+वृ+अप्] शब्दको अर्थ गोत्र प्रवर्त्तक मुनि विशेष, यज्ञ गर्दा अग्निको आवाहनमा उल्लेख हुने पुरोहितका पूर्वजहरू, र गोत्र परम्पराका श्रेष्ठ व्यक्तित्व भएका ऋषिहरू, देखिन आउँछ। पहिले यज्ञ गर्दा अग्निको आवाहन गरिन्थ्यो। अग्न्यावाहन मा पुरोहितका पूर्वजहरूको नाम संकीर्तन हुन्थ्यो। यस नाम संकीर्तनको नाउँ 'प्रवर' थियो। पछि प्रवर शब्दले सामान्य वंश परम्पराका व्यक्तिलाई बुझायो। यहाँ प्रवर भन्नाले कुनै पनि वंश परम्पराका मूल ऋषि र त्यस पछिका श्रेष्ठ ऋषिव्यक्तित्वहरू, जो गोत्रकारका रूपमा प्रसिद्ध भएका छन्, प्रवर नामका रूपमा गृहीत हुन्छन्। यहाँ आत्रेय गोत्रका तीन प्रवरमध्ये अर्चनानस र स्यावाश्वको परिचय प्रस्तुत गरिन्छ।

अर्चनानस

अर्चनानस, आत्रेय वंश परम्पराका प्रमुख ऋषिहरू मध्ये एउटा हुन्। यी सूक्त द्रष्टा थिए। इनको नामोल्लेख गोत्रकारका रूपमा भएकोले इनलाई आत्रेय गोत्रका प्रवरका रूपमा स्वीकार गरिएको छ। ऋग्वेद (५ ६४.) अनुसार मित्र र वरुण देवतासंग अर्चनानसको रक्षार्थ प्रार्थना गरिएको प्रसङ्ग आएको छ। इनका छोराको नाउँ श्यावाश्व हो। अथर्ववेदमा दुवै बाबु छोराको नाउँ उल्लिखित छ।

श्यावाश्व

श्यावाश्व, स्यावाश्व, श्यावास्य, श्यामावत् र श्याव जस्ता नाउँले प्रसिद्ध आत्रेय परम्पराका ऋषि श्यावाश्वको गणना पनि प्रवर ऋषिका रूपमा भएको छ। ऋग्वेद अनुसार यसका पाँचौं आठौं र नवौं मण्डलका कतिपय सूक्त इनै श्यावाश्वका हुन्। इनका आश्रय दाताका रूपमा तरन्तर पुरुमीढ र रथवीतिको उल्लेख छ। बृहद्देवता अनुसार इनका सम्बन्धमा यस्तो कथा छ—[८]

श्यावाश्व रथवीति दाल्भ्यका लागि यज्ञ गर्दथे। श्यावाश्वका पिता अर्चनानस आफ्ना छोराको विवाह राजकुमारी संग गर्न चाहन्थे। राजाले यसमा स्वीकृति प्रदान

८—द्र० वैदिक कोश, सूर्यकान्त पृ० ५२६ भारतीय चरित्रकोष चित्राव, अर्चनानस शाबाश्व।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरे तर रानीलाई यो कुरा मन परेन । किनभने रानी आफ्नी छोरीको विवाह कुनै प्रसिद्ध ऋषिका साथ गर्न चाहन्थिन् । अब बाबु छोरा-अर्चनानस र श्यावाश्व निराश भएर फर्कंदै थिए । बाटामा इनको भेट इनका पहिलेका आश्रयदाता राजा तरन्तर र पुरुमीढ संग भेट भयो । इनलाई दुवैले निकै सम्मान गरे । तरन्तरकी पत्नी शशीयसीले श्यावाश्वलाई प्रचुर सम्पत्ति दिइन् । बाटामा जंगलमा मरुत्हरू संग पनि भेट भयो । मरुत् देवका अनुग्रहले श्यावाश्व ऋषि भए । राजाले पछि इनको विवाह आफ्नी छोरी संग गरिदिए । हिमाचल प्रदेशका पर्वत ऋङ्खलामा गोवंशले भरिपूर्ण क्षेत्रका निवासी रथवीति दाल्भ्य की छोरी संग यसरी श्यावाश्वको विवाह भयो । राजा तरन्तरले यस विवाहमा रथवीतिलाई श्यावाश्वको तर्फवाट निकै सम्झाएका थिए । आत्रेय गोत्रका तीन प्रवर मध्ये पछिल्ला दुईको सामान्य इतिवृत्त यही हो । आत्रेयको त पहिले नै गोत्रनाममा उल्लेख भएकै छ । श्यावाश्व साम विशेषको पनि नाउँ हो । श्यावाश्व वारे अन्य कथानक पनि पाइन्छन् ।[९] श्रावणी पूर्णिमाको ऋषितर्पणमा आत्रेय माण्टि गौतम लगायत यस शाखाका अन्य ऋषि पूर्वजहरूलाई स्मरण गरिन्छ ।[१०]

९—स्यावाश्यमार्चनानसं सत्रमासीनं धन्वोदवहन् स एतत् सामापश्यत्, तेन वृष्टिमसृजत, ततो वै स प्रत्यतिष्ठत्, ततो गातुमविन्दत, गातुविद् वा एतत् साम ।" ताण्ड्य ब्राह्मण ८।५।९

१०—"आत्रेयादात्रेयो माण्टेर्माण्टिर्गौतमाद् गौतयो गौतमाद् गौतमो, व्वात्स्याद वात्स्यः शाडिल्याच्छाडिल्यः कैशोर्यात् काप्यात् कैशोर्यः काप्यः कुमारहारीतात् कुमारहारीतो, गालवाद् गालवो व्विदर्भी कौण्डिन्याद् विदर्भी कौण्डिन्योव्वत्सन पातोबाभ्रवात् वत्सनपाद् वाभ्रवः पथः सौभरात् पन्था सौभरोऽयास्पादाङ्गिरसादयास्य अङ्गिरस आभूतेस्त्वाष्ट्रादाभूतिस्त्वाष्ट्रोव्विश्वरूपा त्त्वाष्ट्राद्विश्वरूपस्त्वाष्ट्रोऽश्विभ्यामश्विनौ दधीच आथर्वणाद्दध्यङ्ङाथर्वणो दैवादयर्व्वाद्दैवो मृत्योः प्राध्वंसनान् मृत्युः प्राध्वंसनात् प्राध्वंसनऽएकर्षेरेकर्षिर्विप्रजितेर्विप्रजितिर्व्यष्टेर्व्यष्टिः सनारोः सनारुः सनातनात्सनातनः सनगात् सनगः परमेष्ठिनः परमेष्ठी ब्रह्मणो ब्रह्म स्वयम्भुर्ब्रह्मणे नमः वंशोक्ताऽऋषयस्तृप्यन्ताम् ।" म० म०—नित्यानन्द पर्वतीय । आह्निक कर्म सूत्रावली । श्रावणी प्रयोग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अज्यालको वेद र शाखा

प्रत्येक ऋषि-वंशका आ-आफ्ना गोत्र, प्रवर, वेद तथा यसका शाखा हुन्छन्। तदनुसार आत्रेय गोत्रीय अर्ज्यालहरूका पनि आफ्नो वंश परम्परामा प्रचलित वेद र यसको शाखाविशेष छ।

मूलतः समष्टिरूपमा वेद एउटै हो। व्यवहारमा यसलाई चार भागमा विभक्त पारिएको छ—ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद। यजुर्वेद शुक्ल र कृष्ण गरी दुई भागमा विभक्त छ। प्रत्येक वेदका अनेकौं शाखाहरू छन्। जो हाल समस्त उपलब्ध छैनन्। जुन वंश परम्परामा जुन वेदको जुन शाखा प्रचलित छ, त्यस वंशका व्यक्तिले सामान्यतया अन्य वेदको ज्ञान गरे पनि मुख्यतया आफ्नै वंश परम्पराले स्वाध्याय गरिआएको वेद पढ्नुपर्ने र यसको नियमित आवृत्ति गरिरहनु पर्ने परिपाटी छ। किनभने त्यसै वेदका शाखामा नै त्यस वंशको भाषा संस्कृति र विद्या परम्पराका बीज हुन्छन्। यस दृष्टिले अर्ज्यालहरूको आनुवंशीय वेद शुक्ल-यजुर्वेद हो। त्यसमा पनि माध्यन्दिन शाखा हो। नेपाली भाषा, यसको मूल स्वरूप लौकिक संस्कृत तथा यसका व्याकरणिक नियम यी सबै शुक्ल यजुर्वेद कै माध्यन्दिन शाखाबाट अनुप्राणित छन्। पाणिनीय अष्टाध्यायीमा यसै माध्यन्दिन शाखाको प्रभाव छ भन्ने कुरा भारतीय तथा विदेशी भाषाविज्ञानका पण्डितले स्वीकार गरिसकेका छन्। भारतवर्षका पश्चिमोत्तर प्रविभागमा यसै माध्यन्दिन शाखाको भाषा-भौगोलिक प्रभाव छ।

शुकल यजुर्वेदको यो माध्यन्दिन शाखा आत्रेय गोत्रीयहरूको साझा वेद हो। नेपालमा सम्भवतः इतर शाखाध्यायीहरू छैनन्। पहिले काठमाडौंमा कठ शाखाध्यायी व्राह्मण भएको संकेत भने पाइएको छ। सम्भवतः तिनीहरूलाई 'काठक' भन्दा भन्दै 'काठा' भनिएको छ। माध्यन्दिन शाखीयहरूको प्रभुत्व क्षेत्रमा कठ शाखाध्यायीहरूको काठक नाउ 'काठा'को रूपमा हेय भएको जस्तो लाग्दछ। भाषा, संस्कृति, धर्म र यज्ञ यागादिमा सधैं उपयोगी हुनाले शुक्ल यजुर्वेदलाई नेपाली राष्ट्रिय वेद भन्नु अनुपयुक्त न होला।

उपर्युक्त विवरण अनुसार अर्ज्यालवंशीहरू आत्रेय गोत्रका, आत्रेय अर्चनानस श्यावाश्व तीन प्रवर भएका तथा शुक्ल यजुर्वेदको माध्यन्दिन शाखाको स्वाध्याय गर्ने हुन्छन्। त्यसै हुनाले अर्ज्याल वंशजहरू आफ्ना नित्य-नैमित्तिक क्रिया प्रारम्भ गर्दा सङ्कल्पमा यसो भन्ने गर्दछन्—"आत्रेयगोत्रोत्पन्नः, आत्रेयार्चनानस श्यावाश्वेति त्रिप्रवरः, शुक्लयजुर्वेदस्य माध्यन्दिन शाखाध्यायी, अमुक शर्मा इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्ज्यालका कुलदेवता

अर्ज्यालहरूका कुलदेवता वराह हुन्। इनका देवालीमा कुलदेवताका रूपमा वराहको पूजा हुन्छ। आत्रेय गोत्रका यी अर्ज्यालहरूका कुल देवताको पूजा परम्पराको सिंहावलोकन गर्दा हामी जोधपुरका भट्ट ब्राह्मण राजाको युगमा अडिन्छौं। त्यहाँका पुरातन प्रतीहार वंशी भट्ट राजाहरूले वराहको मन्दिर बनाउने तथा त्यहाँ पूजा चलाउने गर्दथे। यति मात्र होइन, यी राजाहरूका ढकहरूमा पनि एकातिर वराहको मूर्ति र अर्कोतिर **श्रीमदादिवराहदेव** भएको पाइको छ।[१] प्रतिहारवंशी कुनै राजाले आफ्नो नाउँ नै आदिवराह राखेको पनि इतिहासविद्ले आशङ्का व्यक्त गरेका छन्। वस्तुतः त्यस कालको सम्बद्ध ऐतिह्य केलाउँदा 'वराहदेव' नाउ न भै राजाको उपाधि भएको मान्दा तर्कसङ्गत देखिन आउँछ।

कर्णाटक प्रदेशका भट्ट ब्राह्मणहरू पनि वराहपूजक थिए। त्यहाँका पनि पन्ध्रौं शताब्दीका सुनका ढक तथा राजचिन्हहरूमा वराहको मूर्ति उत्कीर्ण भएका फेला पर्दछन्। नेपाली आत्रेय गोत्रजका मूल पुरुष उदय भट्ट पनि परम्परामा इनै वराहपूजक जोधपुरका प्रतीहार वंशी भट्ट ब्राह्मण नरेशका सन्तति हुन्। फलतः आजसम्म इनका सन्तान-दर सन्तान सम्म वराह पूजनको क्रम प्रचलित छदैं छ। लुम्बिनी अञ्चलका घिमिरेहरूको वंशावली केलाउँदा तिनका पनि कुलदेवता वराह (सेतो वराह) भएको तथ्य फेला पर्दछ। इस्मा, अर्जयी र घमिर तीनै स्थानको भौगोलिक सामीप्यले गर्दा यस्तो भएको हो कि घिमिरेका कुल देवता र अर्ज्यालका कुल देवता एउटै हुनुलाई लिएर छुट्टै खोजीको विषय मान्न सकिन्छ।[२] ज्ञातव्य छ—सबै भट्ट ब्राह्मणका कुल देवता वराह छैनन्।[३]

नेपाल वराह क्षेत्रका रूपमा पनि प्रसिद्ध छ। कुल देवताका रूपमा पूजा अर्चना गरिनु बाहेक तान्त्रिक उपासनामा पनि वराह देवताको प्रमुख भूमिका यहाँ भएको पाइन्छ। काठमाण्डौंका वाराही मन्दिरहरू यसका ज्वलन्त उदाहरण हुन्।

द्रष्टव्य—१. आहड शिलालेख। वि० सं० ११००।

कृत्वाम्याशं भवति विजयी भक्ति भावैकनिष्ठः। भट्टोजिदीक्षित—शिवोल्लास

२. कपिल वस्तुका डिल्लीराम र पूर्णप्रसाद घिमिरेको सम्पर्कबाट लेखकले घिमिरे वंशावली फेला पारेको छ। जसमा घिमिरेहरू पनि कान्यकुब्जबाट आएका र प्रथमतः कृष्णगण्डकी किनारको थोर्गा गाउँमा बसेका भन्ने उल्लेख छ।

३. तैलङ्गभट्टहरूका कुलदेवता कालहस्तीश्वर हुन्। नव्य व्याकरणका प्रवर्तक भट्ट ब्राह्मण परिवार यसै अन्तर्गत छन्। कालहस्तीश्वर मन्दिर मद्रासको चित्तूरमा पर्दछ।

"ग्रन्थे ह्यस्मिन् तत्र विलसिते कालहस्तीश नित्यम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वंश परम्परा

वंश शब्दको व्युत्पत्ति विद्वान्हरूले विभिन्न रूपमा गरेका छन्। जस अनुसार (क) जसमा जन्म लिइन्छ, (ख) आफ्नो सुख-समृद्धिका लागि ईश्वर संग जो प्रार्थना गरिन्छ, (ग) जसले आफ्ना पूर्वजको विवरण दिन्छ त्यो वंश हो।[1] वंशमा भएको लाई 'वंशज' वा 'वंश्य' भनिन्छ। पाणिनीय अष्टाध्यायीमा दुई ठाउमा वंश्य शब्द प्रयुक्त भएका छन्।[2] यसको काशिका व्याख्यामा जयादित्यले भनेका छन्—

१—विद्या अथवा जन्मद्वारा प्राणिहरूको एकै किसिमका सन्ततिलाई वंश भनिन्छ।

२—जुन परम्परामा हाम्रो जन्म हुन्छ त्यसको क्रमिक बिवरणलाई वंश भनिन्छ।

आर्य जातिको वंश परम्परा मूलतः ब्राह्मण ऋषिहरूबाट प्रारम्भ हुन्छ। इनै मूल ऋषिको नाउँलाई नै गोत्र नाउँका रूपमा स्वीकार गरिएको हुन्छ। जस्तै— अजम्रलि वंश परम्पराका मूल ऋषि आत्रेय हुन्। हाम्रो समाजमा वंश परम्परा सामान्यतया यति थरि प्रचलित छन्—

(१) जन्म परम्परा	(३) पौरोहित्य परम्परा
(२) विद्या परम्परा	(४) राज परम्परा

जन्म परम्परा वंश परम्पराको सर्वस्वीकृत विधा हो। वंश परम्पराबाट साधारणतया जन्म-परम्परा नै लिइन्छ। फलानाको छोरा, फलानाको नाती यसै गरी वंश क्रम चल्दछ। यसैको व्यावहारिक प्रचलन पनि छ। जन्म परम्परा पनि दुई थरि हुन्छन् (क) मातृमूलक जन्मपरम्परा (ख) पितृमूलक जन्मपरम्परा। आमा, आमा की

१—(क) उच्यते। वश=कान्तौ (अ०प०से०) भावे० [पा० ३।३।१९] घञ्। आच्छीनद्योर्नुम् (पा० सू० ७।१।८०) इत्यत्र 'नुम्' इति योग विभागान्नुम्।
(ख) वनु=याचने (भ्वा० उ० से०) किं वा वन=संभक्तौ (भ्वा० प० से) बाहुलकात् शः।
(ग) वमति, टुवम्=उद्गिरणे (भ्वा० प० से) वृ भृ वमिकुभ्यः शक्। (चान्द्र उणादि ३।५५ शक् प्रत्ययः)

२—(क) संख्या वंश्येन पा० सू० २।१।१९ काशिका
(ख) जीवति तु वंश्ये युवा। पा० सू० ४।१।१६३ काशिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आमा मातामही, मातामही अर्थात् हजुरआमा की आमा प्रमाता मही, प्रमाता मही अर्थात् जिजु हजुरआमा की पनि आमा वृद्ध प्रमाता मही, च्याब्ज्यू हजुरआमा इत्यादि।

यसरी पनि वंशावली चल्न सक्तछ। पितृहरूलाई पिण्ड-पानी दिदा मातृ मूलक परम्पराका पितृहरू जस्तै मावली हजुर्बुबा मातामह, जिजुहजुबुंवा प्रमातामह, तथा च्याब्जु हजुबुंबा वृद्धप्रमातामहलाई पनि लिइने परम्परा छ। तर वंशावलीको लिखित क्रमको जहाँ सम्म सम्बन्ध छ, यो समान गोत्रमा आधारित हुने हुँदा मातृ-मूलक वंश परम्पराको यसमा उल्लेख हुँदैन। विवाह असमान गोत्रमा मात्र गर्ने हिन्दू परम्परा अनुसार मातृमूलक वंश परम्परालाई महत्त्व दिंदा गोत्रहरूमा प्रति पुस्ता फरक पर्न जाने हुनाले यस आधारमा वंशावली लेख्न मिल्दैन। हाम्रो समाजले वावु भन्दा आमालाई स्नेह र सुश्रूषाको दृष्टिले दशगुणा बढी माने पनि व्यवहारमा पितृ प्रधान परिवार नै चलेको छ। छोरो वावु कै हुन्छ।

वंश परम्परा पुरोहित बाट पनि चल्दछ। आफ्ना पुरोहितको गोत्र नै यजमानको गोत्र हुन्छ भन्ने प्राचीन नियम भेटिन्छ। यज्ञ यागादि गर्दा पनि सर्व प्रथम अग्न्या-व्राहनमा पुरोहितको वंश क्रम उच्चारण गरिने परम्परालाई पनि यहाँ पुनः सम्झनु पर्नेछ। यजमानलाई पुरोहितले मन्त्र दीक्षा तथा अध्यापन कार्य द्वारा आफ्नो नजीक ल्याएको हुन्छ। उपनयनले यसै तथ्यलाई अभिव्यक्त गर्दछ। अतः पौरोहित्य वंश परम्परालाई प्राचीन समयमा मान्यता मिलेको कुरा अस्वीकार गर्न मिल्दैन। तथापि वंशावली लेखन क्रममा भने यसलाई महत्त्व दिइएको छैन। आज भोली यजमान र पुरोहितका गोत्र साधारणतया फरक फरक हुन्छन्।

वंश परम्परा विद्याका आधारमा पनि चलेको हुन्छ। यसका ऐतिहासिक साक्ष्य प्रशस्त पाइन्छन्। पाणिनीले वंश विद्या र जन्म दुई किसिमबाट चलेको कुरा देखाएका छन्।

शास्त्रकारहरूले मन्त्रदान तथा स्वाध्याय गराउने गुरु र जन्म दिने पितामा कुनै अन्तर मानेका छैनन्। दुवै पिता हुन् तथा दुवै गुरु हुन्। श्राद्धकृत्यहरूमा पितृ परम्पराका पुर्खाका साथै गुरु परम्पराका पुर्खाहरूलाई पनि पिण्ड पानी दिने प्रचलन छ। जन्म परम्पराको पारिवारिक सम्बन्ध जस्तै गुरु परम्परामा पनि समान पारिवारिक नाता गोताको व्यवहार हुन्छ। जस्तै गुरु आमा गुरु भाई, इत्यादि। पिताको उत्तराधिकारी जेठो छोरो भए जस्तै गुरुको उत्तराधिकारी पनि जेठो तथा योग्यतम शिष्य हुन्छ। कतिपय ऋषिगोत्रपरम्परा अन्तर्गतका नाउहरूमा पुत्रका साथै शिष्य हरूको पनि ग्रहण भएको छ। तर हामी संग शिष्य र पुत्र छुट्याउने प्रामाणिक र प्रचुर

१—प्रजानां विनयाधानात् रक्षणाद् भरणादिपि
स पिता पितरस्तासां केवलं जन्महेतवः। रघु० प्रथम सर्ग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामग्री भने छैन । अहिले अध्यापन तथा पौरोहित्य दुवै कुरा व्यवसाय जस्ता भै दिएकाले वंश परम्परामा तथा वंशावली लेखनमा दुवैलाई स्वीकार गरिएको छैन ।

व्यक्तिको वंश परम्परा संग सम्बद्ध राजाको पनि योगदान हुने हाम्रो हिन्दू परम्परा छ । फलाना राजाका पालामा, फलाना राजाद्वारा आश्रित, फलाना राजा द्वारा सम्मानित जस्ता कुराहरू वंशावलीमा उल्लेख गरिन्छन् । राजालाई देवताको अंश मान्ने र त्यसलाई सार्वभौम मान्ने हिन्दू परम्पराले राजालाई पनि पिता मानेको छ । प्राचीन वंशावलीका कुलवृत्तहरूमा प्रायः सर्वत्र राजाको उल्लेख पाइन्छ । श्राद्ध तथा तर्पण कृत्यहरूमा राजाका पुर्खालाई पनि पिण्ड पानी दिने र राजाको पनि अशौच वार्ने परम्पराले यस तथ्यलाई स्पष्ट पारे कै छन् । भूस्वामिपितृका रूपमा गरिने भूपतिको यो श्रद्धार्चनामा यो कुरा प्रसङ्गतः यहा लेख्नै परेको छ—हिन्दुराष्ट्रका प्रजाले राजालाई हेलागर्न सक्तैनन् तथा हिन्दूराष्ट्रका राजाले आफ्ना प्रजामाथि विश्वासघात गर्न सक्तैनन् । स्वयं राजाले आशौच वार्दैन, उसको आशौच प्रजाले वारी दिन्छन् । स्वयं राजाले श्राद्ध गर्दैन, उसको श्राद्ध उसका सम्पूर्ण प्रजाले गरिदिन्छन् । प्रजाले राजालाई पितृ ऋणबाट मुक्त पारेको हुन्छ । राजाले पनि प्रजाको यस महान् स्नेह र समादरको महत्त्व बुझेको हुन्छ । प्रजा मोटा भया दर्बार बलियो रहने श्री ५ पृथ्वी-नारायण शाहको अमरवाणीको संकेत यसै तथ्यतिर छ । राजा प्रजा, गुरु-शिष्य, पिता-पुत्र र बन्धु-बान्धवहरू परस्पर समादर स्नेह तथा ऐक्य भावनामा आबद्ध भै लोककल्याणका लागि एकजुट भएर कार्य गर्ने विशुद्ध परम्पराको महत्त्व पुनः प्रतिष्ठा-पन गर्ने आवश्यकता आज टड्कारिएको छ ।

माथिका मातृ परम्परा संगै पौरोहित्य परम्परा, विद्या परम्परा, राजपरम्परा-हरू थर गोत्रानुसारी वंशावलीमा उल्लिखित हुदैनन् । किनभने गोत्र शब्दको प्रचलित परिभाषा भित्र इनीहरू पर्दैनन् ।[१] जहाँसम्म कुलवृत्तको प्रश्न छ, माथिका सबै पर-म्पराहरूको यसमा महत्त्वपूर्ण भूमिका हुन्छ । किं बहुना त्यसमध्ये कुनै एकको पनि प्रासङ्गिक जिकिर भएन भने कुलवृत्त अधुरो रहन्छ ।

वंशावली सम्बद्ध वंशका पूर्वजहरूको क्रमिक विवरण हो । कुलवृत्त त्यस वंशका व्यक्तिहरूको व्यक्तित्व र कृतित्व सम्बन्धी परिचय हो । दुवै परस्पर पृथक् पृथक् भए पनि दुवैमा अन्योन्याश्रित सम्बन्ध छ । सामान्यतया वंशावली भन्दा निम्नलिखित तत्त्वहरू समावेश भएको विवरण बुझिने गर्दछ जस्तै—

१ व्यक्ति नाम	२ गोत्रनाम	३ प्रवर नाम
४ वेद	५ शाखा नाम	६ अभिजन

१—अपत्यं पौत्र प्रभृति गोत्रम् । पा० सू० ४।१।१६२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७ निवास स्थल ८ कुल देवता ९ इष्ट देवता
१० व्यवसाय ११ पुत्र

यहाँ अर्ज्याल वंशका मूलपुरुष प्रभाकरको विवरण बाट माथिको कुरालाई उदाहरण समेत प्रस्तुत गरिन्छ—

१ व्यक्तिनाम - प्रभाकर
२ गोत्रनाम—आत्रेय
३ प्रवरनाम—आत्रेय, अर्चनानस, श्यावाश्व
४ वेद—शुक्ल यजुर्वेद
५ शाखा—माध्यन्दिन शाखा
६ अभिजन—इस्मा [पश्चिमाञ्चल, लुम्बिनी अंचल, गुल्मी जिल्ला]
७ निवास [स्थल नाम]—अर्जयी
८ कुल देवता—आदि वराह
९ इष्ट देवता—देवी पाञ्चायतन
१० स्वीकृत व्यवसाय—राजगुरु
११ पुत्र—श्रीपति, सुमन्तु, हाँसू

प्रभाकरका पुर्खाको भट्ट उपाधि

राजा प्रभाकर अर्ज्याल का पुर्खाहरूका मूलमा उदय भट्टको नाउँ आउँछ।

यहाँ भट्ट शब्दका सम्बन्धमा विचार गर्दा 'भट्ट' शब्द संगै 'भट्टारक' 'भट्टारिका' भट्टाचार्य, भट्टि, भट्टिनी जस्ता शब्दहरु सिमलिन पुग्दछन्।

पाणिनीको आष्टाध्यायी सूत्रहरूमा भट्ट शब्दको प्रत्यक्ष पाठ छैन। तर इनका गण पाठ विवरणमा भने भट्ट शब्दको उल्लेख पाइन्छ। अमरसिंहले पनि आफ्न नाम लिङ्गानुशासनमा प्रत्यक्ष रूपमा भट्ट शब्दको उल्लेख गरेका छैनन् तर भट्टारका तथा 'भट्टिनी' शब्दको प्रयोग भने इनका ग्रन्थमा पाइएको छ। यस प्रसङ्गमा व्याख्याकारहरूले गरेका व्युत्पत्तिबाट भट्ट शब्दको अर्थ जान्न सजिलो पर्दछ।

नामलिङ्गानुशासनका व्याख्याकार भानुजीदीक्षितले भट्टिनी शब्दको व्युत्पत्ति दिने क्रममा भट्ट शब्दको पनि सिद्धि बताएका छन्। यसै गरी यसका विवृत्ति व्याख्यामा लिङ्गयभट्टले पनि यसको व्युत्पत्ति दिएका छन्।[१] यसै गरी नै भट्टारक र भट्टिनी शब्दको पनि सिद्धि प्रक्रिया दर्शाइएको छ।

अमर सिंहले नाट्य प्रयोगमा भट्टारक पदले राजा र भट्टिनी पदले उनकी अनभिषिक्ता रानीको अर्थ बुझाउने कुरा व्यक्त गरेका छन्—

"राजा भट्टारको देवस्तत्सुता भर्तृदारिका।
देवी कृताभिषेकायां इतरासु तु भट्टिनी॥"

१–(क) भटेः (भ्वा० प० से०) तनि बाहुलकात् भट्टः। सोऽस्याः पतित्वेनेति भट्टिनी। नामलिङ्गानुशासनम् १।७।१३ रामाश्रमी टीका
(ख) भटन्ति उद्धतं भाषन्ते भट्टाः। भटति उद्धतं भाषते भट्टिनी। अमर पदविवृतिः लिङ्गयभट्ट कृतटीका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शब्दार्णवकोषमा भने भृत्यले राजालाई सम्बोधन गर्दा भट्टारक पदको प्रयोग गर्नू भनिएको छ। भट्टिनी शब्द रानी वाचक हुनाले भट्ट शब्द राजा वाचक हुनु साधारण नियम हो। भट्टारक शब्द राजा वाचक भएको कुरा त प्रत्यक्ष नै उल्लेख भएकै छ।

भट्टारक शब्दले व्यवहारमा राजा बाहेक ब्राह्मणलाई पनि बुझाउने उदाहरण पाइएका छन्। जैनमुनि पनि भट्टारक भएका कतिपय उदाहरण फेला पर्दछन्। माथि अमर सिंहले नाट्य प्रयोगमा राजाकी अनभिषिक्ता ल्याइते र भित्रिनी जस्तालाई भट्टिनी भन्नु पर्ने संकेत दिएका छन्। सम्भवतः यसै भट्टिनी कै परिवर्तित रूप नेपाली थारू उपभाषिकाको 'वठिनी' हो। जो तरुनी थारू बालाहरूलाई सम्बोधन गर्दा भनिन्छ। भट्टिनी > वठिनी

शीला भट्टारिका नामकी संस्कृत कवयित्री प्रसिद्ध छन्। यसै गरी जिनेन्द्र बुद्धिले न्यासमा वृत्तिकार चुल्लिभट्टिको पनि उल्लेख गरेका छन्। नामान्तमा प्रयुक्त हुने यस 'भट्टि'ले भट्टि कुनै स्वतन्त्र उपाधि जस्तो लाग्दछ। रावण वधका रचयिता पनि भट्टिका नाउँले प्रसिद्ध छन्। इनको काव्य नै भट्टिकाव्य भनिन्छ। कसैले प्रसिद्ध यी भट्टिलाई भर्तृहरि संग अभेद मानेका छन्। यसरी यहाँ भट्टि शब्द भर्तृको परवर्ती वा विकसित रूप हुन पुगेको छ।

ज्ञातव्य छ—विश्वकोषमा, 'भट्टिनी शब्द सामान्यतया ब्राह्मण पत्नीको वाचक हुन्छ र नाट्य प्रयोगमा मात्र राजपत्नीको' भनिएको छ।[१] हलायुधले पनि आफ्नो कोषमा भट्ट र भट्टारक शब्दलाई पूजार्थक शब्द भानेका छन्।[२] कर्नाटकतिरका प्राचीन अभिलेख हरूबाट तपोधनहरूलाई पढाउने वेदाङ्गका निष्णात विद्वानलाई 'भट्ट' भनिने कुराको संकेत पाइन्छ। राजाले यस्ता भट्ट हरूलाई त्यहाँको परिमाण अनुसार ३० मत्तर भूमि र सामान्य कक्षामा अध्यापन गर्ने ब्राह्मणहरूलाई त्यहाको परिमाण अनुसार ८ मत्तरो भूमि दिइने कुराको उल्लेख भएको छ।[३] शक्ति वल्लभ अर्ज्याललाई भट्टाचार्यको उपाधिले विभूषित गरिएको कुरा इतिहासमा उल्लिखित भएको हुनाले 'भट्ट' विद्वान् लाइ दिने सम्मानित उपाधि थियो भन्ने कुरा पनि झल्किन्छ।

आत्रेय गोत्रमा मात्र न भै काश्यप तथा कात्यायन गोत्रीय विद्वान हरूका नाउँ

१—भट्टिनी द्विजभर्यायां नाट्योक्त्या राजयोषिति। विश्व० ९५।१३१

२—पादाइति नामान्ते देवो भट्टारको वापि। हलायुध १।११५

३—"तपोधनरिगे पाठाहेडोव भट्टरिगे ३० मत्तरो भूमि। मठ द माणिवरिगे पाठाहेडोव ओजरिगे एण्टुमत्तरो।" एपिग्राफिका इण्डिका—वोल्यूम १५ पृष्ठ ८७ (१०५८ ई०)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पछाडी पनि भट्ट उपाधि जोडिएको देखिदा यो उपाधि कुनै पनि ब्राह्मणका लागि गौरवको विषय थियो भन्ने पनि यहाँ उल्लेख्य छ।[१]

उदय भट्टको अभिजन--

उदय भट्ट नेपाली आत्रेय गोत्रजहरूका मूल पुरुष हुन्। नेपाली अर्ज्याल, पौड्याल सिग्द्याल र पानी पोल्याल आदि थर हुने व्यक्तिहरु इनैका वंशज हुन्। उदय भट्टलाई उपलब्ध सबै वंशावलीले आफ्नो मूल पुरुष उल्लेख गरेको छ। र० रा० वंशावलीले इनलाई आधुनिक गढ़वालको श्रीनगरमा आई बसेका भनेको छ। उदय भट्ट कहाँबाट श्रीनगरमा आए भन्ने कुरा भने अझ सम्म छल फलकै विषय छ। उदय भट्ट र० रा० वंशावली अनुसार कान्यकुब्ज देशबाट कूर्माचल श्रीनगर गाउँमा आईबसेका हुन्।

ध्रु० प्र० अनुसार धारा नगरी मालवगढ़को धरित्री'''कन्नौजबाट आएका हुन्।

अमर भूमिका प्राचीन किंवदन्ती तथा अर्ज्यालवंशी बुढापाकाहरूको भनाई अनुसार उदयभट्ट भारतको जोधपुरबाट आएका हुन्।

उपर्युक्त विवरणले के कुरातिर औंल्याउछ भने उदयभट्टको अभिजन कान्यकुब्ज देश हो। इनले बसाई सरेको श्रीनगर कान्यकुब्ज भन्दा बाहिरको प्रदेश थियो। श्रीहर्षको युगमा कान्यकुब्जको विस्तार काश्मीर देखि वङ्गालसम्म थियो भनिएको छ। कसैले नेपाललाई पनि यस अन्तर्गत पार्ने सुर्‌याइं मात्र देखाएका छन्। उदय भट्टलाई जोधपुरबाट आएको भनिदा पनि जोधपुरलाई विशाल कान्यकुब्ज अंतर्गत परेको मान्दा (कान्यकुब्ज बाट आएका भित्र) जोधपुरबाट आएको कुरा पनि गतार्थ हुन सक्ने ठानिन्छ। तर ब्राह्मणको वसो वासो, कुल देवता वराह हुनु तथा खास इस्मा अर्जयी र अमर भूमिका केही लिखित टिपोट तथा केही वृद्ध वचनको साम्य अनुसार यो लेखक पनि यतै तिर डोरिएको छ।

जहाँ सम्म कूर्माचल गढवालतिर भट्ट ब्राह्मणहरूको आगमनको प्रश्न छ, पारस्कर गृह्य सूत्रका भाष्यकार श्री हरिहराचार्य आठौं शताब्दी उत्तरार्धतिर चन्द्रवंशी राजा सोमचन्द्रका साथ कान्य कुब्जबाट आएका थिए। इनका दशौं पुस्तामा छन्दः शास्त्रका विद्वान् केदार भट्ट भएका हुन्। इनको वृत्तरत्नाकर प्रसिद्ध छ।[२]

तेह्रौं शताब्दीमा पनि दक्षिण महाराष्ट्र तथा आन्ध्रतिरबाट भट्ट ब्राह्मणको आगमन कूर्माचल प्रदेश तिर भएको थाहा पाइएको छ। यसरी आउने हरूमा विद्वान् भट्ट ब्राह्मण सगै सारस्वत, त्रिपाठी र चतुर्वेदीहरू पनि आएका थिए। इनको परस्पर

१—लोचनकार महेन्दुराज कात्यायन गोत्रीय भट्ट ब्राह्मण हुन्। द्रष्टव्य-संस्कृत साहित्य का इतिहास—बलदेव उपाध्याय। वृत्तरत्नाकर कार केदारभट्ट काश्यप गोत्रीय भट्ट ब्राह्मण हुन्। द्रष्टव्य-कूर्मांचलीय राज वर्णन और सीमाल्टीय वंशावली।

२—द्रष्टव्य-कूर्माचलीय राजवर्णन और सीमाल्टीय वंशावली पृष्ठ–१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भातभान्सा चल्दैन थ्यो र पछि राजाले आफ्नो दरवारमा आमन्त्रण गरी भात भान्सा चलाई दिए भन्ने कुराको पनि उल्लेख पाइएको छ।[१] उपर्युक्त विवरणले पुरातन कालमा यस प्रदेशमा भारतवर्षका विभिन्न ठाउबाट विद्वान् ब्राह्मणहरू स्वतन्त्र वा राजाश्रित रूपमा स्वेच्छया वा यवन प्रताडित भएर कुल धर्म रक्षा गर्ने उद्देश्यले आउने गरेको संकेत पाइन्छ।

अब अर्को प्रश्न छ, त्यसवेला कूर्माचलको त्यो प्रदेश कान्यकुब्ज बाहिर थियो ? यसको उत्तर थियो भन्ने मा नै दिनु उचित होला। किनभने महर्षि पाणिनिले हिमवद्देशमा आई तपस्याद्वारा शिवलाई प्रसन्न गराई ज्ञान प्राप्त गरेको कुरा सर्वविदित छ। इनका अष्टाध्यायीमा इनको तात्कालिक सामाजिक एवं भौगोलिक वातावरणको प्रभाव पर्नु अस्वाभाविक होइन। पाणिनी स्रुघ्न देशको बारेमा निकै परिचित थिए। इनका आपना अष्टाध्यायीमा एक दर्शौंली वढी यसका उदाहरण छन्। अष्टाध्यायीको एउटा सूत्र "अभिनिष्क्रामति द्वारम्" मा स्रुघ्नलाई कान्यकुब्जको ढोका भनिएको छ। यस वाट यो स्पष्ट छ—स्रुघ्नदेश त्यसवेला कान्यकुब्ज भन्दा वाहिर रहेछ। स्रुघ्न देश कहाँ छ ? भन्ने वारे विद्वान्हरूले देहरादून तिरको सुग्घी नामक ठाउँलाई नै इङ्गित गरेका छन्। कता कता यस साक्ष्यले उदयभट्ट कान्यकुब्ज देशबाट बसाई सरेका हुन् भन्ने कुरा पनि मिल्न आउँछ। अतः उदय भट्ट भारतवर्षको जोधपुरबाट श्रीनगर (गढ़वाल) मा आएको कुरा मान्दा अमिल्दो देखिदैन।

भट्ट ब्राह्मण भएका स्थानहरू—

भट्ट ब्राह्मणको इतिहासले इनीहरूलाई प्रायः विद्वान् र विद्वत्ताका आधारमा राजसम्मानित देखाएको छ। जोधपुरका भट्ट ब्राह्मणहरू त विद्वान् साथै त्यहाका नरेश भएको कुरा पनि इतिहासले उल्लेख गरेको छ। यसरी बसेका भट्टहरू भारतवर्ष भरि नै छरिएका छन्। जसमध्ये मुख्य भट्ट ब्राह्मणशाखाहरूको पनि प्रसङ्गतया उल्लेख नुहु स्वाभाविक देखिन्छ—

१–आन्ध्र प्रदेशीय भट्ट ब्राह्मण शाखा		६–गौर्जर	,,
२–कार्नाटक	,,	७–जोधपुरीय	,,
३–कान्यकुब्ज	,,	८–बंगदेशीय	,,
४–काशिक	,,	९–महाराष्ट्री	,,
५–काश्मीरी	,,	१०–राजस्थानी	,,

भारतवर्षका प्राचीन अभिलेख, राजतरंगिणी र संस्कृत साहित्यका इतिहास आदिहरूवाट भट्ट ब्राह्मणहरूको विद्वत्ता र व्यक्तित्व छर्लङ्ग थाहा हुन्छ, जसको विवरण दिई रहनु आवश्यक ठानिएन। यी भट्ट हरूमध्ये सबै आत्रेय गोत्रका छैनन्। सबै शुक्ल यजुर्वेदी छैनन्। सबै वराहलाई कुल देवता मान्ने छैनन् भन्ने कुरा पहिले पनि उल्लेख भएकै छ।

१—उग्रीव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली आत्रेयका भट्टोपाधिधारी पूर्वजहरू

१—**उदय भट्ट**। नेपाली आत्रेय गोत्रीयका मूल पुरुष। इनी कान्यकुब्ज वाट आएका हुन्। सम्भवतः जोधपुरका भट्ट ब्राह्मण नरेशका यी सन्तति हुन्। ध्रु० प्र० वंशावली अनुसार इनका साथ कुशविन्दा भट्ट (कुशवृन्द) पनि आएका थिए।

२—**सुदय भट्ट**। र० रा० अनुसार सुदया भट्ट। ध्रु० प्र० अनुसार सुदया भट्ट तथा सुदु भट्ट। यी उदय भट्टका छोरा हुन्।

३—**रायभट्ट**। र० रा० वंशावलीको एक प्रतिमा इनको नाउ 'रायी भट्ट' पनि छ। अर्को प्रतिमा राय भट्ट। ध्रु० प्र० अनुसार राई भट्ट तथा 'तेराय भट्ट' छ।

५—**वत्सराज भट्ट**। इनले वाजपेय यज्ञ गरेका थिए। वाजमन्नं घृतं वा पेयमत्र इति वाजपेयः। यो यज्ञ सात श्रौत याग मध्येको पाँचौं हो। यसलाई आर्यहरूको यज्ञ भनिएको छ। धर्मशास्त्रमा राज्यको इच्छा हुनेले वाजपेय यज्ञ गर्नु भनिएको छ। राजाले आपनो अभिषेक हुनु भन्दा पहिले वाजपेय यज्ञ गर्न पर्दछ भन्ने नियम छ। शतपथ ब्राह्मण अनुसार वाजपेय यज्ञ राजसूय यज्ञ भन्दा पनि श्रेष्ठ हो। यो यज्ञ ब्राह्मण क्षत्रिय दुवै जातिले गर्नु हुने कुराको पनि शास्त्रमा उल्लेख छ। केही हिल ब्राण्ट जस्ता पाश्चात्य पण्डितहरूले वाजपेय यज्ञलाई आज भोलिको ओलम्पिक खेल संग पनि तुलना गरेका छन्। 'वृहस्पति सव' संग पनि यसको अभेद मानिएको छ। फलतः वाजपेय यज्ञ द्वारा विद्यावर्चस्व र स्वाराज्य वर्चस्व दुवै फल प्राप्त हुने ठानिन्छ।

वत्सराज भट्टले वाजपेय यज्ञ गर्दा फलामको समिधा प्रज्वलित गरेको कुरा ध्रु० प्र० वंशावलीले उल्लेख गरेको छ। जोधपुरका भट्ट ब्राह्मणहरू प्रतीहार वंशी शासकका रूपमा इतिहासमा उल्लिखित हुनु, तिनका कुलदेवता तथा मुद्रा चिह्न वराह हुनु, यता अमर भूमिका पुरातन आख्यायिका हरूमा अर्ज्यालहरूका पुर्खा जोधपुरबाट आएका भनिनु, इनका पनि कुल देवता वराह हुनु, "स्वाराज्यकामो वाजपेयेन यजेत" इत्यादि धर्मशास्त्रको उक्ति अनुसार वत्सराज भट्टले गरेको वाजपेय यज्ञको पनि उद्देश्य राज्यलाभ नै देखिनु इत्यादि कुराहरूको तुलनात्मक समीक्षा गर्दा यहाँ पनि उदय भट्ट जोधपुरका प्रतीहार वंशी भट्ट नरेशका सन्तान हुनु पर्ने तिर लेखनी दुगुर्न खोज्छ तर यसलाई अहिले यत्ति मै रोक्नु मुनासिब होला।

वत्सराज भट्टका पत्नी धेरै ओटी थिए। इनकी जेठी विवाहिता ब्राह्मणीबाट श्री कृष्ण भट्ट, र कान्छी विवाहिता ब्राह्मणीबाट श्रीदेव भट्ट भए। यसै गरी तात्कालिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुम्लाका राजाकी छोरी सङ्ग पनि इनको विवाह भएको थियो । जसबाट आत्रेय गोत्रीय 'हमाल' हरूको शाखा फुट्यो । इनले एउटी विष्टकी छोरी सङ्ग पनि विवाह गरेका थिए । जसबाट कालू थापा आदि (बगाले खश थापा आदि) सन्तान भए । यसै गरी अर्की पत्नीबाट राधामाधव (राजपूत) को परम्परा चल्यो । र० रा० अनुसार भने वत्सराज भट्टका एउटै छोरा श्रीदेव भट्टको उल्लेख छ । वत्सराज भट्टले वाजपेय यज्ञ गरे पछि इनी वाजपेयी भट्टाचार्यको उपाधिले प्रसिद्ध भए । इनी पछिका सन्ततिहरूमा 'राज' संगै भट्टाचार्य उपाधि पनि गाँसिन थाल्यो ।

६–७–**उपवत्सराजभट्ट, श्रीवत्सराजभट्ट ।** र० रा० अनुसार यी दुई नाउँ छैनन् । ध्रु० प्र० अनुसार यी दुई व्यक्ति क्रमशः वत्सराज भट्टाचार्य वाजपेयीका छोरा र नाती हुन् ।

८—**श्रीकृष्ण**—ध्रु० प्र० अ० अनुसार श्री वत्सराजका जेठा छोरा श्रीकृष्णले सिग्दी गाउँ आफ्नो अंशमा पाएका थिए । अतः इनी सिग्दी गै बसे । सिग्दीमा बसेका हुनाले इनका सन्तान सिग्द्याल भए भन्ने उल्लेख छ । र० रा० अ० का दुवै लेखोट वंशावलीमा श्रीकृष्ण भन्ने श्री वत्सराजका छोरा छैनन् । उनका मात्र एक छोरा श्री देव भट्ट छन् । सिग्दी गाउँमा गै बस्ने व्यक्ति इनका अनुसार कृष्णराज भट्ट हुन् जो यस भन्दा पछि छैठौं पुस्तामा कृष्णराम भट्टका कान्छा छोरा का रूपमा उल्लिखित छन् । यस विषयको छल फल अवशिष्ट नै छ ।

८.२—**श्रीदेव भट्ट**—र०रा०अ०को वंशावलीले श्रीदेव भट्टका छोरा खाली एकजना श्री नन्दभट्टलाई संकेत गरेको छ । वंश परम्परा इनै श्री नन्दभट्ट बाट अगाडी बढ्दछ । ध्रु० प्र० अ० को वंशावली अनुसार भने इनका दुई भाई छोरा छन् (क) श्री नाद, (ख) श्री नन्द । यसमा श्री नन्दका कुनै छोरा देखिदैनन् । अतः वंशावली श्री नाद भट्ट बाट अगाडी बढदछ । यो पनि छलफलको विषय नै छ । यस पंक्तिका लेखकको विचारमा र० रा० अ० को वंशावली नै उचित छ । किनभने श्री नाद र श्रीनन्द एउटै नामका दुई रूप देखिन्छन् । बन्धको जन-जिब्रो बाँध भए झैं नन्दको नाँद पनि हुन सक्तछ । अर्को कुरा दुवै मध्ये एउटाको वंश अगाडी बढेको छैन । पुष्ट प्रमाण न भेटिउन्जेल अहिलेलाई यत्ति । ध्रु० प्र० अ० वंशावलीमा श्री देव भट्टका छोरा दुई भाई हुने कुरा मात्र होइन, श्रीनन्द र श्रीनादका छोरा पनि दुई भाई भएको कुरा उल्लेख छ । र० रा० अनुसार भने श्रीनन्द भट्टका छोरा केवल हरिराम भट्ट एक भाई मात्र देखिन्छन् । ध्रु० प्र० अनुसार इनका दुई छोरा छन्—(क) श्रीराम (ख) हरिराम । र० रा० अनुसार हरिराम भट्टको वंश हरिदत्त र कृष्णराम हुँदै अगाडी बढ्दछ तर ध्रु० प्र० अनुसार हरिरामको वंश अगाडी बढ्दैन त्यही टुङ्गिन्छ । तर श्रीरामको वंश हरिदत्त र कृष्णराम हुँदै समान रूपमा अगाडी बढ्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१२ कृष्णराम भट्ट। इनी हरिदत्तका छोरा हुन्। जस्तो माथि उल्लेख गरियो र० रा० गंशावलीले इनका बाजे हरिराम भट्ट हुन् भन्दछ। तर ध्रु० प्र० गंशावलीले इनका वाजे श्रीराम भट्ट हुन् भन्दछ।

कृष्णराम भट्टका छोराका विषयमा पनि दुवै गंशावलीको मतैक्य छैन। जस्तै र० रा० को गंशावलीले इनका छोरा एउटा च्यवनराज भट्ट प्रथम (चावा भट्ट वलाउने नाउ) हो भन्दछ। तर ध्रु० प्र० को गंशावलीले कृष्णराम भट्टका दुई भाई छोराको उल्लेख गरेको छ। जस्तै (क) सदु भट्ट (ख) चावा भट्ट।

ध्रु० प्र० को गंशावलीमा कृष्ण राम भट्टका छोरा चावा भट्टले चार वर्ष इस्मा को राज्य गरे पछि गुल्मीका राजपुत्र ल्याई उनलाई राज्य दिए। आफू अर्जी पौडी आदि घेरै गाउँ विर्ता लिई वसे। इनकी जेठी ब्राह्मणी अर्जी गाउँमा वसिन्। तिनका सन्तान अर्ज्याल भनिए। कान्छी ब्राह्मणी पौडी गाउँमा वसिन् तिनका सन्तान पौड्याल भनिए भन्ने कुराको उल्लेख छ। र० रा० अनुसार भने च्यवनराज भट्ट प्रथम इस्माका राजा थिएनन्। इनलाई यो वंशावली चावा राजा न भनी चावा भट्ट मात्र भन्दछ। यस वंशावलीले इस्मामा राज्य गर्ने चावाराजा च्यवनराज भट्ट प्रथमका नाती हुन्। इनी समेत चार पुस्ताले इस्माको राज्यगरेको छ र अन्तिम राजा प्रभाकर हुन्। र० रा० को वंशावली अनुसार च्यवनराज पछि द्वितीय वाट 'भट्ट' उपाधि यस गंशमा देखिदैन। ध्रु० प्र० अनुसार चावाराजा च्यवनराज प्रथम हुन्।

यहाँ यो विचारणीय छ—गंशावलीमा राजान्त नाउँको प्रारम्भ च्यवनराजभट्ट प्रथम वाटै देखिन्छ। राजान्त नाउँ सर्व प्रथम च्यवन राजबाटै प्रारम्भ भए कोले इनी नै इस्माका राजा हुन् भन्न न मिल्ने पनि देखिदैन।१ ध्रु०प्र० अनुसार च्यवराज प्रथम बाट नै इस्माका राजा भएको मान्ने हो र र० रा० अनुसार प्रभाकर अर्ज्यालले चार वर्ष राज्य गरी आफू राज गुरु भएको मान्ने हो भने यस गंशले छ पुस्ता सम्म इस्माको रार्जसिंहासन सिंगारेको मान्नुपर्दछ। यो विषय पनि छलफलको छ।

र० रा० अनुसार कृष्णराम भट्टका छोरा चार छन् जस्तै (क) च्यवन राजभट्ट, वत्सराज भट्ट, कन्था राज भट्ट, कृष्णराज भट्ट। यस गंशावली अनुसार च्यवनराज इस्मा गाउमा नै वसे। महिला वत्सराज तथा साँहिला कन्थाराज पौडी गाउँमा वसे र इनका सन्तान पौड्याल भए। कान्छा कृष्णराज भट्टका छोरा सिग्दीमा गई वसे र इनका सन्तान सिग्द्याल भए। स्मरणीय छ–ध्रु०प्र० अनुसार ८ श्री कृष्णका सन्तान सिग्दी गै वसेका हुनाले सिग्द्याल भएका छन्।

एउटा किंवदन्ती अनुसार उहिले इस्मा र मुसीकोट का राजाहरूमा परस्पर

१—च्यवन श्चासौ राजा च तत्पुरुष समासः। राजाहः सखिभ्यष्टच्। पा० सू० टच् प्रत्ययः। नस्ताद्धिते पा०सू० टिलोपः। च्यवनराजः।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैमनस्य थियो यी दुवै राजाहरू एक अर्कालाई पराजित गर्न चाहन्थे । एकपल्ट मुसीकोटे राजाले आफ्नो दलबल साथ इस्मामा आक्रमण गर्न प्रस्थान गरे । इस्माली राजालाई यो कुरा थाहा भयो । उनले पनि आफ्नो शक्ति संचय गरे । आफ्नो साँधमा मुसीकोटे राजा आई पुगेको थाहा पाई इस्माली राजा पनि आफ्नो दल बल लिई विपक्षलाई रोक्न अगाडी बढे । ईश्वरेच्छा दुवैको बाटो फरक पर्‍यो । इस्माली राजा तल्लो बाटो लागे, मुसीकोटे राजा उपल्लो बाटो आए ।

इस्मा रजस्थलमा त्यसबेला राजगुरु च्यवनराजभट्ट सिंहासन र अन्तःपुरको संरक्षण गरीबसेका थिए । आफ्ना राजा र सैनिकहरू न फर्केको तथा मुसीकोटे राजा र उनका सैन्य रजस्थल नजीक आएको थाहा पाउदा चारैतिर खलबली मच्चियो इस्मालीहरूले आफ्ना राजा र सैनिक सबैले युद्धमा वीरगति प्राप्त गरेको ठाने । अन्तः पुरकी रानीले राजगुरु च्यवन भट्ट संग स्वयं राजगद्दीमा बसी ठूलो दमहा बजाउन लगाउने तथा त्यहाँका सेवकहरूलाई ढुंगा मुढा लिई दुश्मन धपाउन पठाउने अनुरोध गरिन् । च्यवनराज रानीको आज्ञा मान्न बाध्य भए । उनीले रानीको दुश्मनका हात बाट आफ्नो राज्य जोगाउने योजनालाई नकार्न सकेनन् र स्वयं राजगद्दीमा बसी ठूलो दमाहा बजाए । मुसीकोटे राजा र उनको सैन्य तीन छक खाए । अघि भर्खर राजा र सैन्य तल्लो बाटो गैरहेको देखेका र तिनको सामना गर्न आफ्नो केहि फौज छोडी निर्धक्क रजस्थलतिर आएका अहिले पुनः ठूलो दमहा रजस्थलमा बजेको सुन्दा 'राजा यहीं रहेछन् । राजाले केही सैनिक हामीलाई रोक्न पठाई केही सैनिक यहाँ लड्न राखेका रहेछन् । हामीहरू दोहरो बन्धनमा पर्‍यौं । अहिलेलाई लडाई गर्नु ठीक छैन । इस्माको सैन्यशक्ति हाम्रो भन्दा दुई गुना बढी रहेछ' भनी मुसीकोटे राजा आफ्नो सैन्यबल फिर्ता लिई सुईं कुच्चाठोके छन् । यसरी च्यवनराज भट्ट इस्माका राजा भएका हुन् । किंवदन्ती अनुसार इस्माको दरबार पहिले तलतिर सम्म ठाउँमा थियो । पछि शत्रुको आक्रमणका डरले यसलाई अग्लो ठाउँमा सारिएको हो । माथि दरबार सारे पछि आक्रामक शत्रुलाई ढुङ्गा मुढा पल्टाएर पनि मार्न धपाउन सजिलो हुन्यो । च्यवनराज भट्टले राज गद्दीमा वसे पछि मनुस्मृति शुक्रनीति र कामन्दकीय नीतिसारको विशेष अध्ययन गरे । यस पछि इनी पछिका राज्यका उत्तराधिकारीहरूले यी दुवै ग्रन्थको राम्रो अध्ययन गर्नुपर्ने परिपाटी बस्यो ।

१४ नरसिंह राजभट्ट—इनी च्यवनराज भट्ट (प्रथम) का छोरा हुन् । ध्रु० प्र० अनुसार इनी अर्जयी गाउँमा बसेका हुनाले इनका सन्तान अर्ज्याल भए भन्ने छापिएको छ । तर र० रा० को वंशावली अनुसार इनका चौथो पुस्ताका प्रभाकर अर्जयी गाउँमा आएका हुनाले निज बाट अर्जेय्यालय भन्ने थर भएका आत्रेयहरू विकसित भएको जानकारी पाइन्छ । ध्रु० प्र० अनुसार नरसिंहका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छोरा विष्णुदास देखिन आउँछन् । र० रा० अनुसार नरसिंह र विष्णुदास बीच दुई पुस्ता बीचमा अरू छ जो ध्रु० प्र० मा देखिदैन ।

१५ **च्यवनराज भट्ट द्वितीय**—र० रा० अनुसार इस्माका राजा । ध्रु० प्र० मा यसको उल्लेख छैन ।

१६ **कुशा राजा**—ध्रु० प्र० मा इनको उल्लेख छैन । किंवदन्ती अनुसार इनी दर्भ-पवित्र-पाणी थिए अर्थात् कुश पवित्र हातमा लिन्थे र न्याय दिन्थे । त्यसै हुनाले इनलाई कुशा राजा भनिएको हो ।

१७ **विष्णुदास राजा**—र० रा० ले इनलाई राजाको रूपमा उल्लेख गरेका छन् ध्रु० प्र० मा यस्तो छैन । खाली (विष्णु) विष्णुदास मात्र छ ।

१८ **प्रभाकर अर्जंय्यालय**—अर्ज्याल वंशका व्यक्तित्व—ध्रु० प्र० अनुसार इनको नाउ पद्माकर पनि छ । र० रा० अनुसार इनै इस्माली अन्तिम राजा हुन् यस वंशका । इनले चार वर्ष मात्र इस्माको राज्य गरे । त्यसपछि इनले राज्य कार्य-मा अब्राह्मणोचितकार्य पनि गर्नु पर्ने हुँदा ब्राह्मणले राज्य गर्न अनुपयुक्त ठानी आफू राजा हुन चाहेनन् । गुल्मीका राजाका सन्ततिल्याई निजलाई पहिले मन्त्र सुनाए । पछि अभिषेक दिई राजा तुल्याई स्वयं तिनका राजगुरु मन्त्र इनीले राज्य कार्यमा शास्त्रोचित सहयोग दिनथाले । राजगुरु भए पछि प्रभाकर इस्मा रजस्थल छोडी अर्जयी आई बसे । यो अर्जयी गाउँ इनको बितकिा रूपमा थियो । प्रभाकर अर्जयी आई बसे पछि इनी र इनका सन्तति अर्जंय्यालय स्थल-नाम भएका भए । इस्मा अर्जयी र अमर भूमिका प्रायः सबै जसो बुढा पुरानाहरू को मुखबाट प्रभाकरले अर्जयीमा ४ वर्ष राज्य गरेको कुरा र त्यस पछि गुल्मीको राजपुत्र ल्याई संस्कार गरी मन्त्र सुनाई उनलाई राजगद्दीमा अभिषेक दिई स्वयं इनी राजगुरुका रूपमा अर्जयी आई बसेको कुरा प्रायः सुनिन्छ । गुल्मीबाट ल्याएका राजपुत्रको नाउँ सुरथसिंह थियो भन्ने पनि किंवदन्ती छ । अतः र० रा० वंशावलीको कुरालाई प्रामाणिक मान्नुपर्ने स्थिति यहाँ टड्कारो छ ।

प्रभाकर का तीन छोरा हुन् । यसमा दुवै थरि वंशावलीको मतैक्य छ । तर र० रा० अनुसार जेठा श्रीपति माहिला सुमन्तु र कान्छा हाँसू हुन् । ध्रु० प्र० अनु-सार पनि जेठा माहिलाका नाउँ त उनै छन् तर कान्छाको नाउँ हाँसूका ठाउँमा सरोज भन्ने छ । सुमन्तुको अर्को नाउँ कोष्ठकमा सूर्य पनि छ । र० रा० को हाँसू र ध्रु० प्र० को सरोजलाई एउटै व्यक्ति मान्नु पर्ने हो अथवा हाँसूका छोरा नाती मध्ये कुनै एकजनाको नाउ सरोज थियो, निर्णय हुन बांकी देखिन्छ । ध्रु० प्र० वंशा-वली अनुसार १५ नरसिंह भट्ट नै इस्माबाट अर्जयी आई बसेको कुरालाई भने पुष्टि दिन मिली हाल्ने देखिदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इस्माली राजा प्रभाकरले गुल्मीका राजाका छोरा ल्याई आफ्नो गद्दीमा बसाले पछि स्वयं राजगुरु भई अर्जयी गाउँमा आई बसे। आफूबाट इनले अर्जयालय थर चलाए। राजा प्रभाकरका तीन भाई मध्ये जेठा श्रीपति हुन्। इनले अमरभूमि गाउँ बसाए। मरभुङ अर्ज्याल इनका सन्तान हुन्।

श्रीपतिले तिनताकको दृष्टिले त्यस भेकमा सबै भन्दा ठूलो घर बनाए। इनको घर 'ठूलो घर'का नाउले प्रख्यात भयो। यस घरमा बस्नेहरूका सन्तान पछि ठूलाघरे कहलाए। यस घरमा समस्त गोत्रापत्यको हक छ। यस घरका तामाले बेह्री बनाएका धुरि-खाँबाहरू देवतास्वरूप हुन्। ज्येष्ठ शुक्ल चतुर्दशीका दिन प्रतिवर्ष यसै मूल धुरि खाँबाका किनारमा कुलदेवताको पूजा र धुरिखाँबामा कुलपुरुष श्रीपतिको पूजा गर्ने परम्परा छ। यस दिन श्रीपति वंशजहरूले गोष्ठ देवताको पूजा गर्नु पर्दछ। दुग्धधार र गाई भैंसीको पनि पूजा गर्नु पर्दछ। ठूलाघरको पूजा सम्पन्न गर्नलाई प्रत्येक घरले पूजा सामान पठाउनु पर्दछ। यस दिन सबैलाई खीर खान फुक्छ। कर्म न चलेका र स्त्री जातिले ठूलाघरको प्रसाद हेर्न र खान हुँदैन।

नव दुर्गामा विजया दशमीका दिन घरमा देवीको पूजन विसर्जन भए पछि अमर भूमिका समस्त गण्यमान्य भै-भलाद्मीहरू त्यहाँबाट सोझै ठूलाघर आई श्रीपति स्तम्भमा टीका जमरा चढाउँछन्। अनि मात्र गाउँभरि दशैंको टीका लगाउन फुक्तछ।

यस घरका श्रीपतिस्तम्भमा हतियार स्पर्श गर्नु गराउनु हुँदैन। स्त्री तथा कर्म न चलेका बालकहरूले यस स्तम्भको स्पर्श सम्म गर्नु हुँदैन। यो घर बेच्न मास्न कसैको पनि अधिकार छैन। यसमा बस्ने दाजु-भाईको अंश बण्डा हुन थाल्यो भने यसमा कान्छो भाईले बस्न मात्र पाउँछ। श्रीपतिले लगाएको नियम थामी घर छाउनु, लिप-पोत गर्नु कान्छाको अधिकार हो। सहयोग गर्नु अरु गाउँलेहरूको कर्तव्य हो।

श्रीपतिले अमर भूमिको लेक शिखर महारण्यमा मालिका देवीको स्थापना गरेका हुन्। यी देवीलाई पश्चिम सल्यानबाट ल्याईएको हो। इनी सर्व वान्छासिद्धिदा छन्। सल्यान की मालिका भगवती प्रसिद्ध थिइन्। यस मन्दिरमा पुजारी बाहेक अरू कसैलाई जाने आज्ञा थिएन। श्री ५ पृथ्वीनारायण शाह पनि सल्यान देवीको दर्शन गर्न गएका थिए तर अरु व्यक्ति भित्र न पस्ने नियम हुनाले इनले ढोका बाटै दर्शन गरी साँझ विहानै देवीको अनुष्ठान गरे। सपनामा देवीबाट बरदान पाए। इनका पूर्वज राम शाहको पनि साधना स्थल यही थियो। इनै सल्यान कोटको भगवती लाई श्रीपतिले अमर भूमिको लेक शिखरमा ल्याएका हुन्। भनिन्छ–प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन यस मालिका मन्दिरमा वंशजहरू पूजा पाठ गर्न जम्मा हुने चलन छ। 'हाम्रा सन्ततिले राज्य संचालन जस्तो क्षत्रियोचित कार्य छोडे पछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षत्रियोचित हिंसा कृत्य पनि छोडेका छौं। अतः मालिकाको पूजामा ब्राह्मणले प
बलि न दिनू, पायस चढाउनू। अरु ब्राह्मणेतरहरूले कालो पाठो बलि दिन हुन्छ' भन
श्रीपतिले बनाएको नियम अनुसार अर्ज्याल वंशजहरूका कुनै पनि कृत्यमा पशु ब
दिइदैन, दिइयो भने फाप्दैन।

यतिमात्र होइन, अर्ज्यालहरूको ५।५ वर्षमा हुने श्वेत वाराह कुलपूजा अर्ज
बाट अमर भूमिको विधि खोलामा ल्याएको इनै श्रीपतिले हो। कुलदेवताको पूजा
विधि गर्ने खोला भएकोले त्यसै समय देखि यसको नाउ नै विधिखोला भएको हो
यस पूजामा समस्त वंशजहरू जम्मा भई कुलदेवताको पूजा, होम र इनलाई ब
आदि चढाउने चलन छ।

आफ्ना सन्ततिका लागि श्रीपतिले बनाएका नियम—(१) देवी पाञ्चायतन पूज
गर्न्या। (२) हलहलेको शाक न टिप्न्या, (३) सिन्की न खाँद्न्या (४) फलेको काफल
काट्न्या (५) हिंसा न गर्न्या, (६) पशुबलि न चढाउन्या (७) हलेदो न रोप्न्या
(८) आफूले पढेको कुल विद्या आफ्ना शाखा सन्तानमा सार्न्या।

नेपालमा अर्ज्याल वंशका मूल पुरुष इनै हुन्। उदयभट्ट आत्रेय गोत्रजहरूक
मूल पुरुष हुन्।

१९ : २ (ख) सुमन्तु। प्रभाकरका महिला छोरा। ध्रु० प्र० अनुसार इनको अर्क
नाउँ 'सूर्य' पनि कोष्ठकमा दिइएको छ। इनका छोरा र० रा० अनुसार श्रीवत्स
हुन्। इनी अर्जयी मै बसे। अतः सुमन्तु श्रीवत्स र इनका सन्तति नै अर्जयीक
अर्ज्याल भनिन्छन्।

१९ : ३ (ख) हाँसू (सरोज) ध्रु० प्र० वंशावली अनुसार सरोज मैधी गाउँ
गाउँमा बसेको हुनाले मैधाली भएको कुरा उल्लिखित छ। मैधीमा पृथ्वीनारा-
यण शाहको व्रतबन्ध भएको थियो। इनले काठमाडौं हान्ने उद्देश्यले सर्वप्रथम
भारदारी सभा यसै ठाउँमा गरेका थिए। र० रा० वंशावली अनुसार भने
श्रीपतिका कान्छा भाई हाँसू प्रभाकर कै मूल थलो इस्मामा बसे। आज भोली
इस्मामा जति पनि पुराना बासिन्दा अर्ज्याल छन्, सबै हाँसूका सन्तान हुन्। यी
इस्माली अर्ज्याल भनिन्छन्।

२० : १ (क) चिन्तु। इनको नाउँ ध्रु० प्र० वंशावलीमा चितु छापिएको छ, चिन्तु
का तीन छोरा छन्। र० रा० अनुसार तिनका नाम (क) जग, (ख) बल (ग)
चूडामणि हुन्। ध्रु० प्र० अनुसार तिनका नाम क्रमशः (क) जयलाभ पति, (ख)
बलरसी र (ग) चूडामणि हुन्। र० रा० वंशावलीमा जगका छोरा 'जय पति'
देखिएका हुनाले ध्रु० प्र० का 'जयलाभ पति' संग यो नाउँ मिल्ने हुदा र० रा०
अनुसार नै चिन्तुका जेठा छोरा जग नै हुन् भन्ने ठहर गर्नु मुनासिब पर्ला।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिन्तुका माहिला छोरा बलरसी नाउको औचित्य पनि सन्दिग्ध छ। जयपतिका छोरा 'सेवा' र तिनका छोरा हरिकेश भएको र० रा० वंशावली उल्लेख गर्दछ। सम्भवतः बल, सेवा हरिकेशको मिश्रत रूप नै ध्रु० प्र० को बलरसी हो। श्रीपतिका छोरा चिन्तु र नारायण दास गरी दुई भाई थिए। जसमध्ये चिन्तुका तीन भाई छोरा र उनका सन्तान अमर भूमिमा नै वसे। कान्छा नारायणदास गोर्खा आए। र० रा० वंशावलीले नारायणदास बारेको उल्लेख गर्दैन। सम्भवतः यसो हुनु र० रा० वंशावलीको उद्देश्य आफ्नै अमर भूमिका अर्ज्यालको मात्र टिपोट गर्नु भएको जस्तो भान हुन्छ।

चिन्तुका सन्तान इस्मामा अझै छन् भन्ने ध्रु० प्र० को वाक्य अपुष्ट छ। किनभने श्रीपति अर्जयी वाट अमरभूमिमा आए पछि इनका छोरा चिन्तु पुनः गएको कुनै प्रमाण भेटिन्न। इनका सन्तान अमर भूमिका लाम्पाटे, जलुकेनी र विद्वद्वंशका अर्ज्याल हरू हुन्।

२० : २ नारायण दास। इनी गोर्खा शाखाका बगाले तथा विहारे अर्ज्यालका मूल पुरुष हुन्। नारायण दास इस्मावाट गोर्खा गएका हुन्। इनी गोर्खा जादाँ इनका साथमा अर्घा खनका सर्वेश्वर खनाल पनि गएका थिए। इनले द्रव्य शाह लाई गोरखनाथको मूर्ति स्थापना गर्न प्रेरित गरे। फलतः द्रव्य शाहले आफू वस्ने डाँडाको कची छाना भएको घरलाई पक्की वनाई त्यहाँ नाथको मूर्ति स्थापना गरी त्यस डाँडामा इनै इस्माली नारायण दास अर्ज्याल, खनबाट इनका साथ गएका सर्वेश्वर खनाल, कुमाऊँका गणेश पाण्डे र भगीरथ पन्थ समेतलाई वसाए। त्यसै वेला देखि त्यसडाँडामा प्रतिष्ठाकृत गोरखनाथको नाउँले त्यस नया वस्तीको नाउ नै गोर्खा भयो। द्रव्य शाहको राज्याभिषेक गर्ने व्यक्ति नारायण दास हुन्। इनी स्वयं राजगुरु भए तथा आफूले लगेका सर्वेश्वर खनाललाई राजपुरोहित बनाए। द्रव्य शाहले गठन गरेको भारदारीमा राजगुरु नारायण दास अर्ज्याल, राज पुरोहित सर्वेश्वर खनाल, काजी गणेश पाण्डे, सेनापति भगीरथ पन्थ, भूमि विभागका सलाहकार केशव बोहरा र न्याय विभागका सहयोगीका रूपमा गङ्गाराम राना भएको कुरा इतिहासबाट थाहा पाइन्छ।

र० रा० अनुसार नारायण दासलाई नारायण उल्लेख गरी यस माथि मोक्षेश्वर परमानन्द प्रभु यी तीन पुस्ताको उल्लेख गरिएको छ। यस कुराको यकीन न पाउदासम्म यो तीन पुस्ताको उल्लेख निश्चय पनि अनुसन्धेय छ। किन भने नारायण दास इस्मावाट गोर्खा गएको कुरा प्रमाणित छ। इस्माका अर्ज्याल शाखामा मोक्षेश्वर परमानन्द र प्रभु जस्ता तीन नाउँको उल्लेख पाइदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोर्खाको नजीक एउटा छोप्राक्' भन्ने गाउँछ। त्यहाँ गणेश पाण्डेय नाउँक एकजना विद्वान् ब्राह्मण थिए। नारायण दास अर्ज्याल इनका गुरु थिए। पं० गणे पाण्डेयको समग्र अध्ययन नारायण दास कै सान्निध्यमा भएको थियो।

नारायणदास स्वयं मात्र होइन, इनका भाई भतीजाहरू पनि सबै संस्कृतक प्रकाण्ड विद्वान् थिए। यो प्रकांड विद्वत्ता कुनै एक विषयमा मात्र नभई शास्त्रका विविध शाखाहरूमा थियो। इनीहरूले अध्ययन अध्यापनको परम्परालाई आफू र आफ्ना वंशभित्र सीमित न राखी अन्यत्र पनि यसको प्रसार गरेको कुरा इतिहासमा लुके छिपेको छैन। विद्याप्रेमी अर्ज्यालहरूले राज परिवारलाई समेत पनि यस तर्फ प्रेरित गरेका थिए। आफ्ना राजालाई शस्त्रवित् मात्र होइन, शास्त्रवित् पनि पार्नु पर्दछ। अनि मात्र देश वलियो हुन्छ राष्ट्र समृद्ध हुन्छ। अनि मात्र तनहुँ र लमजुङ राज्यसँग गोर्खालि सदैव लोहा लिन सक्तछ। यति मात्र होइन ती सबै राज्यले सधैंका लागि घुँडा टेक्नु पर्दछ, भन्ने महत्वाकांक्षा लिएर विद्याप्रसारको यस पुनीत कार्यमा त्यस वेलाका अर्ज्याल वंशी लागेको देखिन्छ। कतिपय इतिहास विद्‌ले 'शस्त्रेण रक्षिते राष्ट्र शास्त्र चिन्ता प्रवर्तते'को सिद्धान्त न बुझे जस्तो गरी अर्ज्याल वंशले राज परिवारमा दिए गरेको शास्त्राध्ययन प्रेरणालाई राजालाई राज्यकार्य वाट मोडी इनलाई विषयान्तर तिर प्रेरित गरेको जस्तो पनि ठान्न पुगेका छन्।

२२:२ योगिदास—इनी पन्त्र वर्षको उमेरमा घर छोडी पढ़न निस्के। ३५ वर्षको अवधिसम्म वाहिरै रहे। यस बीच इनलाई खोज्न निकै प्रयास गरियो। ब्राह्मणी सधवा र विधवाको बीचको स्थितिमा रहिन्। यति लामो अवधि सम्म इनको पतिको जिउँदो मर्दो सम्म थाहा न भएकोले परिवारमा वडो संकटको स्थिति थियो।

एक दिन साँझमा एउटा व्यक्ति गेरुवा वस्त्र लगाएको, दाह्नी जुँघा कपाल पालेको भिक्षां देहि भन्दै टुप्लुक्क आयो। त्यस लट्टे जोगीले आफ्नू नाउँ गाउँ केही वताएन। साँझ पख आफ्नो काम धाम सके र छिमेक परिवारका पुरुष व्यक्तिहरू त्यस घरमा आए। ४ जोखुले ३५ वर्ष देखि अल-मलिएको भाईको विषयमा सिद्धयोगी सित सोधनी गरे। "उ त योगी भैसक्यो। जिउँदै छ, तर घर गृहस्थीमा रम्दैन भन्ने जवाफ पाए। पाहुना जोगीको खान पीन गर्ने वेला भयो। उनी सन्ध्यावन्दन सकेर खान वसे। ३ चूडामणि की वृद्धा ब्राह्मणी योगीको चाल ढाल, हिडाई-बोलाई खुवाई सबै कुरा वडो उत्सकतापूर्वक हेरी रहेकी थिइन्। एकाएक भित्र गएर आफ्नो छोरा ३ जोखु लाई वोलाइन्। 'ए नानि ? कता कता यो जोगी त हाम्रो कान्छो जस्तो पो छ ?" उनले भनिन।

"न कराउनुस् आमै! तपाइंका आँखाले अहिले यस जोगीलाई मात्रै होइन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पहिले पनि कति जना जोगी जगल्टे विरन्तरीलाई आफ्नो छोरा देखि सके।" छोराले भने।

'वृद्ध ब्राह्मणीले मानिनन्। उनले फेरी भनिन्—"नानी ? मत आमै हुँ। यस छोरालाई १० मैन्हा सम्म कोखमा ६ वर्ष काखमा राखी हुर्काएकी छु। यो हाम्रै कान्छो हो। गालाको कोठी हेर, काखी मुनिको घाउको ठूलो दाग हेर, कसरी होइन भन्छस् ?"

वास्तवमा इनै तिनका छोरा कान्छा थिए। परिवार छिमेक गाउले ले केरे खारे पुनः संस्कार गरे। तीर्थे भोज गरे। सिन्दुर जात्रा गरेर भित्र्याए।

इनको वालख कालको नाउ थाहा छैन। इनका पाइतला दोब्रिएका थिए अतः खोच्याएर हिड्थे। तीर्थ यात्राबाट फर्के पछि इनी योगिदासका नाउले प्रसिद्ध भए। अमर भूमिका अज्र्याल वंशमा चार धाम गर्ने इनी पहिला व्यक्ति हुन्।

इनी वरवाट निस्के पछि एक दुई वर्ष पढेर चार धामको तीर्थ यात्रा गर्न गएका रहेछन्। पैतालिस वर्षको उमेरमा इनलाई एउटा छोरा जन्मे। जसको नाउँ दुर्गादास राखियो। ४७ वर्षमा अर्को छोरा भए जसको नाउँ मुकुटमणि।

यसपछि अमर भूमिका अज्र्यालहरूको वंशक्रममा ध्रु० प्र० वंशावलीमा केहिं संशोधन गर्नु पर्ने विषय परेका छन जस्तै—

१—जन्मेजयका छोरा देवकीनन्दन चक्रपाणि रङ्गनाथ जगन्नाथ देखाइएको छ। चक्रपाणि रङ्गनाथ र जगन्नाथ देवकीनन्दनका भाई न भै क्रमशः छोरा नाती पनाती हुन्।

२—जगन्नाथका छोरा लक्ष्मीराज र चेतोनाथ मात्र दुई भाई देखाइएको छ। यी चार भाई हुन। जेठाको नाउ लक्ष्मीराज नभएर रश्मिराज हो।

३—ध्रु० प्र० वंशावलीको टिप्पणी महल १२ मा यस्तो लेखिएको छ—"लक्ष्मीराजका सन्तान तौलिहवा पाठशालाका पण्डित थिए भन्ने सुनिन्छ। तर यिनको पुस्तावारी गणनाबाट ठहरिन गाहारो छ।" यो कुरा पुस्ता लेखन क्रममा भ्रम पर्न जाँदा लेखिएको हो। रश्मिराजका सन्तान तौलिहवा संस्कृत पाठशालाका पण्डित थिए र अझै पनि छन्। रश्मिराज गोपीराज देवराज र हरिराजले समेत यसमा अध्यापन गरेका हुन्। पं० पुण्य प्रसाद अज्र्याल रश्मिराजका पितृव्यपुत्र हुन् इनले अझै पनि प्रधानाध्यापकका रूपमा यहाँ कार्य गर्दैछन्।

२५:१ पं० देवकी नन्दन पत्नीको नाम सुभद्रा। आफ्ना समयका प्रसिद्ध विद्वान्। अष्टाध्यायी कण्ठस्थ गरेका। छोरा चक्रपाणि तथा छोरीलाई समेत अष्टाध्यायी मुखाग्र गराएका। किंवदन्ती अनुसार पाल्पाका खजन्ती ? परिवार एउटा वर का लागि कन्यारत्नको खोजीमा अमर भूमिको विद्वद्वंशकी केटी माग्न त्यहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आएछन् । देवकीनन्दनकी छोरी त्यस वेला पधेराबाट पानी लिएर आउँदा "वुन् छण् क-ठजिल-से-निर ढन् णन्......" को आवृत्ति गर्दै आउने रहिन्छन्। कन्यार्थीहरूले यो सुने छन् र अन्त कतै सोध पुछ न गरी सोझै देवकी नन्दनका घर उनकै पछि-पछि आएछन् । यसरी ती विदुषी कन्याको विवाह पाल्पा भयो। पाँच शय पृष्ठको "आचारादर्श" नामक पुस्तक देवकी नन्दनले लेखेका छन् । इनले लेखेको तर्क संग्रहमा "देवकीनन्दनाह्वेन लिखितस्तर्कसंग्रहः ।" जस्ता पद्य छन् । यसबाट इनका कवित्व शक्तिको पनि झ-झल्को पाइन्छ ।

२६।१ चक्रपाणि—(वि० सं० १८४५-१८७४) पत्नीको नाउँ नर्मदा । ७ देवकी नन्दन र सुभद्राका जेठा छोरा । इनले परम्परागत अष्टाध्यायी घर मैं पढे। त्यस समयमा खाँचीको लेख भन्ने ठाउमा एकजना प्रसिद्ध वैयाकरण थिए रे। इनी त्यहाँ सिद्धान्त कौमुदीका फक्किका र प्रयोगको अध्ययन गर्न आएका थिए। एक वर्ष सम्म त्यहाँ बसेर गुरु सेवा मात्र गरे । गोठालोकाम तथा घाँस-पात गर्दा आफूले घरमा पढेको अष्टाध्यायीका सूत्रको आवृत्ति गर्नु भन्दा अरू बढी काम भएन । गुरु आमालाई साह्रै दया जाग्यो र उनले पण्डितलाई भनिन् "मभुंङे मानी यहाँ एक वर्ष देखि गोठालो भएर बसेको छ, यसलाई कि पढाउनु पऱ्यो कि विदा दिनुपऱ्यो । अर्काको छोरालाई विस्थामा यसरी राख्न हुन्छ ?"

यस पछि पण्डितले चक्रपाणिलाई पञ्चसन्ध्यन्त साधनी तथा फक्किका सिद्धान्त-कौमुदी पढाए । यसको लागि छ मैन्हाको समय लाग्यो । त्यसपछि 'तँ विद्वान् भईस, अगाडी आफै पढ्नु' भन्ने आशीर्वाद दिई पठाए । इनकी पत्नी सती गएकी हुन् ।

२७:१ कुञ्जर—यी हुलाली वंशका ख्याति प्राप्त पण्डित हुन् । श्री मद्भागवत पुराण र कर्मकाण्डमा इनी पोख्त थिएँ । इनी सल्यानी राजा कहाँ पौरोहित्य गर्न जान्थे । इनको पूरा नाउँ कुञ्जर मणि हो । नमात वस्ने भीम बहादुरका छोरा कटक बहादुर थापाका सन्तान मोरङ्गमा छन् । इनका पूर्वजलाई कुञ्जरले मन्त्र सुनाउथें । एकपल्ट सप्ताह श्रवण साथै मन्त्र दान गर्ने प्रसङ्गमा मोरङ्गवाट कुञ्जर मणिलाई बलाई पठाइयो । वैसाख महिनामा कुञ्जरमणि मोरङ्ग गए । आफ्नो काम सकी फर्के । फर्कंदा बाटामा कुञ्जरलाई सञ्चो भएन । 'म आउदै गर्छु । तिमीहरू न पर्खी जानू' भनी भरियालाई अघिलाएर आफू विश्राम गरे-छन् । भरिया आफ्नो भारी पुऱ्याई घर घर गए । कुञ्जर सञ्चोभएर केही दिन पछि फर्कलान् भन्ने आशामा घरका मानिस वसे । तर उनी फर्केनन् । खोजी मेलो भयो । मोरङ्गका शिष्यहरू गुरुको खोजीमा यता उता लागे । अन्त्यमा वुटवल नगीच कुमारीको झाड़ीमा एउटा कलम र अस्थि फेला परेछन् । शिष्यले गुरुलाई पुस्तक लेख्न भनी आफूले दिएको कलम चिनेछन् र गुरुको देहावसान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको निधो गरेछन् । त्यसपछि आश्विन महिनामा छोराहरूले अस्थिसञ्चय गरी बाबुको क्रिया गरे ।

२८ : १ पं० जगन्नाथ [वि० स० १९०७-१९९० तिरोहित] पण्डित रङ्गनाथबाट नयना देवीको पुत्रको रूपमा जन्मेका बालक जगन्नाथ साने देखि मेधावी थिए । इनी आफ्ना पिता बाट केही अध्ययन गरी विशेष अध्ययनका लागि पोखरा [अर्घौं ?] गएका हुन् । मानकोटका पं० टेकराजबाट प्राप्त जानकारी अनुसार "जगन्नाथ पंडित पोखरा पढ्न जानु भयो । त्यहाँ पढ्न वस्ता मर्भुङे पण्डितका सन्तानको रूपमा उहाँलाई गुरुले साह्रै माया गर्नु हुन्थ्यो । पढ्ने समयमा एउटा साहू गुरुलाई भेट्न प्रतिदिन जसो आउने गर्न थाल्यो । त्यसलाई देख्नासाथ गुरु आत्तिएर हस्याङ-फस्याङ गर्दै उठेर एकान्तमा कुरा गर्न गैहाल्नु हुने रहेछ । साहूजी 'फेरी भोली आउँछु' भनेर जादो रहेछ । साहू सङ्ग भेट भए पछि गुरु "आजलाई यत्ति" भनी शिष्यलाई विदा गरी आफ्नो काममा जानु हुने रहेछ । यसै क्रममा एक हप्ता वित्यो । आठौं दिन पनि साहू आयो । उसले सास पनि न फेरी ठाड्-ठाडै भन्यो—"खोई पण्डितजी रुप्ये ? ल्याउनुस् आज त म तपैलाई छोडदिन, किमार्थ छोड् दिन । मैले पढेको विद्वान् भनेर तमसुक पनि नगरी पच्चीस पच्चीस रुप्पिया सापटी दिएँ । भोली भोली भन्दा भन्दा यत्रा दिन भए । म अब समातेर लान्छु अड्डामा ।"

गुरुका आँखा भरी आँसू आए ? टाउको निहुराए । उनी केही वोलेनन् । विद्यार्थी हरू पनि साहूको राहूरूप देख्ता डराए । यतिकैमा जगन्नाथ "गुरु म एकछिन्मा आउँछु"—भनेर भाग्नु भयो । अरु विद्यार्थीले त्यहाँ आफुसमा भने छन्—भर्मुङे जगन्नाथ डरले भाग्यो । केहि समय पछि साहू अलि सेलायो । एक घण्टा पछि फेरी आउछु भनेर गयो ।

धेरै वेर पछि घुँडा घुँडाको दौरा, टोपी कछाड र कानेजुत्ता लगाएका जगन्नाथ उसै गरी आउनु भयो । पटुका खोले र छन् छन छन २५ रुपिया गनी भनु भयो—गुरु ? यो मेरो तर्फवाट गुरु दक्षिणा हो । साहूको यम पाश बाट उऋण हुनोस् । गुरुको आँखावाट पुनः वर्र वर्र आँसू आए । उहाँले जगन्नाथको पीठ ठोक्तै—"नानी ? हामी विद्याव्यसनी हौं । हाम्रा खेती पेसा व्यापार जे भने पनि तिमी हौ । तिमीहरू नै हाम्रा धन हौ । आज तिमीले मलाई यो कालबाट उम्कायौ । मलाई ऋण मुक्त गरायौ । यो उपकार मैले मात्र होइन, मेरा पुस्ता पुस्ताले विर्सने छैनन् । तिमीलाई मेरो आशीर्वाद छ—तिम्रो तीन पुस्ता विद्वान् वन्ने छ ।"

पं० जगन्नाथले लघुकौमुदी समग्र पढेका थिए । इनले पछि मथुरा गएर भागवत पनि पढे । आफ्ना समयका प्रसिद्ध भागवती को रूपमा इनको ख्याति थियो । पछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपनाम नै इनको 'भागवत' रहन गयो। जीवनको उत्तरार्धमा पण्डित जगन्नाथ लाई वैराग्य आयो। इनले वनारसमा अन्त्य समयमा वस्ने इच्छा गरे। वनारस वं पनि। वनारस वास्ता पनि इनी डेरामा वस्न चाहदैनथे। डेरामा कुनै मानिस नभएकै मौका पारी सुरुक्क धोती वोकेर हिड्थे ! वाहिर गयो घाटतिर। एक पल्ट पञ्चगङ्गा घाटको तीरमा ध्यानावस्थ अवस्थामा फेला पारेर इनलाई ल्याइएको थियो। एकपल्ट फेरि इनलाई मणिकर्णिकाघाटको कुण्ड किनारमा एउटा योगीको धुनीमा तीन दिन तीन रात वसेको फेला पारेर ल्याइयो। एकपल्ट विहान इनी फेरि कुनै नुहाउन र कुनै तरकारी किन्न गएको मौका पारी डेरा छोडी तिरोहित भए। पं० जगन्नाथले पं० टेकराज उपाध्याय ज्ञवाली सङ्ग भनेका कुरा—"मलाई गुरुले तेरा तीन पुस्ता विद्वान् हुन्छन् भन्नु भएको थियो। मैले त दुई चार अक्षर पढे। जेठो नानी रश्मिराजले पनि पण्डितको सीढीमा आफ्नो नाउँदऱ्यो। आफूमात्रै होइन, आफ्ना भाई भतीजालाई पनि यसले पढायो। अव मलाई ठूलो नाती देवराजको चिन्ता छ। यो कस्तो निस्कने हो गुरुको आशीर्वादको भर मात्र हो। आजसम्म हाम्रो विद्वद् वंशले राखेको प्रतिष्ठा कति को कायम रहन्छ।"

काठमाडौं ठमेल नर्सिङ क्याम्पका भीम नर्सिङ एकपल्ट प्यूठानमा वडा हाकिम भएर आएका थिए। प्यूठान आएपछि भीम नर्सिङलाई एउटा धर्मशास्त्र विषयक निर्णय दिन सक्ने निर्णायक पण्डितको आवश्यकता भयो। उनले सिपाहीवाट यो कुरा त्यस भेकमा वुझ्न पठाए। तिन ताक पं० जगन्नाथ र विष्णुदत्तको ख्याति त्यस भेकमा राम्रो थियो। जगन्नाथ प्युठान गए। धर्मशास्त्र सम्वन्धी आफ्ना जिज्ञासा भीम नर्सिङले पण्डित जगन्नाथ सामुराखे। जगन्नाथका निर्णय वाट सन्तुष्ट भई निजले इनलाई पौरोहित्य कार्य राम्रो सङ्ग गराउने व्यक्ति माग्दा जगन्नाथले आफ्ना कान्छा भाई विष्णुदत्तलाई त्यहाँ पौरोहित्यमा लगाए। श्रीमद्भागवतको कथाश्रवण तथा यज्ञोपवीत आदिमा मन्त्रदानका लागि भीमनर्सिङ् पं० जगन्नाथलाई नै वोलाई पठाउँथे। अरू काम विष्णुदत्त वाट नै हुन्थ्यो।

पं० जगन्नाथकी एउटी छोरीको विवाह रानी पोखरी संस्कृत प्रधान पाठशाला का पं० हेमनाथ सङ्ग भएको थियो। अर्की छोरीको विवाह प्युठान लुङ् खर्कका पं० शशिधर रिजालका साथ भएको थियो।

पं० जगन्नाथ काशीमा अन्तर्हित भएका हुन्। इनको उपलब्ध जन्मपत्रिका चिह्ना- मा इनले काशी क्षेत्रमैं देहत्याग गर्ने कुराको सप्रमाण उल्लेख छ—

"जीवेन दृश्यते चन्द्रश्चन्द्रेण दृश्यते गुरुः।
तदा मृत्युं व्रजेदेव काशी क्षेत्रे न संशयः॥"

रश्मिराजकी एउटी छोरी गुल्मी मानकोटका पं० टेकराजज्ञवालीलाई दिइएकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन् । कन्यार्थी रूपमा टेकराज ज्ञवाली कपिलवस्तु आए । इनी काठमाण्डूमा पढदै थिए । प्रसङ्गतः पं० जगन्नाथले इनको अध्ययन बारे सोधे । व्याकरण पढेको थाहा पाए पछि तत्काल यही प्रस्ताव राखे—

हरौ भानौ द्वितीयायां जग्ले मग्ले च सप्तमी ।
अजर्घाः जसि यो वक्ति तस्मै कन्या नदीयते ।

पं० रश्मिराजले योग्य वर पिताको परीक्षामा कतै असफल भएर फर्क्यो भने कहिं हातको माछो उम्काउनु जस्तो हुने हो कि भन्ने आशङ्काले झटपट यो शङ्कराचार्यको पद्यांश भनेर पितालाई सतर्क पारे—"नहि नहि रक्षति डुकृञ्करणे ?" अर्थात् विहा छिनेर लगन लेख्ने वेलामा व्याकरणका यी प्रश्नहरूले कल्याण छैन । यो कुरा स्वयं पं० टेकराज ज्ञवालीवाट यस लेखकले सुनेको छ ।

२८ : ४ पं० विष्णुदत्त [जन्म १९२४–१९९९] रङ्गनाथ र नयना देवीका कान्छा छोरा तथा पं० जगन्नाथका भाई पं० विष्णुदत्तले पाणिनीय व्याकरण तथा कर्मकाण्डको अध्ययन गरेका थिए । तात्कालिक अमर भूमिको विद्वद् वंशमा पं० जगन्नाथ पछि इनको नै नाउँ थियो । इनले लेखेका लेखोट पुस्तकहरू वंशमा सुरक्षित छन् ।

२९ : १ पं० रश्मिराज [जन्म १९४३–२०१५] पत्नी केश कुमारी । रश्मिराज आफ्ना समयका ख्याति प्राप्त विद्वान् । पाणिनीय व्याकरणका त्यसैमा पनि अष्टाध्यायीका मर्मज्ञ विद्वान् । कर्मकाण्डविधानका परिष्कर्ता । पञ्चाङ्ग निर्माता । अष्टाध्यायीका टिप्पणीकार । अमरकोषका टीकाकार । वंशावली अन्वेषक । संस्कृत विद्याका कट्टर समर्थक । ७ देवकीनन्दन पछि इनले नातिनी कमलालाई संस्कृत पढाएका । तीनधाम तीर्थयात्रा गरेका ।

इनका सहपाठीहरू—डिल्लीराम, कालिदास पराजुली, पीताम्बर बाग्ले, सोमनाथ सिग्देल, शिवकुमार रेग्मी, लेखनाथ पौडेल, टेकराज ज्ञवाली, दधिराम मरासिनी आदि हुन् ।

इनीवाट अध्ययन गरेका व्यक्तिहरू पीताम्बर [११ विद्वद् वंश] चेनोनाथ, लोकनाथ [११ हुलाली पण्डित] हरिप्रसाद ११ विद्वंश, गोपीराज [११ विद्वद् वंश] ईश्वरी प्रसाद, ठाकुर प्रसाद, शम्भुप्रसाद ज्ञवाली, चिन्तामणि ज्ञवाली, पुण्यप्रसाद, अर्ज्याल र केशव अर्ज्याल आदि ।

विष्णु हरिका प्रिय शिष्य । काठमाडौंमा एकपल्ट पं० विष्णु हरिले इनलाई दुई पैसाको भैंसीलाई खुवाउने मकैको पिठो किन्न पठाए । रश्मिराजले पिठो किनेर ल्याए पछि, विष्णु हरिले उनलाई "फोसा के ल्यायौ" भनी सोधे । रश्मिराज अवाक्किए । उनले त्यो पिठो लिई पुनः पसल फर्कनु पर्‍यो र फोसामा खुर्सानी ३ मागी ल्याए

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पछि बल्ल छुट्टी मिल्यो । त्यसदिन इनले गुरुबाट काठमाण्डूमा सामान किन्दा फोसालिन नभुल्नु भन्ने र कतिको सामान किन्दा के फोसा पाइन्छ भन्ने समेत अति उपदेश पाए । कुलचन्द्र गौतम रश्मिराजलाई अत्यन्त रुचाउँथे । इनको विद्वत्ताबाट कुलचन्द्र निकै प्रभावित थिए ।

रश्मिराजले पं० ईश्वरी प्रसाद पं० ठाकुर प्रसाद दुवैलाई बनारसमा पं० कुलचन्द्रका साथ परिचय गराई तिनी सङ्ग पढ्न लगाए ।

अध्ययन सके पछि रश्मिराज पत्नी केश कुमारीलाई लिई काठमाण्डू गए । त्यहाँ बाट तौलिहवा आए । तौलिहवामा सरकारी पाठशालामा जागिरे भै अध्यापन कार्य गरे पछि पं० गोपीराजलाई पनि इनले तौलिहवा मैं ल्याई बसाले । रामप्रसाद (११ कुडापाने अठभैया ठुलाघरे) पनि तौलिहवा आई बसे ।

पं० रश्मिराज पुरुषार्थी व्यक्ति थिए । इनले आजीवन कसैको भर गरेनन् । तौलिहवाको श्री सम्पत्ति स्वयं उनको निजी कमाई हो । पैतृक सम्पत्ति रत्ती भर छिनामिना न पारी सुरक्षित राख्ने इनको दृढ निश्चय थियो । इनी अमर भूमिको आफ्नो पैतृक सम्पत्तिलाई मुटुको स्पदनको रूपमा मान्दथे । इनका छोरा देवराजले पनि आजीवन यस सिद्धान्तलाई त्यागेनन् ।

रश्मिराजले छोरा हरूलाई अंश छुट्याई दिए । तर आफूलाई अंश राखेनन् । 'छोराको भरमा बाच्ने र छोराको आशा गर्ने बाबु नामर्द नै हो । छोरा छोरी प्रति बाबुले निस्वार्थ रूपमा कर्तव्य मात्र गर्नु पर्दछ' भन्ने निजको धारणा थियो । रश्मिराजका डायरी उनका हस्तलिखित पुस्तक पात्राहरू कपिलवस्तु रश्मिनिलयमा सुरक्षित छन् । स्वयं अहर्निश लेख्न तथा अध्ययन व्यवसायमा आजीवन लागेका पं० रश्मिराज प्रारम्भ देखिनै अध्यापनको क्षेत्रमा आएका थिए । इनको अध्यापन शैली अत्यन्त सरल र आकर्षक थियो । रघुवंश द्वितीय सर्गमा सिद्धि छ । यो सारस्वत साधना गर्ने हरूका लागि मन्त्र राज हो भन्ने धारणा रश्मिराजको थियो । इनी आफ्ना छात्रहरू लाई पहिले रघुवंश द्वितीय सर्ग पढाउँथे । १० श्लोक इनी संग पढे पछि एघारौ श्लोक को अन्वय र सामान्य अर्थ गर्न छात्र स्वयं अघि सर्दथ्यो । रघुवंश द्वितीय सर्ग समाप्त पार्दा साहित्यका अरू सामान्य ग्रन्थ स्वयं लगाउन सक्ने योग्यता निष्पादन आफ्ना शिष्यलाई गराउन सक्ने पं० रश्मिराज अर्ज्यालका शिष्यहरूमा अमर भूमिका धेरै विद्वान् हरूछन् । रश्मिराज बारे ११ हरिप्रसादको यो पद्य उल्लेख्य छ—

"अपि वंशे भवेन्मूर्खो रश्मिराजे चकासति ।
तमस्तपति धर्मांशौ कथमाविर्भविष्यति ॥"

रश्मिराज पाणिनीयाष्टध्यायीका खारिएका विद्वान् थिए । सूत्र शैलीबाट अध्यापन गर्ने इनको बानी थियो । फलतः हरिहर पाठशाला खिदीमका दधिराम मरासिनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को व्याकरणाध्यापन शैली र रश्मिराजको व्याकरणाध्यापन शैलीमा निकै भिन्नता थियो । इनलाई तत्त्ववोधिनीकार ज्ञानेन्द्र सरस्वती कत्ति पनि मन पर्दैनथे । इनी समय समयमा भन्ने गर्दथे "त्यो ज्ञानेलाई व्याकरण के आउँछ त्यो त जे मन लाग्यो त्यहि वोल्छ ।"

व्याकरणका विद्वान् रश्मिराज साहित्यलाई अध्येतव्य विषय न ठानी केवल मनोरञ्जन र शिल्प प्रयोगको विषय ठान्दथे । त्यसै हुनाले लेखनाथ पौड्याललाई काव्य लेखनतर्फ प्रेरणा दिने आपना सखा दधिराम मरासिनीले आफूलाई काव्य लेख्ने सलाह दिंदा शास्त्रेषु भ्रष्टाः कवयो भवन्ति" (जसको प्रवृत्ति शास्त्रीय विषय पट्टि हुँदैन, त्यस्ता निर्धा मात्र कवि हुन्छन् । भन्ने जवाफ दिएका थिए । यसो भन्नु कतिको उचित थियो त्यसको छलफल गर्नु भन्दा पनि इनी व्याकरण शास्त्र प्रति कति निष्ठा वान् रहेछन् भन्ने कुरा छर्लङ्ग हुन्छ ।

पं० रश्मिराजको सोख मड्याएको नेपाली कागतमा ग्रन्थ प्रतिलिपि गर्नु थियो । इनले यस्ता हरिताल लिप्त कागतमा, अमरकोष, अष्टाध्यायी, धातुपाठ, रघुवंश द्वितीय तृतीय सर्ग, दुर्गा सप्तशती आदि पुस्तक लेखेका छन् । अमरकोष, अष्टाध्यायी तथा रघुवंशमा इनका स्वयंका टिप्पणी हरू पनि छन् । जसको उपयोग इनी अध्यापन कार्यमा गर्दथे ।

पं० रश्मिराज पञ्चाङ्ग लेखनमा पनि अत्यन्त निपुण थिए । प्रति वर्ष मड्याएको नेपाली कागतमा पञ्चाङ्ग (मुढे पात्रो) लेख्ने गर्दथे । जो सधैं इनका साथ रहन्थ्यो ।

धर्मशास्त्रलाई इनले आपनो रुचिको विषय पारेका थिए । प्रचलित कर्मकाण्ड लाई इनले युगानुकूल संक्षेपीकरण गर्ने प्रशस्त प्रयास आपनो जीवनमा गरे । यस दृष्टिले कर्मकाण्डका विभिन्न पुस्तकहरूको सम्पादन गरे । तर बनारसको एकजना पुस्तक व्यवसायी गौरीशङ्कर शर्मा भास्कर पुस्तकालयलाई प्रकाशनार्थ दिएका थिए । तर ती पुस्तक अहिलेसम्म छापिएका छैनन । पाण्डुलिपिसम्मको पनि अत्तो पत्तो छैन । हाल यो संस्था नै छैन ।

रश्मिराज अर्ज्याल आफ्नो वंश प्रति निकै स्वाभिमानी थिए । वंशको प्रतिष्ठा र यश हुने कुरावाट इनी कहिल्यै पछि परेनन् । इनले आफूले मात्र पढेनन् आपना छोरा भाई भतीजा वन्धु बान्धव समेतलाई पढाए । आपना वंशभरिमा कुनै मूर्ख न रहोस भन्ने इनको प्रवल धारणा थियो । इनले तर्फ यस निकै प्रयत्न गरे । यो कुरा सर्व विदित छ । वंशको प्रतिष्ठा र मर्यादाको अन्वेषणको पुनीत कार्यमा लागि रहे । वंशावलीको खोजी र लेखन इनको यावत् जीवन नै अध्यवसाय थियो । यस कार्यमा लागेका अर्ज्यालवंशीविद्वद्वरहरूमा पहिलो उदयानन्द पछि दोस्रो तेस्रोमा इनकै नाउँ लिइनु पर्ने हो कि ? तर विस्तृत र प्रामाणिक जानकारीका लागि भने इनलाई नै पहिलो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नु पर्दछ। इनले आफ्ना कतिपय लेखोट पुस्तकहरूमा आफ्ना पुर्खा जनमेजय देखिको वंश परम्परा पुष्पिकावाक्य पछि लेखेको पाइएको छ। इनको वंशावलीलाई नै आधार मानेर यो पुस्तक पनि तयार भइरहेछ। रश्मिराजले केवल अर्ज्यालको मात्र होइन आफ्ना गाउँ छिमेक जिल्लाका अन्य अचार्ज, पन्थी, वेलवासे, थापा, झवाली आदिको पनि वंशावली संग्रह गरेका छन्। यसबाट पनि इनको वंशावली पट्टिको अभिरुचि स्पष्ट झल्कन्छ।

रश्मिराजकी पत्नी केश कुमारीको देहावसान चाँडै भएकोले अन्दाजी ३० वर्षको समय इनले पत्नी वियोगमा विधुर भएर बिताउनु पऱ्यो। हुन त त्यस अवस्थामा इनको यो वैधुर्य अवश्य कष्टप्रद थियो तर यसले अरूलाई निकै फाइदा भयो। किनभने यति लामो समय इनले शास्त्राध्यापन लेखन र अन्वेषण आदिमा लगाउन पाये। रश्मिराज आफूले चिने जानेको ठाउ र इष्टमित्रका घरमा प्रतिवर्ष पुग्दथे। त्यहाँका धारणाहरू डायरीमा टिप्दथे। इनीले आफ्ना पूर्वज गोत्रकार महर्षि आत्रेय जस्तै यायावर भएर आफ्नो लामो अवधि विताए। स्वभाव अनुसार इनी एकदिन भन्दा अर्को दिन एक ठाउँ बस्दैनथे। इनी आफू स्वयं मै चल पुस्तकालय जस्ता थिए। इनले जे जति जानेका थिए त्यो इनलाई मुखस्थ थियो। पुस्तकाश्रयीलाई इनी वैशाख नन्दन (गधा) भन्दथे।

रश्मिराज पहिले आफ्नी पत्नी संग काठमाडौं गएका थिए। त्यहाँ आफ्ना साथी सोमनाथले गरेको माहिला गुरुज्यूको चाकडी, लेखनाथले आफूलाई पनि भुलेर गरेको राणाको दरबार सेवा आदि बाट इनी वाक्क भएका थिए। अतः इनलाई यो चाकडी कत्ति मन परेन। इनले वार्ता प्रसङ्गमा इनका राणाका प्रशंसामा लेखिएका काव्य हरूलाई आफ्ना कवित्व शक्तिको दुरुपयोग भन्दथे। रश्मिराज तौलिहवा आई बसे। इनलाई मन पर्ने त्यस बेलाका युवक कवि धरणीधर कोइराला थिए। धरणीधरको नैवेद्य कविता संग्रह किनेर ल्याई आफ्ना तीनै ओटी बुहारीलाई पढन लगाएको कुरा थाहा पाइएको छ। इनका राणा प्रतिको यस असन्तुष्टिको प्रतिफल नै हो इनका माहिला छोरा पं० वामदेव राष्ट्रिय कांग्रेसका त्यस बेलाका नामी कार्यकर्ताका रूपमा निस्के।

रश्मिराज निरोगी थिए। प्राणायम साधक थिए। साँझको सन्ध्यामा इनले कहिले काहिँ पञ्च पात्र आचमनीयको उपयोग न गरी केवल एकान्त ध्यान तथा प्राणायाम द्वारा नै सन्ध्याकृत्य समाप्त गरेको पाइएको छ। तर प्रातः कालिकी नित्यकृत्यमा भने इनी यसो गर्दैनथे। इनी नित्य तर्पण गर्दथे। विहान नियमित रूपमा पाश्वायन स्तुति 'प्रातस्मरामि······प्रातर्भजामि···प्रातर्नमामि'···को पाठ इनी गर्दथे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रश्मिराजको संस्कृत लेखन र उच्चारण निकै प्रौढ थियो। यो कुरा इनका लेखाई बाट थाहा हुन्छ। इनी आफ्ना विद्वान् छोरा भतीजा शिष्य ज्वाँई चेला हरूलाई संस्कृत मै पत्र लेख्ने गर्दथे। उनीहरूले पनि इनलाई संस्कृत मै जवाव दिन्थे। गुल्मी मानकोटका विद्वान् पं० टेकराज ज्ञवाली, इनका छोरी जुवाँई हुन्। प्यूठान लुङ्का ख्याति प्राप्त विद्वान् पं० शशिधर रिजाल र काठमाडौं डिल्ली बाजार धोवी धाराका पं० हेमनाथ घिमिरे रानी पोखरी संस्कृत पाठशालाका तात्कालिक पण्डित इनका बहिनी जुवाँई हुन्।

रश्मिराज जुनसुकै कुराको पनि सूक्ष्म अध्ययन गर्दथे। शास्त्रमा पनि व्यवहारमा पनि। इनलाई भाषाका शब्दहरूको बनोट प्रति निकै चासो थियो। आफ्नो जन्म स्थल अमर भूमिका त्यस बेलाका घर्तिनी धाई आमा कमारीका लालन पालनमा हुर्केका रश्मिराज सानै देखि मगर भाषा जान्दथे। थारू भाषामा पनि इनको निकै अधिकार थियो। नेपाल गंज देखि परासीसम्मका थारू भाषाका विभिन्न भौगोलिक तथा क्षेत्रीय भेद छुट्याएर बोल्न इनी निकै सिपालू थिए। इनले अध्ययन कालदेखि लिएर आफ्नो समस्त जीवन काठमाण्डूका कुसुलेले सिएको राष्ट्रिय पोसाक लगाएर बिताये। इनी काठमाण्डूमा चिरपरिचित मड्याएको कागत बेच्ने र लुगासिउने कुसुले, यी दुवैका घरमा गए पछि नेवारी बोल्दथे। यसरी संस्कृत साथै नेपाली, मगर, थारु, नेवारी हिन्दी, भोजपुरी, अवधी, जस्ता भाषा विज्ञ रश्मिराज यी सबै भाषाहरूलाई संस्कृत जन्य भन्दथे र कतिपय शब्दहरूका व्युत्पत्ति दिन्थे। तर यायावर ऋषिको यो प्रतिभा कुनै एउटा कागतमा न सङ्गालिनु एउटा दुःखकै कुरा हो।

पं० खेमराज अर्ज्यालका साथ इनी एकपल्ट अमर भूमिबाट धुर्कोट आउँदै थिए। बाटामा छल्लिखोला र पनाह खोला परे। दुवै खोला नाघेर इनी धेरै पर पुगे। एका-एक पछि फर्केर भतीजा खेमराजलाई भने—"बाबु एक थोक साह्रै गल्ती भयो। छल्ली र पनाह मध्ये कुन खोलाको पानी मीठो छ। यसको विचार गरिएन।"

दुवै फर्केर पुनः छल्लि र पनाहको पानी खान गए। खेमराजले पछि डराईडराई सोधे—"यो पानी जाँचेर के हुन्छ?" "तेले कुरा बुझिनस्। आफ्नो जन्मभूमिको पात-पातको अध्ययन गर्नुपर्दछ। आज हामो यस स्थितिमा छौं। हाम्रा छोरा नाती पुरुषार्थी भए भने यसको पनि दार्जिलिङ शिमलाको जस्तो विकास हुनेछ। त्यस बेला सरकारबाट घर घरै पानी लै जाने योजना होला। इञ्जिनियर आउलान् त्यस बेला यो पानी मीठो यो पानी न मीठो भनेर छुट्याइएला जहाँको पानी मीठो छ त्यहिको पानी लगिएला। जागिर खाने इन्जिनियरलाई यसको के थाहा?" यसै गरी अर्घाखाची रजियाभेकका अलगाडांडामा फेलापर्ने ढुङ्गाहरूबाट इनी 'धेरै सहास्राब्दी पहिले यहाँ खोला हिंडेको थियो भन्ने गर्दथे। आज भन्दा ४०।४५ वर्ष पहिलेको नेपालमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि यस्ता कुरा गर्ने रश्मिराजको सूक्ष्म अध्ययन र राष्ट्रलाई सुनौला देख्ने सपनाको कदर हामीले नगरी नहुनेछ ।

सारस्वतसाधक रश्मिराजले नित्य तर्पण सन्ध्यावन्दन र घर बसेको बेला पञ्चायतन पूजन र पितृ श्राद्ध वाहेक अरू कुनै धार्मिक अनुष्ठान गरेको थाहा पाइँदैन । इनले व्यासासनमा बसेर कपिलवस्तुको तौलेश्वर नाथ मन्दिरमा चतुर्मासाको पारायण तथा एकपल्ट लगभग अठारैं पुराणको पारायण गरेका हुन् । त्यस बाहेक इनले जगन्नाथ, रामेश्वर द्वारका प्रभृति तीर्थ स्थलको यात्रा र पिण्डपानी गरेका हुन् । त्यस बेलाका पाणिनिका अवतार भन्न सुहाउने पण्डित रश्मिराजको विद्वत्ता उनका निर्णय उपदेश र खास गरी उनका वंशावली सम्बन्धी खोजीका लागि अर्ज्याल सन्तति चिर ऋणी छ । रश्मिराजका अक्षर अत्यन्त राम्रा थिए यति मात्र होइन इनका अक्षरले पनि परम्पराको अनुसरण गरेका थिए । रश्मिराज भन्ने गर्दथे—"मेरा अक्षर मेरा पिताका जस्तै छन् । पिताका अक्षर पितामहका जस्तै थिए । पितामहका अक्षर प्रपितामहका जस्तै यसै गरी जनमेजय देखि म सम्म अक्षरका बान्की उस्तै छन् ।"

इनका जेठा छोरा देवराजका पाँच भाई छोरा छन् । "साहिला छोरालाई अंग्रेजी पढाऊँ कि ?" भनी देवराजले सोध्दा उनको जवाफ थियो—आफ्नो कुल विद्या राष्ट्र विद्या संस्कृत न पढाई व्यापारीको विद्या पढाउने भए आजसम्म मैले लेखे-संग्रह गरेका पुस्तकहरू गाडामा लदाई वाणगङ्गा लगी पोली बगाइउनु । म यस घरबाट कहिले न फर्कने गरी निस्केर जान्छु । अनि अंग्रेजी फारसी जे पढाउनु छ पढाउनु ।" संस्कृत विद्याको लागि यसरी मरी मेट्ने विद्वान् जसले आफ्ना सन्तान दर्शन्वानमा समेत संस्कृत विद्वत्ता नटुटोस् भन्ने स्वर्णिम कल्पना गर्दथे, समस्त नेपालीका स्तुत्य छन् । इनलाई सम्झेर आजका संस्कृतज्ञ हूँ भन्ने हरूले तथा संस्कृत जीवीहरूले आफ्नो मूल्यांकन स्वयं गर्नु पर्ने बेला आएको छ । यसो भएन भने नेपालमा संस्कृत मेटने हरूमा कसको नाउ इतिहासका पनामा दरिएला ? अहिल्यै विचार पुर्‍याई राख्दा कसो होला ?

रश्मिराजका पिताको नाउँ पं० जगन्नाथ तथा पितामहको नाउँ पं० रङ्गनाथ तथा प्रपितामहको नाउँ पं० चक्रपाणि हो । इनका तीन भाई छोरा हुन् । जसका नाउँ क्रमशः पं० देवराज पं० वामदेव र पं० गिरिराज हुन् ।

२९ : २ गोपीराज—[१९५४–२३९] इनको विवाह घुर्कोट भएको हो । इनको अध्ययन पं० रश्मिराज बाट नै भएको थियो । पं० गोपीराजले हाल तौलेश्वर नाथ संस्कृत प्रधान पाठशाला तौलिहवाको मातृ संस्थामा अध्यापन गरे । इनले तीन धाम गरेका छन् । दुई ओटा श्रीमद्भागवत सप्ताह सुनेका छन् । श्री ५ महेन्द्र द्वारा लगाइएको कोटि होममा इनी पनि आमन्त्रित र सम्मिलित भएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिए। इनका तीन छोरा यज्ञप्रसाद, पुण्यप्रसाद अर्ज्याल तथा केशव अर्ज्यालले प्रारम्भिक अध्ययन पिता गोपीराज बाट गरे। पुण्यप्रसाद र केशवलाई पछि रश्मिराजले स्वयं पनि पढाए। इनलाई आफ्ना सहपाठी दधिराम मरासिनी हेड पण्डित भएको हरिहर संस्कृत पाठशालामा लगी—यी दुइ जना भतीजा हुन्। दुवै प्रवुद्ध छन्। इनलाई यहाँ भर्णा गरी पढाई हाम्रो विद्यावंशको प्रतिष्ठा राखि दिनु पऱ्यो भनी भर्णा गराएका हुन्। पुण्यप्रसाद व्याकरणाचार्य पास छन्। केशव संस्कृतका विद्वान हुनुका साथै पाली भाषाका पनि विशेषज्ञ छन्।

२९ : २ **पीताम्बर**—[१९४५ जन्म] तीन धारा संस्कृत छात्रावासमा वसी अध्ययन गरेका। सिद्धान्त कौमुदी स्त्री प्रत्ययान्त मात्र पढी दोस्रो वर्षमा उहीं दिवङ्गत भएका।

२९ : २ **दुर्गाप्रसाद**—समग्र सिद्धान्त कौमुदी कण्ठस्थ थियो। हेड गुरु विष्णुहरि कोटि होममा गएको वेला इनलाई मेरो ठाउमा वसी म न आउन्ज्याल तिमीले पढाउनु पाठलाई दिनु। म नभएर पढन हर्जा न होस् भनी अह्राई छाडेका थिए। यसबाट इनका विद्वत्ताको अनुमान हुन सक्तछ।

२९ : ३ **चेतोनाथ**—[जन्म १९५० वि० सं०] आफ्ना दाजु रश्मिराज सङ्ग अष्टाध्यायी र काव्यको अध्ययन। काठमाण्डौंमा केही वर्ष अध्ययन गरी अमर भूमि फर्केर घरमा नै केही वर्ष पं० रश्मिराजको आज्ञा अनुसार आफ्ना भाई भतीजा हरूलाई पढाएर वसे। इनका छात्र डिल्लीराम लोकनाथ [हुलाली पण्डित ११] आदि हुन्। चेतोनाथलाई अध्यापन कार्यका लागि दङालीहरूले दाङ लगे। दाङमा संस्कृत विद्याको बीजवपन गर्ने श्रेय पं० चेतोनाथ लाई छ।

दाङ् सवारी कोटमा इनले पं० वासुदेव शर्मा पं० भागवत शर्मा पं० जागेश्वर ब्राह्मण प्रा० रामेश्वर शर्मा आदिलाई पढाएका हुन्।

पं० चेतोनाथ संस्कृत कविता गर्दथे भन्ने कुरा खेस्राहरूबाट थाहा हुन्छ। इनले कुनै भगवतीको मन्दिरमा घण्टा चढाएका थिए, भन्ने कुरा त्यसका लागि लेखिएको संस्कृत श्लोकबाट थाहा हुन्छ। इनले पौरोहित्य कार्य गर्ने गराउने सामान्य व्यक्तिको सुविधाका लागि लक्ष्यवर्त्ती आदि धार्मिक कथाहरूको नेपाली अनुवाद प्रकाशित गराएका थिए। बाँधिकोट गुल्मीका मुक्तिनाथले आफ्ना छोरा नाती पढाउन अत्यन्त नै अनुरोध गर्दा केही समय अध्यापन गर्न इनी बाधिकोट पनि वसे। इनका सन्तान दाङ् विजौरीमा छन्।

२८:११ **डिल्लीराम (हुलाली)**— इनले पं० रश्मिराज बाट राम्रो तालीम पाएका हुन्। रश्मिराजका विद्वत्ताको प्रत्यक्ष प्रभाव इनमा परेको भनिन्छ। पछि चेतो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाथ सङ्ग पनि इनले अध्ययन गरे। काठमाडौं रानी पोखरी पाठशालामा इनलाई 'श्रुतिधर' भनिन्थ्यो। इनको प्रतिभा र वैदुष्यले गर्दा इनी पछि काठमाडौं पढन जाने अर्ज्यालहरूलाई "तिमी श्रुतिधरका वंशज हौ ?" भनेर सोधनी गरिन्थ्यो तथा गुरुवर्गबाट अमर भूमिका विद्यार्थी हरूलाई विशेष स्नेह गरिन्थ्यो।

२९ : ३ चिरञ्जीवी [१९६६–२०४०]—इनको विवाह गुल्मी धुर्कोट भएको हो। इनले पण्डित रश्मिराज तथा चेतोनाथ सङ्ग अध्ययन गरे। अमर भूमिको यस पुस्तासम्म अक्षरहरूको बनोट एउटै खालको हुन्थ्यो। जसमा चिरञ्जीवीका अक्षर पनि आफ्नो पुर्ख्यौली पीढीलाई अनुसरण गर्दथ्यो। इनका तीन भाई छोरा मध्ये महिला अमर भूमि मै अध्यापन गर्दछन्। कान्छा दुर्गाप्रसाद पाटनक्याम्पस ललितपुर नेपालमा नेपाली विषयको अध्यापन गर्दछन्। अमर भूमिमा विद्वद् वंशको परम्पराको निर्वाह पछि पण्डित चिरञ्जीवी बाट नै भएको हो भन्दा अत्युक्ति हुँदैन।

३० : १ देवराज अर्ज्याल—माता केश कुमारी तथा पिता रश्मिराजका जेठा छोराका रूपमा जन्मेका देवराज अर्ज्याल आफ्ना पिता जस्तै विद्वान् पुरुषार्थी थिए। देख्ता व्यवहार लिप्त देखिने यी बुझ्दा विरक्त थिए। कपिलवस्तुका यी अर्ज्याल विभूतिले सिद्धार्थले झैं विहा गर्दा साथ घर छोडी मुक्तिको बाटो खोज्न मुक्तिनाथ र दामोदर कुण्डको यात्रा गरेका हुन्। कुनै साधकले "मुक्तिको अर्थ थालेको व्यवहार चटक्क छोडी वन पस्नु होइन यावज्जीवन कमलका पातको पानी झैं व्यवहारमा लिप्त न भै समस्त व्यवहार गर्दै रहने तथा आध्यात्मिक चिन्तनमा लागि रहने व्यक्ति नै मोक्षको अधिकारी हो।" भन्ने अर्ति दिए पछि इनी पुनः फर्केर घर आए। विभिन्न प्राणायाम, नेति धौति बस्ति क्रियाहरू तथा विविध आसन व्यायाम गर्ने देवराज पछि पचीसौं वर्ष सम्म नुन नखाने, एक छाक मात्र साँझमा भात खाने भएका थिए। इनले दक्षिण भारतका अरुणाचल नामक ठाउँका महान योगी भगवान् रमण महर्षिबाट योग दीक्षा पाएका थिए। देवराजको शारीरिक तथा मनोबल दुवै समान थियो। यी एकदिनमा ३० कोस सम्म सामान्यतया हिड्न सक्तथे। तौलिहवाबाट भैरहवा पैदल पुगी पुनः त्यहाँ काम सकी साँझ पुनः तौलिहवा आएका इनका कैयौं उदाहरण छन्।

देवराजले आफ्ना हातका नाडीको गति ब्याम्मै रोकी दिन्थे। यस अद्भुत कार्यले ठूला ठूला डाक्टरलाई आश्चर्यचकित पारेका थिए। देवराज वीर साधना पनि गर्दथे। कुनै ब्रह्मचर्य शील बालकको दाहिने बुढी हातको औंठामा कालो लगाई त्यसमा त्यस-बालको ध्यान केन्द्रित गराई उनी अतीतका समस्त कुरा त्यसमा चल-चित्रमा झैं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखाउन सक्तथे। उनी संस्कृतमा भन्दै जान्थे बालकले तदनुसार आफूले देखेको कुरा नेपाली अथवा अवधी उपभाषिकामा वर्णन गर्दै जान्थ्यो। कपिलवस्तुमा इनले यसरी धेरैजनाका हराएका कुरा पत्ता लगाई दिए। पछि यसबाट सामाजिक वातावरण प्रभावित हुने ठानी यो कार्य पूर्ण रूपमा छोडी दिए पनि। योगी देवराजले जीवनका अन्तिम समयमा अजपा गायत्रीको उपासना गर्न थालेका थिए। वाक्संयमी तथा प्रायः मौन रहने इनको आदत थियो। यस समयमा इनी जिब्रो तालुतिर फर्काई अमृतविन्दुको पान गरी रहन्थे।

देवराजले आफ्ना इष्टदेवता देवीको उपासना आजीवन गरे। अष्टमीमा व्रत बस्नु चण्डी पाठ गर्नु साथै प्रति फूल मन्त्रोच्चारण पूर्वक ३ लाख करवीर फूलले भगवतीको अर्चना गर्नु, प्रतिदिन पाञ्चायतनपूजा, वलिवैश्वदेव तथा नित्य श्राद्ध गर्नु इनका धार्मिक कृत्यहुन्। फलतः इनलाई लक्ष्मी र विद्या दुवैले पत्याएका थिए।

किशोर वयः कालमा तीव्र संग्रहणी रोगले ग्रस्त भै लखनऊ र वाराणसी पुऱ्याउनु परेका देवराजले डाक्टरले जवाव दिए पछि स्वयं पथ्य र परहेज द्वारा उपचार गरी यस रोगबाट सदाका लागि मुक्ति पाए। देवराजले स्वयं चरक, सुश्रुत, अष्टाङ्गहृदय तथा भैषज्यरत्नावलीको गहिरो अध्ययन गरे। साथै च्यवनप्राश, ब्रह्मरसायन, नारा- यण तेल, अशोकारिष्ट, द्राक्षासव हिंग्वष्टक, सितोपलादि चूर्ण जस्ता आयुर्वेदिक औषधि निर्माण गरी प्रशस्त लोकोपकार गरे। काठमाडौंबाट रसादि औषधि झिकाएर पनि इनले सयौं रोगीका उपचार गरे।

देवराजले बनारसमा अध्ययन गरेका हुन्। इनले यहाँबाट साहित्यमा मध्यमा गरे। साथै वेदको राम्रो अध्ययन गरे। साहित्यमा मध्यमा गरेको कुरा पिता रश्मि- राजलाई कत्ति मन परेको थिएन। उनले साहित्यमा मध्यमा दिएर आएँ भन्दा खुपै गाली पाएका थिए। इनको अध्ययन शास्त्रीसम्मको थियो।

देवराज पहिले पटवारीको जागिरमा नियुक्त भए। केही वर्ष यस पदमा रही कार्य गरे पनि। तर आफ्नो प्रवृत्ति अनुकूल न हुँदा यो काम छोडो २००५ सालतिर तोलेश्वरनाथ संस्कृत पाठशालामा वेदाध्यापकका पदमा नियुक्तिलाई कार्य गर्न थाले। इनले यस सरकारी सेवामा २५ वर्षको लामो अवधि बिताए। त्यस विद्यालयमा अध्ययन गरेका इनका अनेकौं छात्र छन्। जो हाल विभिन्न क्षेत्रमा कार्य- रत देखिन्छन्।

देवराजका साथी कथाकार भवानी भिक्षु हुन्। भवानी भिक्षु भिखया अथवा भवानी भीख भनिन्थे। बालक कालमा कुश्तीका अखाडामा इनी दुइटाको खेल भएको छ। देवराजले साहित्य पढे पनि साहित्य रचनामा प्रवृत्त भएनन्। तथापि इनले लेखेका योग विषयक काव्य भने छन् जो लोकलयमा लेखिएका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवराज नुहाए देखि पूजा न सकिंदाको समयसम्म साधारणतया अरु संग वोल्दैनथे। वोल्नै परे पनि संस्कृतमा मात्र वोल्दथे। इनले पिता तथा पितृव्य हरूलाई तीन धाम गराएका थिए। संस्कृतका विद्वान् हुनाका साथै इनी रमणी अंग्रेजी लेख्न पढ्न र वोल्न पनि जान्दथे। तीन धाम गर्दा इनले तमिलका पनि प्रारम्भिक पुस्तकहरु किनी यसको अभ्यास गरेका थिए। तमिल र संस्कृतको तुलनात्मक अध्ययन इनका रुचिको विषय थियो।

संस्कृत हिन्दूमात्रले अनिवार्य रूपमा पढनु पर्दछ। नेपाली हरूले संस्कृत पढेनन् भने आफ्नो परम्परा र आदर्श वुझ्न सक्तैनन्। तर संस्कृत सङ्गै अंग्रेजीको ज्ञान अत्यावश्यक छ। भन्ने उनको धारणा थियो। देवराजका पाँच छोरा र चार छोरीहरुले पनि संस्कृतको अध्ययन गरेका छन्।

देवराज आफ्ना टोल छिमेक र गाउँका कुनै पनि व्यक्तिलाई कस्तै प्रकारको कष्ट परेको होस्, थाहा पाउनासाथ तत्काल त्यहाँ पुगी तन मन धन दिई त्यसको उपचार गरिदिन्थे। अन्याय परेका लागि न्याय दिलाउन इनी त्यस वेलाका वडा हाकिम र सुब्बा कहाँ पुग्दथे। ओहदाको अधिकारीलाई देवराजको कुरामा विश्वास हुन्थ्यो। देवराजले ठट्टामा पनि झुटो वोलेनन्। पहिरन र व्यवहार दुवैले गर्दा इनलाई धेरैले आज पनि इनो कपिलवस्तुका गाँधी भन्दछन्।

निरन्तर श्रमशील देवराज फुलवारीका अति शौकीन थिए। इनका वगैचामा आयुर्वेदका प्रसिद्ध जरो वुटो साथै नरिवल, सावुदाना, सल्लो जस्ता असाधारण वृक्षहरू आज पनि छन्। इनको माहिली छोरी कमला शर्मा तथा साहिली छोरी उमा शर्मा नेपालमा संस्कृतमा आचार्य गर्ने प्रथम महिलाहरू हुन्। देवराजका, छोराहरू मात्र होइन, नातिनातिनी हरु पनि संस्कृत अध्ययनमा संलग्न छन्। इनकी जेठी छोरी माधवी शर्माका दुई छोरो संस्कृतको आचार्य कक्षामा अध्ययन गर्दै छन्। छोरा पाट्टि को छोरो अलका आत्रेयले आठै वर्षका उमेरमा संस्कृत पूर्वमध्यमा परीक्षा दिएर नेपाली शिक्षा जगतमा विश्व प्रतिष्ठा देखाएकी छन्।

देवराजको जोवनी का यथार्थ पानाहरु इनले संस्कृत र नेपालीमा लेखेका नियमित डायरीमा पढ्न पाइन्छन्। जो इनका सन्तति सङ्ग सुरक्षित छन्। देवराजले दाङ्को श्री ५ महेन्द्र द्वारा समुद्‍घाटित विद्वत्सम्मेलनसम्म संस्कृतका विद्वानका रूपमा आमन्त्रित भै भागलिएका थिए।

३०: १२ पं० वामदेव—रश्मिराज अर्ज्यालका महिला छोरा, कर्मठ समाज सेवी, अत्यन्त मिलनसार तथा न्याय तथा साहित्यका विद्वान पं० वामदेव शर्मा अमर भूमिको अर्ज्याल वंशका विलक्षण व्यक्तित्व थिए। कुलचन्द्र गौतमका अत्यन्त प्रिय शिष्य वामदेव शर्माले साहित्यमा मध्यमा दिए पनि न्यायशास्त्रको गम्भीर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्ययन गरेका थिए। शास्त्रिपर्यन्तका न्याय ग्रन्यहरूको अध्यापन योग्यता इनमा थियो र इनले काशीमा कतिपय छात्रलाई पढाए पनि।

गाँधी र नेहरूले गरेका भारतीय स्वातन्त्र्य आन्दोलन हरूका प्रत्यक्ष द्रष्टा वामदेव नेपालको प्रजातन्त्रका लागि पनि समर्पित हुन पुगे। इनले नेपाली राष्ट्रिय कांग्रेस को माध्यमले आफ्नो राजनैतिक कार्यक्रम थाले। खड्गबहादुर तथा कीर्तिनिधि विष्टका अग्रणी मानिएका वामदेव जयतु संस्कृतम्‌को महायज्ञका पनि सम्मानित होता थिए। यस सन्दर्भमा इनले सिंह दरबारका खोरमा कक्रक्किनु परेको थियो, बाहिर-का जेलमा पनि। तात्कालिक राणा प्रधान मन्त्री इनका अकाट्य तर्कहरू सुन्दा रिसाउनु साटो मुसुमुसु हास्दथे। इनलाई उनले निकै सम्झाएका थिए। सुब्बा र बड़ा हाकिमको प्रत्यक्ष प्रलोभन पनि दिएका थिए। तर वामदेवको 'देहं वा पातयामि कार्यं वा साधयामि'को दृढ प्रतिज्ञालाई यस्ता प्रलोभनले लेशमात्र पनि विचलित पार्न सकेनन्। वरु यसले आगोमा घ्यूको काम गर्‍यो। वामदेवका विषयमा डा० डिल्ली रमण रेग्मी, खड्गबहादुर सिंह तथा कीर्ति निधिविष्ट, भोलानाथ शर्मा तौलिहवा, भोजराज घिमिरे अर्घाखाची तथा पं० ठाकुर प्रसाद अर्ज्याल रूपन्देही बाट झन् बढी जान्न सकिन्छ। तर इतिहासका लिखित पानाहरूले भने इनी माथि कन्जुस्याइँ गरेके छन् भन्दा अत्युक्ति होगैन। पदलोलुप हुन र आफूलाई अग्रणी देखाउन न खोजो शहर भन्दा बढी गाउँमा बस्ने ऐश आराम र व्यसन भन्दा दुःखीको सेवामा नै जीवन अर्पण गर्ने यस्ता वास्तविक कर्मठ देश सेवी नेपालमा आज कति छन्? खोज्नु पर्ने हुन आएको छ। हैजा लागेका विरामीको सेवा गर्दा उसलाई निको पारी स्वयं हैजा ग्रस्त भएर वामदेवको जीवन लीला असमयमा नै समाप्त भयो। इनी प्रतिको समवेदना र सामान्य परिचय त्यस वेलाको राष्ट्रिय कांग्रेस बुलेटिनमा प्रकाशित छ।

२० : ३ (क) उद्धवदास—नारायण दासका छोराहरू छः भाई थिए। ती मध्ये जेठा उद्धवदास हुन्। उद्धवदास निकै गोरा थिए होलान्। त्यसै हुनाले इनको उप-नाम 'धवलः' (र० रा० अनुसार) थियो। ध्र० प्र० अनुसार अर्को नाम 'धौलू' देखिन्छ। धौलू धवल कै परवर्त्ती रूप हो। उद्धवदास 'धवल'का सन्तान पछि बगाले शाखाका अर्ज्यालका रूपमा प्रसिद्ध भए। इतिहासकार हरूको उल्लेख अनुसार गोर्खामा द्रव्यशाह द्वारा बसाइएका यी इस्माली अर्ज्यालका सन्ततिहरू स्वयं संस्कृतका विद्वान् थिए। तथा इनले संस्कृतको अध्ययन अध्यापनको प्रक्रिया गोर्खामा पनि चालू राखेका थिए। यति मात्र होइन, पश्चिमबाट पूर्व आउने यी ब्राह्मण तथा क्षत्रियहरूले नै नेपाली राष्ट्रभाषाको ढुकुटी समृद्ध पारे तथा यसलाई त्यसबेला काठमाण्डौं बेसी-सम्म फिजाए। पर्वतीय ब्राह्मण क्षत्रियले ल्याएको भाषा हुनाले नै नेवारहरूले यसलाई पर्वते भाषाभन्ने गरेको कुरा टड्कारो हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२१ : २ विष्णुदास—इनी गोर्खाली राजगुरु नारायण दासका छोरा हुन् । उद्धवदास गोरा भए जस्तै इनी वर्णका काला थिए होलान् । फलतः इनको उपनाम घ्रु० प्र० अनुसार 'कालू' भएको पाइन्छ । विष्णुदासका सन्तविलाई गोर्खाली अर्ज्याल-हरूमा विहारे शाखाका अर्ज्याल भनिन्छ । यी पनि संस्कृतका विद्वान थिए ।

२२ : ३ जयभद्र—ई० १६ वर इनी नारायण दासका नाती तथा उद्धवदास घवलका चार भाई छोरा मध्ये साहिला हुन् । इनी पनि संस्कृतका विद्वान थिए । आपना राज गुरुवाट वाल्यावस्थामा नै संस्कृतको राम्रो शिक्षा पाएका यस कालका राजा रामशाह पनि स्वयं संस्कृतका विद्वान् थिए । यथा राजा स्तथा प्रजाः । राजा विद्वान् भए पछि प्रजा स्वतः विद्या ग्रहणमा प्रेरित हुन्छ । जयभद्रले चरित्रवर्धन कृत टीका समेतको कालिदासीय मेघदूत रामशाहका लागि लेखेका थिए भन्ने कुरा इति-हासका पृष्ठ हरूवाट थाहा पाइन्छ ।

२६ : १ यज्ञेश्वर—विष्णुदास 'कालू' का कान्छा छोरा पुरुषोत्तमका पनाती यज्ञेश्वर हुन् । इनका पिताको नाउँ मोक्षेश्वर हो । इनी पनि यज्ञेश्वर जोशीका नाउले विश्रुत ज्योतिर्विद थिए । श्री ५ पृथ्वी नारायण शाहले काशी यात्रामा संगै लगेका विद्वान्हरूमा इनो पनि थिए ।

२६ : २ राधावल्लभ अर्ज्याल—इनी वगाले शाखाका अर्ज्याल लक्ष्मीनारायण का कान्छा छोरा तथा शक्तिवल्लभ अर्ज्यालका भाई हुन् । इनी श्री ५ रणवहादुर शाहका समकालिक तथा आश्रित कवि हुन् । इनी भगवान् आशुतोषका अनन्य भक्त थिए । इनैले आफ्नो जन्म स्थान गोर्खाको पोखरीथोकमा राधा वल्लभेश्वर महादेवको स्थापना गरेका हुन् । इनले काठमाडौंको पशुपति नाथको मन्दिरमा सुन चाँदीको ढोका राख्न छः हजार रुपियाको दान संकल्प गरेका हुन् । यो कुरा १८६९ वि० सं० को हो । राज पुरोहित राधावल्लभ विद्वान् र कवि हुनुका साथै सच्चा राष्ट्र सेवी पनि थिए । इनी ढाल तरवार भिरी सैनिक नेतृत्व दिनमा पनि पछि परेनन् । शस्त्र र शास्त्र दुवैमा खप्पीस राधावल्लभका कृति संस्कृतमा राजराजेश्वरी कवचम्, उद्धव-दूतम् र संस्कृतमञ्जरी हुन् ।

रणबहादुर शाहलाई चौपाया पाल्ने ठूलो सौख थियो । त्यस मध्ये पनि साँढेका त उनी अत्यन्त भक्त नै थिए । पशुपतिको मन्दिरमा प्रति महिना एउटा साढें छोड्ने पर्ने नियम वाध्ने पनि इनै हुन् । पशुपति पारीको गौंचर पनि इनैले राखेका हुन् जहाँ आज भोली विमान स्थल छ । रणबहादुर शाहले पालेका धेरै साढेंहरू मध्ये एउटा साढें 'माले' नाउँ गरेको पनि थियो । त्यसै हुनाले 'माले साढें' लाई नायक मानी कवि राधावल्लभले साढयाको कवित् वनाए ।

किंवदन्ती अनुसार त्यो 'माले साढें' एक पल्ट निकै बिरामी भएछ । आपनो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रिय साढें यसरी सिकिस्त बिरामी भएको थाहा पाउँदा रणबहादुर शाहलाई निकै चोट पर्‍यो। उनले त्यसको उपचारका लागि ठूला-ठूला वैद्यहरू पठाए। ती वैद्यहरू लाई उनको आदेश थियो—'साढें मर्‍यो भन्न आइस् भने तँ स्वयं पनि मुड़िने छस्।' तर कस्तै उपचार गर्दा पनि त्यो साढें बाचेन छ।

नेपाली साहित्यका विकासको त्यस मिर्मिरे युगमा साँढयाको कविता लेख्न जुर्मुरिएको एउटा कवि मण्डली नै भएको जस्तो इतिहासबाट देखिन्छ। यस साहित्यको ऐतिह्यवलोकन गर्दा हाल सम्म तीन थरि 'साढयाको कवित्' फेला परेका छन्, जसमध्ये "माले साढेंको कवित्" भने इनै राधावल्लभ अर्ज्यालको ठम्याइएको छ। समीक्षकहरूले राधावल्लभको यस साँढ्याको कवित्लाई आफ्ना राजा श्री ५ रणबहादुरको साढें जुधाई हेर्ने प्रवल इच्छाको सन्तुष्टिका लागि रचना गरिएको कविता भनेका छन्। यति मात्र होइन यस कविताका माध्यमले कविले आफ्ना आराध्यदेव भूत भावन भगवान् शंकरका प्रियवाहन नन्दीको काव्यात्मक स्तुति गरेका तथ्यलाई पनि उप्काएका छन्।

राधावल्लभका पाँच पत्नी थिए। इनका नाउँ क्रमशः अयोध्या, सत्यरूपा, वसुमती, कुलवती र इन्द्रमती थिए। इनले वैशाख शुक्ल दशमी वृहस्पतिवारका दिन पशुपति आर्य घाटमा शिव सायुज्य प्राप्त गरे। यसै समय इनका पाँचै ओटी धर्म पत्नीहरू एउटै चितामा सती गए। राधा वल्लभले पशुपतिको भित्रो दक्षिण ढोकामा सुन चादी छाप्न छः हजारको दान सङ्कल्प गरे पछि इनो सोही वर्ष दिगंगत भएकाले यस कार्यमा पछि इनका शिष्य प्रद्युम्न पण्डित, वखत सिंह वस्नेत्, शिवनारायण अचार्ज खटिए। इनोहरूले यो कार्य सम्पन्न गरी आफ्ना गुरूको इच्छानुसार श्री पशुपतिमा चढाइ पनि दिए। संस्कृतमा कवितामय अभिलेख पनि त्यसै पातामा कुँदाए। वाणीविलास पण्डितले त्यसै अभिलेखमा गुरूका स्वर्गवासको प्रार्थना गरेका छन्। गोरखाको राधावल्लभेश्वर मन्दिरको ई० १८१२ मा इनी द्वारा चढाइएको घण्टामा पनि संस्कृत कवितामा नै अभिलेख कुँदिएको छ।

२६ : ४ भानुजोशी—बिहारे अर्ज्याल प्रशाखाका प्रवर्तक विष्णुदासका खनातो भानुजोशीका पिताको नाउँ जमदग्नि र पितामहको नाउँ कमलापति हो। संस्कृतका विद्वान् तथा खास गरी ज्योतिर्विदका रूपमा पनि दरिएका भानुजोशी पनि श्री ५ पृथ्वी नारायण शाहका सवारी साथ काशी यात्रामा सम्मिलित विद्वन्मण्डलीका एकजना सदस्य हुन्।

भानु जोशी अर्ज्याल श्री ५ पृथ्वीनारायण शाहका खजान्चो थिए। यो कुरा दिव्योपदेश बाटै विदित छ। पृथ्वीनारायण शाहले कान्तिपुर सर गर्ने लक्ष्य राखी प्रथमतः नुवाकोट नै विजय गर्नु पर्ने आवश्यकता ठानेका थिए। यसको लागि पहिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रयास गरे पनि, तर त्यो जिस्क्याउनु मात्र भयो, सफल भएन । उनलाई यस बीचमा भारतका सेनाहरूले प्रयोग गर्ने शस्त्रास्त्र र सैनिक कर-काइदा जान्नु तथा त्यतैबाट आफूलाई चाहिने गोला वारुद र आवश्यक हाथ हथियार लिएर आउने भित्री उद्देश्य र धार्मिक कृत्य समेत हुने गरी एक पन्थ दुइकामका लागि काशी यात्रा गर्ने विचार आयो । विचार साह्रै नै उत्तम थियो । असली हिन्दुराष्ट्रका राजा काशीमा पुगे पछि दान पुण्य पनि राम्रै गर्नु पर्‍यो, आफ्नो ठाँट-बाट पनि छिमेकीलाई देखाउनै पर्‍यो । देश अनुसारको खर्च न गरे नाउ पनि न रहने असली हिन्दुस्थानाको धाक पनि न रहने स्थिति थियो । तर राजकोषमा त्यति वेला आवश्यक खर्च थिएन । सधैं जसो चर छिमेकी राज्य सङ्ग लडी रहनु पर्ने हुँदा राज्यमा आर्थिक सङ्कट हुनु स्वाभाविक हो । यस वेला अर्ज्यालहरूले आफ्ना राजालाई कुनै कुराको कमीको अनुभव हुन दिएनन् । त्यस वेलाका राष्ट्र सेवकहरूले आफ्ना घर घरानाबाट पनि पैसा उठाई एकलाख रुपिया तयार पारेका थिए । यस अभियानमा खजान्ची भानुजोशी अर्याल, चतुर्भुज पन्त, रामकृष्ण जोशी अर्ज्याल तथा शक्ति वल्लभ अर्ज्याल पण्डित खटिएका थिए ।

इनले श्री ५ पृथ्वीनारायण शाहलाई पहिले अक्षरारम्भ गराई गणित विद्याको पनि शिक्षा दिए । भानुजोशी अर्ज्याल श्री ५ पृथ्वीनारायण शाहलाई नेपाल एकीकरणको लागि यथासमय प्रेरित गरिरहन्थे । श्री ५ नरभूपाल शाहको मुलुक आर्जने अपूर्ण इच्छा श्री ५ पृथ्वीनारायण शाह बाट पूरा हुनु पर्दछ, भन्ने इनको दृढ इच्छा थियो । तदनुसार इनी श्री ५ पृथ्वी समक्ष यो कुरा राखी रहन्थे । यसको संकेत ख० शेरमान सिंहको वंशावलीबाट पनि पाइन्छ । बाबुराम आचार्यका पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी भाग १ पृष्ठ ११९ बाट उद्धृत त्यसको केही अंश—"वहाँ देखिन् श्री ५ महाराज नरभूपाल शाहलाई विक्षिप्तांश बढ्या के थियो ।"……एक दिनमा भानुजोशी अर्ज्यालले श्री नायक पृथ्वीनारायण शाहका हजूरमा केही विन्ति गर्दा भया……हजूरका बुवाज्यू बाट लडाई ढेरै मनसुवा गर्नु भएथ्यो मुलुक आर्जुला भनी मनसुवा खट्टा हुँदामा हवज दील भै गयो………हजूरका बुवालाई नेपालको मनसुवा आफ्ना पालामा साध्य न देषता ताहाँ यस्तो विक्षिप्त होइ जानु भयो ।" पृथ्वीनारायणशाहलाई चन्द्रगिरि भञ्ज्याङबाट काठमाडौं उपत्यका एक एक गरी वर्णन गर्दै देखाउने भानुजोशी अर्ज्याल र कुलानन्द हुन् । नरभूपाल शाह आफ्ना नोकर केटो साथ जंगल बसेका वेला उनलाई पुनः राजदर्वार फर्काउने पनि भानुजोशी नै हुन् ।

गोर्खा राजदर्वारका राज पुरोहितको मुख्य काम राजाको र राजकुमारको सदा हित गर्नु हुन्थ्यो । यी राज पुरोहितहरू राजनीति तिर न लागी आफ्नो कर्तव्य पूरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दथे।" बाबुरामको यो वाक्य बिल्कुलै सत्य हो किनभने आफना वंशजलाई राजगुरुपद बाट ओह्रालिदा पनि यसको विरुद्ध केही कार्य गर्दा न चाहिदो कलह वैमनस्य हुने ठानी भानुजोशीले श्री ५ जेठा महारानीलाई निवेदन गरेका यी कुरा जो शेरमान सिंहका वंशावलीमा छन् उद्धरणीय छन्—"भानुजोशी अर्ज्यालले विनति गर्दा भया—कस्तो विन्ति भन्या यहाँका पालामा गुरुको गड़बड पर्‍यो त पनि मिश्र ज्यूलाई छुट्याउन्या होइन।" राजहित र राष्ट्रहितका लागि देखाइने यो त्याग साच्चै नै अविस्मरणीय छ।

२६ : ४ महेश्वर जोशी अर्ज्याल– इनका पिताको नाउँ मोक्षेश्वर तथा पितामहको नाउँ सीताराम हो। इनी बिहारे शाखाका अर्ज्याल हुन्। इनी वेद र आयुर्वेद दुवै शास्त्रका पारङ्गत विद्वान थिए।

श्री ५ युवराज प्रताप सिंह शाहको व्रतबन्ध एघारौं वर्षको उमेरमा संवत् १८१८ को चैत्र शुक्ल पक्षमा भएको हो। इनलाई वेद पढाउने वेदाध्यापक इनै विद्वान महेश्वर अर्ज्याल हुन। इनी श्री ५ पृथ्वीनारायण शाहका काशी यात्रामा पनि सम्मिलित थिए जस्तो छ।

२७ : १ उदयानन्द अर्ज्याल

वीरेश्वरका नाती इन्द्रमणिका पनाती र परशुरामका खनातीका रूपमा जन्मेका उदयानन्द, उद्धवदास धवलका साहिला छोरा जयभद्रका जनाती हुन्। इनका पिताको नाउँ विश्वेश्वर हो। हाल सप्तरी जिल्लाको बरवा भन्ने गाउँ विश्वेश्वरले सेनवंशी राजाबाट विर्ता पाएका थिए। उदयानन्दको उदय त्यहीं भएको हो। आफ्नो वंश परम्परा अनुसार संस्कृतका प्रकाण्ड विद्वान् तथा ज्योतिर्विद् उदयानन्दले शक्ति वल्लभलाई काकाजी भन्दथे।

उदयानन्द अर्ज्यालको उदय त्यस बेला भएको हो, जुन बेला नेपाली काव्य साहित्यको बिरुवा उर्वरा धर्तीमा रोपिए पनि आवश्यक न्यानो तातो र उज्यालोको अभावमा राम्रो हुर्किन-हाल्न सकेको थिएन। फलतः इनले बालसूर्यको कार्य यस बिरुवालाई उकास्न गरे। इनलाई यस साहित्यका जेठा-चेठा कविमा स्थान दिइएको छ। भविष्यका नेपाली साहित्य क्षितिजमा चम्किला भानु उदाउने भूमिका र मेसो इने उदयानन्दले ल्याएका हुन् भन्नु अत्युक्ति न होला।

उदयानन्द अर्ज्यालले श्री ५ प्रताप सिंह शाहलाई एउटा बिन्ती पत्र लेखेका थिए। जसको पुछारमा "शुभम् ढाक्‍र्‍या उदयानन्द जोशी अर्ज्यालको हाजिरी" लेखिएको थियो। इनी राजा द्वारा बोलाइए। राजाज्ञा अनुसार इनले छब्बीस पद्यको एउटा वीर गाथा काव्य रचना गरी श्री ५ प्रताप सिंह शाहलाई सुनाए। फलतः इनले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजावाट अमीनको जागीर पाए। अमीन पद त्यस वेलाको क्षेत्रीय वा अञ्चल प्रशासकको जस्तो महत्त्वपूर्ण पद थियो।

उदयानन्दले प्रतापसिंहको पनि शौर्य प्रशंसा गरेका छन्। अतः इनले भीमसेन थापाको प्रधान मन्त्रित्व कालमा समेत त्यस पदमा रही कार्य गरेको कुरा १८८७ वि० स० मा "अमीनले गर्ने काजको सवाल" वन्दाका कागत पत्र वाट पनि थाहा हुन्छ।

समालोचक हरूले कवि उदयानन्दका कवितामा लौकिक पक्षको अभिव्यञ्जना ऐतिहासिक तथ्य एवं कला पक्षका प्रवल धाराको उद्गम भेटेका छन्। प्रताप सिंह पनि श्री ५ पृथ्वीनारायण शाह कै जस्तो महत्त्वाकांक्षा भएका व्यक्ति थिए। राज्य विस्तारका आकांक्षाले तनहूँ र चितौनमा इनले आक्रमण गरेका हुन्। प्रताप सिंहको यही विजयअभियान नै कवि उदयानन्दका काव्य साधनाको प्रेरक हुन पुग्यो। फलतः वीररसलाई मूल स्रोत वनाई उदयानन्द भित्रको कवि व्यक्तित्व उर्ल्यो।

जहाँसम्म भाषाको प्रश्न छ, इनले ठेठ नेपाली शब्दका प्रयोग गरेका छन्। इनी व्रज, अवधी तथा भोजपुरी शब्दको प्रयोग वाट सक्तो जोगिएका छन्। खान्दानी पण्डितका सन्तानको रूपमा चिनिएका उदयानन्द अर्ज्यालको महत्तम योगदानको चर्चा गर्दै वि० स० १८३३-१८९४ को बीचको समयमा नै नेपाली साहित्यले वोली स्फुरण गर्ने अवसर पाएको कुरा इतिहासज्ञले औंल्याएका छन्।

उदयानन्दले शार्दूलविक्रीडित छन्दमा एउटा कुलकाव्य लेखेका छन्। यसो हेर्दा यो काव्य सामान्यतया सार्वजनिक महत्त्वको न ठानिएला, अर्ज्याल वंशावलीका जिज्ञासु तथा स्वयं कवि कै बारे विशेष जानकारी गर्न चाहनेहरूका लागि यो निकै महत्त्वपूर्ण सावित भएको छ। एघार श्लोकको यो कुल काव्यमा उदय भट्ट देखि कै वंशावली रोचक ढंगमा प्रस्तुत गरिएको छ।

२६ : १ शक्तिवल्लभ अर्ज्याल

प्रचलित भास नाटक परम्परामा क्रान्तिकारी परिवर्तन ल्याउने जयरत्नाकर जस्तो संस्कृत नाटक लेखी आफ्नो देश र आफ्ना वंशजहरूको समेत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा शिर ठाडो पार्ने नेपाली विद्वान् प्रातः स्मरणीय शक्तिवल्लभ अर्ज्याल सङ्ग कुन पठित नेपाली परिचित न होला। आफ्नो कुल क्रमागत संस्कृत विद्याको क्षेत्रमा प्रकाण्ड विद्वत्ता हासिल गर्ने मात्र होइन, देश र राष्ट्रका लागि समर्पित यी अर्ज्यालविभूतिले कलम मात्र होइन, आवश्यकता पर्दा खुकुरी पनि भिरे, तरवार पनि चलाए। परम्परागत संस्कृतमा मात्र होइन, नेपाली भाषामा पनि लेखे। पद्यमा मात्र होइन, गद्यमा पनि निर्वाध रूपमा कलम चलाए, वीर रसको मात्र होइन, हास्य रसको पनि इनले अजस्रधारा बगाए। मोतिराम भट्टमा आएर फस्टाएको कविमण्डली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परम्परा इनका समयमा नै हुर्की सकेको थियो। इनकै आयोजकत्वमा श्री ५ पृथ्वीनारायण शाहका सम्मुख काठमाडौंमा पहिलो अन्तराष्ट्रिय कवि सम्मेलन भएको थियो। यस ऐतिहासिक कवि सम्मेलनमा नेपाल र यसका छिमेकी देशले पनि भाग लिएका थिए।

शक्ति वल्लभ अर्ज्यालका पिताको नाउँ लक्ष्मीनारायण अर्ज्याल हो। इनी आफ्ना पिताका दुई भाई छोरा मध्ये जेठा हुन्। इनले बाल्यकाल देखि नै परम्परागत कुल विद्याको अध्ययन गरी प्रकाण्ड विद्वत्ता हासिल गरेका थिए। यी विद्वान् हुनुका साथै लेखक पनि थिए, कवि पनि। इनको विद्वत्ता द्वारा प्रभावित भएर श्री ५ पृथ्वीनारायण शाहले इनलाई आफ्नो दरबारमा सम्मानपूर्वक राखेका थिए—"विद्यापल्लव शक्तिवल्लभकविभूपाल सम्पूजितः। (इनकै हास्य कदम्बको मङ्गलाचरण बाट)

त्यस बेला पढ्ने र लेख्ने दुवै संस्कृत मै हुन्थ्यो तर शक्ति वल्लभले जनसाधारणको बोलीलाई सर्वप्रथम 'देश भाषा'को नाउँ दिएर तात्कालिक पर्वतीय भाषा वा खश भाषालाई सम्मानित गरे तथा यसमा लेखे पनि। नेपाली साहित्यको नाट्यविधामा संस्कृत बाट अनूदित नाटकको साह्रै ठूलो भूमिका रहेको कुरा यहाँ दोहोर्‍याई रहनु पर्दैन। यस क्षेत्रमा प्रारम्भिक तथा सशक्त एवं सफल अगुवा अर्ज्यालवंशका इनै जाज्वल्यमान नक्षत्र हुन्। यस प्रसङ्गमा इनको "हास्यकदम्ब" नाटक अघि सारिइन्छ। जयरत्नाकर, हास्यकदम्ब, ललितमाधव, सुधातरङ्गिणी, दानप्रकाश, इन्द्रध्वजोत्सवः, पुरश्चरणचातुरी आदि इनका कृतिहरू उल्लेखनीय छन्। शक्तिवल्लभ अर्ज्याल श्री ५ पृथ्वीनारायण शाहलाई स्वरचित संस्कृत तथा नेपाली कविता द्वारा विविध विषयमा परामर्श एवं प्रेरणा दिन्थे। स्वरचित नेपाली कविता द्वारा तनहूँ विजयको लागि उत्प्रेरित गर्ने इनका कविताको उल्लेख प्रायः नेपाली साहित्यको इतिहासका सबै जसो पुस्तकमा देख्न पाइन्छ जस्तै—

घायको छ लमजुङ्ग मुकुण्डो
कास्की बाँध सुनको छ खुकुण्डो
पीउठानी कन देउ सुकुण्डो
मारिलेउ तनहूँ त भकुण्डो।

उपर्युक्त उद्धरण हरूबाट श्री ५ पृथ्वीनारायण शाहको नेपाल एकीकरणको महायज्ञको अग्निज्वाला दन्काउने कार्यमा इनका राजपुरोहित शक्तिवल्लभ अर्ज्यालका काव्य-मन्त्रले कति महत्वपूर्ण भूमिका खेलेको थियो भन्ने कुरामा यस भन्दा धेरै व्यक्त्याई रहने आवश्यकता छैन।

शक्तिवल्लभ स्वयं पनि राष्ट्ररक्षा र निर्माणका लागि हुने श्री ५ पृथ्वीका योजनामा सक्रिय रूपमा सरीक भएका अनेकौ उदाहरण पाइन्छन्। ती मध्ये एउटा उदाहरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ले नै इनले दर्शाएको सक्रिय राष्ट्रसेवकको भूमिकालाई स्पष्ट पार्दछ। शक्तिवल्लभ लामुडाँडाको वैनात लिई स्वयं ढाल-तरवार भिरी राष्ट्र प्रहरीको रूपमा चौराली डाँडामा केही कालसम्म अनवरत डटी रहे। आफ्ना पुर्खा प्रभाकर अर्ज्यालले राज-काज क्षत्रियोचित कर्म हो भनी सो कार्य न गर्ने भनेर गुल्मीका राजपुत्र ल्याई राज-गद्दीमा बसालेको उदाहरण छदाछदै र स्वयं आफू ब्राह्मण विद्वान् र मसिजीवी हुदाहुदै यसरी ढाल तलवार बोकी सीमामा पहरा दिनुले इनको राष्ट्रप्रेम छलङ्ग-याउछ। श्री ५ पृथ्वीनारायण शाह इनको विद्वत्ता बाट प्रभावित थिए नै, इनका सक्रिय राष्ट्रसेवावाट पनि निकै प्रभावित भएका थिए। फलतः चौरालीमा इनले गर्नुपर्ने कार्य समाप्त भए पछि इनलाई स्वयं श्री ५ बाटै आपद्धर्म हेतुले विहित क्षत्रियोचित कर्मको प्रायश्चित्त गराई पुनः दरवार भित्र्याई राज पुरोहितको जस्तो सम्मान दिई राखियो। प्रतापसिंह शाहको अभिषेक गर्ने व्यक्तिहरूमा इनै शक्तिवल्लभ अर्ज्याल थिए। इनको प्रखर पाण्डित्य र सर्वातिशायी विद्वत्ता देखेर श्री ५ रणवहादुर शाहको व्रतवन्धमा इनलाई भट्टाचार्यको सम्मानित उपाधि द्वारा विभूषित गरियो। श्री ५ पृथ्वीनारायण शाहको काशी यात्राको उद्देश्य धार्मिक मात्र न भै राजनैतिक पनि थियो भन्ने कुराको संकेत इतिहास वेत्ताहरूले गरेका छन्। इनका काशी यात्रामा श्री ५ का सवारी साथ रामकृष्ण अर्ज्याल भानुजोशी अर्ज्याल, तथा महेश्वर अर्ज्याल जोशीका साथ शक्तिवल्लभ अर्ज्याललाई पनि सम्मिलित गराइनुमा इनको विशेष आवश्यकता भएको तथ्यलाई पर्गेल्न मिल्दैन। यसरी शक्तिवल्लभ विशिष्ट संस्कृत विद्वान्, कुशल कर्मकाण्डी, प्रसिद्ध ज्योतिर्विद्, सशक्त कवि, समर्थ नाटककार सफल अनुवादक, महान् भाषा सेवी तथा अनन्य राजभक्त देखापरेका छन्।

शक्तिवल्लभ अर्ज्यालले काठमाडौंको पशुपति मन्दिरमा सं० १८४९ मा एउटा घण्टा चढाएका छन्।

पण्डित शक्तिवल्लभले आफ्ना कविता द्वारा श्री ५ पृथ्वीनारायण शाहको एकी-करण अभियानलाई योगदान दिएको थिए। यसै एकीकरण अभियानलाई नै पण्डित शक्तिवल्लभले अनुभूतिको आधार मानेका थिए भन्ने यज्ञराज सत्यालको मतमा कसैको वैमत्य हुन सक्तैन।

श्री ५ पृथ्वीनारायण शाहले कान्तिपुर फत्ये गरेका नौ वर्ष पछिको एउटा शिला-लेख मैती देवी काठमाडौंमा छ। यस शिलालेखको समय १७७७ ई० तथा नेवार संवत् ८९७ हो। यसमा श्री उपाध्या भाजु शक्तिवल्लभको पौरोहित्य नेतृत्वमा मन्दिरको निर्माण र इनाय पूजा भएको उल्लेख छ। यस कार्यका लागि मांग्ल देश (सम्भवतः मालीगाउँ) का जनतावाट पञ्च समुच्चय गरी १२ मोहोर देखि ३ सुका सम्मको चन्दा सङ्कलन भएर यो कार्य सम्पन्न भएको छ। समय र परिस्थितिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ध्ययन गर्दा यस अभिलेखमा उल्लिखित शक्तिवल्लभ पुरोहित इनै अर्ज्याल विभूति क्तिवल्लभ ठमिन आउछन् । यस सम्बन्धमा डा० जगदीश चन्द्र रेग्मीको शाह ालीन कला र वास्तुकला पृष्ठ १०७ द्रष्टव्य छ । शक्तिवल्लभ अर्ज्यालले 'सरदार' स्तो सम्मानित उपाधि पनि प्राप्त गरेका थिए ।

२५ : २ मोक्षेश्वर—इनी सीतारामका छोरा हुन् । नारायण दासका विद्वान् भाई भतीजाहरूमा इनको गणना हुन्छ । श्री ५ पृथ्वीनारायण शाहलाई इनले वेदा-ध्यापन गरेका हुन् । इनी त्यस वेला राज पुरोहित थिए । इनी श्री ५ पृथ्वीका भार-दारी सभामा धर्माधिकारीको सम्मानित आसनमा वस्तथे । इनले लेखेको सनत्सुजात प्रकरण नामक पुस्तकमा मोक्षेश्वर धर्माधिकरणले लेखेको भन्ने वाक्य उल्लिखित छ । सनत्सुजात प्रकरण नामक संस्कृत उपाख्यान मोक्षेश्वरले श्री ५ पृथ्वीनारायण शाहका लागि लेखेका थिए र साँझ पख सुनाउने गर्दथे ।

२६ : १ रामकृष्ण अर्ज्याल—यो नाम वंशावलीमा दुई ठाउँ आएको छ । पहिलो जयभद्रका जेठा छोरा वाचस्पतिका कान्छा पनातीका रूपमा र अर्को जयभद्र के कान्छा छोरा परशुरामका जेठा पनातीका रूपमा । यसको निर्णय वाकी नै छ । दुवै तिरवाट इनी धवलका सन्तान हुन् । इनी पनि श्री ५ पृथ्वीनारायण शाहका काशी यात्रामा सवारी साथ गएका थिए ।

२८ : १ पं० उमानाथ अर्ज्याल—अर्ज्याल वंशका विद्वत्कुलविभूषण उमानाथ शर्मा नेपालको संस्कृत वाङमयको ऐतिह्य चर्चा गर्दा कांछी औंलालेगनिने हुन पुग्दछन् । इनको प्रखरविद्वत्ता, विलक्षणप्रतिमा, निगमागमपारंगताका सामु नेपाली मात्र होइन, भारतीय विद्वानहरूले पनि आदर साथ शिर झुकाएका छन् । इनको घर कहाँ थियो भन्ने वारे विभिन्न स्थानको उल्लेख पाइन्छ । पद्म स्मृति ग्रन्थ चतुर्थ भागका एकशय नौ पेज अनुसार इनको घर पूर्व ३ नं० चिशंकु हो । संस्कृतका अमर साहित्य-कारक रचयिता घटराज भट्टराईका अनुसार इनको घर डिल्ली वाजार हो र पं० टेकराज ज्ञवाली र पं० शेषराज रेग्मीका अनुसार इनको घर च्यूखा टोल काठमाडौं हो । गुणग्राही विद्वज्जनले कांछी औंलामा सिगारेवसालेका यस्ता विद्वानको घर उप-युक्त तीनै ठाउमा नै पनि हुन सक्तछ ।

उमानाथका पिताको नाउँ पं० ब्रह्मदत्त अर्ज्याल हो । इनका पितामहको नाउँ घु० प्र० वंशावली अनुसार रामनाथ तथा प्रपितामहको नाउँ यदुनाथ तथा वृद्ध प्रपितामहको नाउँ सर्वेश्वर हो । सर्वेश्वर वगाले शाखाका विष्णुदास कालूका कांछा खनाती हुन । उमानाथ नातामा शिवराज पुरेतका भानिज हुन् ।

पं० उमानाथले पढाएका शिष्यहरू भारत र नेपालमा अनेकौं छन् । काशीमा वस्दा इनले अनेकौं भारतीय शिष्य बनाएका थिए भनिन्छ । यसको फिहरिस्त छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली हरूमा इनका शिष्य पं० पद्म प्रसाद भट्टराई, पं० रामनाथ आचार्य (भू० प्रिन्सिपल वाल्मीकि संस्कृत महाविद्यालय) पं० बदरीनाथ भट्टराई, इतिहास दर्शन तथा संस्कृतिका मर्मज्ञ विद्वान योगी नरहरि नाथ तथा पं० शेषराज रेग्मी उल्लेखनीय छन् ।

व्याकरण न्याय मीमांसा धर्मशास्त्र एवं पुराणका धुरन्धर विद्वान पण्डित उमा नाथका कृतिहरू कम्तीमा पनि २४ छन् । जसमा इनका मौलिक कृति र व्याख्या आदि पनि सम्मिलित छन् । इनको एउटा सुप्रसिद्ध कृति वामननामकौमुदी हो । यसमा इनले 'वामन' जस्ता ३ अक्षरका एउटै शब्दको माध्यमले व्याकरण शास्त्रका समस्त मूल भूत सिद्धान्त र प्रक्रियालाई व्यक्त गरेर वामनावतार विष्णुका तीन पाउले स्वर्ग मर्त्य पाताल सबै व्याप्त गरेको प्रसङ्गलाई यथार्थ पारेका छन् । इनको वामन नाम कौमुदी वि० सं० १९३० मा नै प्रकाशित भएको छ । यस्तै खालको इनको अर्को कृति "गोपी गीतार्थ कौमुदी" पनि हो ।

पं० उमानाथको शब्दब्रह्मसाधना अचम्मको थियो । "एकेन ज्ञातेन सर्वं विज्ञातं भवति" अथवा "एकः शब्दः सम्यक्ज्ञातः सुष्ठु प्रयुक्तः स्वर्गे लोके च काम धुग्भवति ।" को पौरस्त्य सिद्धान्तलाई इनले प्रत्यक्ष देखाई दिएका थिए । महाकवि भारविका किरातार्जुनीयम् काव्यका प्रथम सर्गको पहिलो पद्यको इनले दुईसय सतसट्ठी थरि अर्थ गरिदिएर विश्वका संस्कृत विद्वान्का सामू आठौं आश्चर्य उब्याइ दिएका छन् । उनले दुईशय सतसठ्ठी थरि व्याख्या गरेको भारविको पद्य अधोलिखित हो—

श्रियः कुरूणामधिपस्य पालनीं प्रजासु वृत्तिं यमयुक्त वेदितुम् ।
स वर्णिलिङ्गी विदितः समाययौ युधिष्ठिरं द्वैतवने वनेचरः ।१।१

संस्कृतको अमर साहित्यकार दोस्रो संस्करण २०३८ मा घटराज भट्टराईले माघ कविको एक श्लोकलाई २६७ श्लोकमा व्याख्या गर्ने खुबी भएका भनेर उमानाथका असामान्य वैदुष्य र प्रतिभाको जिकिर गरेका छन् । माथि उद्धृत पद्य भारविको हो । माघ कविको होइन । यस बाट माघ काव्य (शिशुपाल वध) को पद्य श्रियः पतिः श्रीपति शासितुं जगत्" को पनि उमानाथले यसै गरी विभिन्न व्याख्या गरे कि ? भन्ने आशङ्का हुनु अस्वाभाविक ठानिदैन । कहीं भट्टराईले नै भारवि लेख्नु पर्ने ठाउँमा भ्रमवश माघ कवि लेख्न पुगेका त होइनन् ?

पं० उमानाथ अर्ज्याल राज पुरोहित थिए । इनी राज पुरोहित पण्डित उमानाथ अर्ज्यालका नाउले प्रसिद्ध थिए । इनको एउटा अर्को महत्त्वपूर्ण कृति "लघुशब्देन्दु शेखर विवृतिः" पनि हो । नागेश भट्टको ग्रन्थ लघुशब्देन्दु शेखरको यो व्याख्या इनका कतिपय अन्य व्याख्या ग्रन्थहरूमा महत्त्वपूर्ण मानिन्छ । यस ग्रन्थको टीका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महामहो पाध्याय नित्यानन्द पर्वतीयले पनि शेखर दीपक टीकाको नाउले गरेका छन् ।
पर्वतीयले आफ्नो टीकामा पं० उमानाथ अर्ज्यालको धेरै ठाउँमा सहयोग लिएको चर्चा प्रत्यक्ष सुन्नेहरू काशीका पुराना विद्वान् अझै छन् । यसको उल्लेख म० म० नित्यानन्दले आफ्ना पुस्तकमा गरेका छन् ।

विद्याव्यसनी अर्ज्याल वंशीहरू अध्ययन कालमा मात्र होइन, आफ्नो जीवनको उत्तरार्वमा पनि काशी जाने गर्दथे । यसका विभिन्न उदाहरण माथि पनि पाइ सकिए-का छन् । यस परम्पराको अनुसरण पं० उमानाथ अर्ज्यालले पनि गरे । इनी सपत्नीक काशीवासका लागि काठमाडौं बाट काशी गए । यहाँ अनवरत शास्त्र चिन्तन लेखन र अध्यापन द्वारा शब्द ब्रह्मका अघिष्ठातृ देव पराम्बा पार्वती र भगवान् विश्वनाथको उपासना गर्दै अन्त्यमा शिव सायुज्य प्राप्तगरी ब्रह्मलीन भए ।

२५ : २ चक्रपाणि अर्ज्याल—गोर्खाका राजगुरु नारायण दासका सन्तति बगाले र विहारे दुई शाखामा विभक्त भएको कुरा माथि उल्लिखित भए कै छ । श्री ५ पथ्वीनारायणका पालामा इनै दुई शाखाका विद्वान्हरू पालै पालो सङ्ग राजपुरोहित हुने गर्दथे । चक्रपाणि अर्ज्याल आफना विषयका विशिष्ट विद्वान् हुँदा पनि इनको काम नुवाकोट दर्बारमा तत्काल केही थिएन । इनी त्यसै हुनाले पुर्ख्याली घर गोर्खा मै वसेका थिए । विद्वान्लाई सदैव आफनो समीप राख्न चाहने विद्या एव शौर्यका सहो-पासक श्री ५ पृथ्वीनारायण शाहलाई चक्रपाणि जस्ता विद्वान् गोर्खामा खाली वसी रहेको कुरा अलि राम्रो लागेन । यो स्वाभाविकै थियो । फलतः इनले निजलाई नुवा-कोट बोलाई पठाए । एक वर्ष जति त्यहिं नुवाकोट मैं राखे ।

पं० चक्रपाणि संस्कृत विद्याका मूर्धन्य विद्वान थिए । इनको विलक्षण प्रतिभा र पटुता थियो । राजा इनका विद्वत्तावाट प्रभावित थिए नै वंश परम्पराले नै अध्ययन गरिरहेको शुक्रनीति र कामन्दकीय नीतिसार जन्य राजनैतिक तथा कूटनैतिक प्रवीणता बाट पनि प्रभावित भए । इनी रणजीतमल्ल र परशुरामथापाको राजनैतिक क्रिया-कलापको अध्ययन गर्न अप्रत्यक्ष राजकीयदूतको रूपमा भक्तपुर पठाइए । रणजीत मल्लका छोरा भतीजालाई इनले त्यहाँ काव्य तथा नाट्यशास्त्र पढाएका थिए ।

राजादेश प्राप्त गरे पछि चक्रपाणि आफनो कार्यमा लागे । इनी नुवाकोट बाट भक्तपुर न गै ललितपुर पुगे । त्यहाँ पुगेर एकजना राजोपाध्याय सङ्ग मैत्री गरी वसे । इनले दुई महिना सम्म ललितपुरमा आफ्ना मित्र सङ्ग वस्दा—"म गोर्खाको पण्डित हूँ । राजा रणजीत मल्लका सेवामा रहन चाहन्छु ।" भन्ने अभिप्राय व्यक्त गरेका थिए । मल्ल राजा पनि विद्वत्प्रिय हुन्थे नै । आफना मित्रको कुरामा स्वयं विश्वास भएका राजोपाध्यायले रणजीत मल्ललाई यो कुरा सुनाए पछि उनी पनि विश्वस्त भएर चक्रपाणिलाई पुराण वाचकको रूपमा व्यासासनमा वसाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विभिन्न पुराणको श्रवण गर्न थाले। यसरी चक्रपाणिले आफूलाई लगाइएको राष्ट्रसेवा को गुरुतर कार्य सम्पादन गर्न थाले। वाबुराम आचार्य कृत "पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी अनुसार चक्रपाणि ५ मई १७७५ ई० मा रणजीत मल्ललाई पुराण सुनाउने काममा लागेका थिए। इनले रणजीत मल्ललाई पुराण सुनाए बापत दक्षिणा र विर्ता पनि लिइरहन्थे उता भक्तपुरको यावत् राजनैतिक सन्देश आफ्ना राजा श्री ५ पृथ्वीनारायण शाह समक्ष पठाई रहन्थे। इनका चिठी पत्र संस्कृतमा चल्दथे। नमूनाका लागि इनले संस्कृतमा लेखेको चिठी 'संस्कृत सन्देश' वर्ष १ भाग ८ मा प्रकाशित छ। पं० चक्रपाणि अर्ज्यालका पिताको नाउँ कल्याण हो। इनी उद्धवदास धत्रलका जेठा छोराका कान्छा नाती हुन्।

२६ : ३ दैवज्ञ केशरी अर्ज्याल – बगाले अर्ज्याल शाखाका यी सुप्रसिद्ध कवि तथा विद्वान् दैवज्ञ केशरी अर्ज्यालका कान्छा छोरा हुन्। र० रा० वंशावली अनुसार इनको जन्म शक सम्वत् १६९० हो। इनका दाजु वैयाकरण केशरी नाउँ बाटै पनि विद्वान् भएको स्पष्ट आभास हुन्छ। त्यसमा पनि यी राज पुरोहितको पदमा आसीन भएको तथ्यले यस बारे सन्देह गर्ने ठाउँ छैन। दैवज्ञ केशरीको पुर्ख्यौली विर्ता नुवा-कोट जिल्लाको सुनाखानी थियो। भोग पौरस्त्य सिद्धान्त अनुसार वैराग्यको सोपान हो। जीवनको अन्तिम परिणति विरक्ति हो। दैवज्ञ केशरी जीवनको अन्तिम समयमा क्षेत्र सन्यास लिई बस्ने उद्देश्यले काशी आए। इनका जीवनको शेष समय काशी मै विद्याध्यापन तथा साहित्य साधनामा बित्यो। अन्त्यमा इनले यहीं शिव सायुज्य प्राप्त गरे।

इनले संस्कृतमा 'कुलचन्द्रिका' काव्य लेखेका छन्। यस काव्यया नारायण (दास) माथि मोक्ष शर्मा सम्मका नाउँ र० रा० वंशावली संग मिल्दछन्। इनी बाबु चाँडै परलोक भएकाले भाउज्यूको कठोर व्यवहारबाट विरक्त भएका थिए। इनको बाल्य जीवन दुःखी थियो।

पाण्डित्य सङ्गै साहित्य रचनाको क्षेत्रमा पनि दैवज्ञ केशरी प्रतिभा सम्पन्न थिए। वैदुष्य तथा कवित्व दुवै तत्त्वको स्वर्ण सुगन्ध संयोग इनमा थियो। फलतः इनी 'कवि पण्डित' जस्तो सम्मानित उपाधि द्वारा सम्मानित थिए। संस्कृत सगै नेपाली भाषामा पनि लेख्ने परम्परामा हुर्केका हुनाले दैवज्ञ केशरीले पनि नेपाली साहित्यको निर्माण तथा विकासमा ठूलो योगदान गरेको छन्। पद्य र, गद्य तर्फ समेत निर्बाध गतिमा कलम चल्ने साहित्यकार दैवज्ञ केशरीको ग्रन्थ 'गोरक्ष तन्त्र"ले त्यस बेला नेपाली भाषामा गद्य कति समृद्ध थियो भन्ने नमूना प्रस्तुत गर्दछ। 'अश्व शुभाशुभपरीक्षा' नामक इनको नेपाली काव्यले यसै गरी इनका कवित्व शक्तिको बयान गर्दछ। यो काव्य इनले प्रधान मन्त्री भीमसेन थापाका भाई जर्नेल रणवीर सिंहका लागि रचेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन् । "अश्व शुभाशुभ परीक्षा" दैवज्ञ केशरीको अश्वशास्त्रीय काव्य हो । यस काव्य-मा कविले स्रग्धरा, वसन्त तिलका, स्वागता, भुजंग प्रयात, स्रग्विणी, त्रोटक, उप-चित्रा भद्रिका जस्ता छन्दहरूको प्रयोग गरेर अनेक छन्दमा समान रूपमा काव्य शिल्प देखाउन सक्ने स्वयंको प्रतिभा प्रदर्शन साथै उपर्युक्त विविध छन्दहरू द्वारा रसिक पाठकहरूको मनोरञ्जन गर्न समेत सफल भएका छन् । यस प्रसङ्गमा बालकृष्ण पोखरेलको त्यो वाक्य यहाँ नितान्त उद्धरणीय छ, जसमा इनले भनेका छन्—"भानु-भक्तको दाँजामा गुण र परिणाम् मैं पछि परेता पनि आफ्ना कतिपय समकालीन कविहरूसित टक्कर लिँदै उनीहरू मध्ये अधिकांशलाई पराङ्मुख तुल्याउन सक्ने कवि ।' त्यस वेला लेखिएको यो काव्य आज जति घोड्चढी हरूलाई उपादेय छ त्यस भन्दा बढी उपादेय नेपाली साहित्यका ऐतिह्य अन्वेषक हरूलाई पनि छ ।

२७ : ३ विद्यारण्य केशरी अर्ज्याल [१८६३–१९१२]—कवि पण्डित दैवज्ञ केशरी अज्र्यालका साहिला छोराका रूपमा विद्यारण्य केशरीको जन्म नुवाकोट जिल्लाको सुनाखानी विर्तामा वि० सं० १८६३ मा भएको हो । इनले प्रारम्भिक कुल विद्याको अध्ययन आफ्ना पिता संगै गरेका थिए । पछि इनका पिता दैवज्ञ केशरी क्षेत्र सन्यासका लागि काशी आउँदा इनी पनि साथै आए । भारतका संस्कृत विद्व-न्मण्डलीमा सुप्रसिद्ध विद्वान् महामहोपाध्याय बालशास्त्री इनै विद्यारण्यका सहाध्यायी थिए । यसबाट पनि इनका समृद्ध विद्या वंशको परिचय प्राप्त गर्न सकिन्छ । काशीमा अध्यापन गर्दा इनका अनेकौं शिष्य भएको कुरा सुनिएको छ ।

आफ्ना पितालाई राजकीय परिबन्दले काठमाडौं छोड्नु परेकोले विद्यारण्यलाई काठमाडौं उति चाखको विषय थिएन । इनी त्यसै हुनाले अनवरत अध्ययन अध्यापन तथा लेखन कार्य गर्दै काशी मै बसे । यसरी इनले आफ्ना जीवनको एकतीसौं वसन्त बिताए । यस बीच इनको प्रचुर ख्याति भारत तथा नेपाल दुवै देशमा भयो । इन लाई काठमाडौं मन न परे पनि इनलाई काठमाण्डौले बिर्सन सकेन, काठमाण्डौका ले बिर्सन सकेनन् । इनको प्रखर बिद्वत्ताको अजस्र स्रोतले त्यस वेलाको सद्यः एकीकृत विशाल नेपाल सिञ्चित हुनुपर्छ भन्ने धारणा काठमाडौंका जनमान समा भयो । इनी काशीबाट बोलाइए । विद्वान्‌को त्यसमाथि पनि कविको युवा मन द्रवित भयो । पिता दैवज्ञ केशरीले शिव सामुज्य प्राप्त गरिसकेका ले इनलाई कुनै बन्धन पनि थिएन । अतः इनी फेरी अनन्त ज्ञान राशि लिई स्वदेश फर्के । पहिले इनी आफ्नो जन्मस्थान पुर्ख्यौली निवास सुनाखानी गए । त्यस पछि वि० सं० १८९४ मा इनी काठमाडौं आए । आफ्ना अठार वर्षको शेष जीवन इनले अनवरत विद्यादान तथा साहित्य-साधनामा बिताए । १९१२ वि० सं० मा इनको स्वर्गारोहण भयो । राजमोहन केशरी र गिरिराज केशरी गरी इनका दुई छोरा भए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साहित्य साधनाका क्षेत्रमा विद्यारण्यको लेखनी संस्कृत र नेपालीमा मात्र होइन हिन्दीमा पनि उसै गरी चल्दथ्यो। इनका संस्कृत कृति त अझै अन्वेष्टव्य नै छन्। तर नेपालीमा लेखिएका कृतिहरूमा तीन खण्डकाव्य युगल गीत, द्रौपती स्तुति तथा वेणुगीत औल्याइएका छन्। द्रौपदी स्तुति महाभारतको उपजीव्य काव्य हो भने युगल गीत र वेणु गीत श्रीमद्भागवतको। यसमा कविले महाभारत श्रीमद्भागवतको जस्ताको तस्तै अनुवाद मात्र नगरी आफ्ना प्रतिभा र शैली अनुसार यसमा भाव र छन्दो विधानमा पनि मौलिकता ल्याएका छन्। यति मात्र होइन, इनको द्रौपदी स्तुतिले नेपाली र हिन्दी मिश्रित सक्तु कविताको पनि अनौठो मिठास दिन्छ। यस्तै सक्तु कविता कविवर गुमानीमा पनि देखिन्छ तथा पश्चाद्वर्त्ती कवि योतीराम भट्टमा फष्टिएको पाइन्छ। विद्यारण्यको द्रौपदी गीतमा प्रदर्शित सक्तु कविताको महत्त्वलाई ओझेल पारी सक्तु कविता विधाको यस प्रदर्शनलाई हिन्दीपन भनेर तर्सिई इनलाई हिलो छ्यापनु नेपाली साहित्यको प्रारम्भिक युगका एकजना सशक्त कविको साहित्य साधनाको वेवास्ता गरी इनी माथि अन्याय गर्नु नै हुनेछ भन्ने कुरा यहाँ लेख्ता केही अतिशयोक्ति होवैं न। अस्तु।

विद्यारण्य संस्कृत नेपाली र हिन्दीका समेत विद्वान् तथा कवि थिए। यसको उल्लेख माथि गरि सकिएको छ। जसरी नेपाली सहित्यको क्षेत्रमा इनले आफूलाई दह्रो गरी उभ्याएका छन्। यसै गरी भारतका खडी बोली हिन्दीका आफ्ना सम सामयिक साहित्यकारका सामु पनि इनी सगर्व उभिएर हिन्दी साहित्यलाई पनि आफूबाट उऋण हुन दिएका छैनन्। विद्यारण्यले काशी प्रवासमा वस्दा लेखेको हिन्दी खण्ड काव्य 'वंशी चरित्र' हो। यसको संकेत डा० दीनानाथ शरण उपाध्याय को नेपाली साहित्यको इतिहास, दयाराम श्रेष्ठ सम्भव तथा मोहनराज शर्माको नेपाली साहित्यको संक्षिप्त इतिहासवाट पनि पाइन्छ।

पद्य रचनामा विद्यारण्य केशरीले तुकान्त कि वा अन्त्यानुप्रासको परम्पराको शृङ्खलालाई पनि छिनालेर एउटा नया गोरेटो नेपाली काव्य साहित्यमा ल्याउने जमर्को गरेको देखिन्छ। तर पश्चाद्वर्ती साधकहरूवाट यसको अनुसरण भने उस्तो भएन।

२८ : १ सुब्बा वीरेन्द्र केशरी अर्ज्याल—हाम्रो राष्ट्र भाषालाई १८७७ मा एटन्‌ले नेपाली भाषा भन्नु भन्दा पहिले विद्वान् शक्तिवल्लभ अर्ज्यालले सर्व प्रथम 'देशभाषा'को संज्ञा दिएर यसलाई त्यसवेला पर्वते भाषा तथा खस भाषावाट उचालेका थिए। पछि यसलाई विद्यापतिले राजभाषा भने, मोतीराम भट्टले गोर्खा भाषा भने, राजा जय पृथ्वी बहादुर सिंहले प्राकृत भाषा भने र यसै गरी पण्डित वीरेन्द्र केशरी अर्ज्यालले यस भाषालाई गोर्खाली भाषा भन्ने नाउँ दिए। इने विद्वान् वीरेन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केशरी अर्ज्याल नै नेपाली व्याकरणमा रचनाकारहरू मध्येका अगुवा हुन्। संस्कृत व्याकरण तथा साहित्य शास्त्रमा धुरन्धर विद्वान तथा लेखक कवि वीरेन्द्र केशरीलाई त्यसवेला आफ्नो मातृभाषाको व्याकरणविहीन स्थिति देख्दा अवश्य पनि दुःख लागेको हुनुपर्दछ। यसै पीरले पिरोलिएर इनले यस तर्फ महत्त्वपूर्ण कदम चालेको कुरा इतिहास विद्हरूबाट लुकेको छैन। यस अभियानमा इनलाई जयपृथ्वी बहादुरले पनि निकै घुचेटो लगाएका थिए भन्ने कुरा पनि थाहा पाइएको छ।

विद्वान् वीरेन्द्र केशरीका नेपाली व्याकरणको नाउँ 'वेसरी' हो। यो कृति यसै शीर्षकमा 'सुन्दरी' पत्रिकाको वर्ष १ लीला ९ देखि प्रकाशित हुन थालेको पाइएको छ। तर यो पूर्ण रूपमा प्रकाशित भै सकेको भने देखिदैंन। नेपाली साहित्यको निर्माणका साथै व्याकरणिक नियमको स्थिरीकरणमा समेत अर्ज्याल थरका यी वंशधरका योगदानको कम मूल्य छैन। यसका लागि नेपाली भाषा चिरऋणी छ।

वीरेन्द्र केशरीका पिताको नाउँ पण्डित कुलचक्र केशरी हो। इनी दैवज्ञ केशरीका नाती हुन्। इनी आफ्ना समयका व्याकरण, न्याय तथा साहित्य शास्त्रका पनि ख्याति प्राप्त विद्वान हुन्। इनले त्यसवेलाको सुब्बा जस्तो महत्त्वपूर्ण पदमा बहाली पाएका थिए। तात्कालिक राणा प्रधानमन्त्री चन्द्र समशेरको दरवारमा खेलाइने नाटकहरूका रचयिता केदार समशेर थापाका गुरूका रूपमा पनि वीरेन्द्र केशरी बहुचर्चित छन्। केदार समशेर थापाका नाउँबाट देखाइने ती नाट्य रचनाहरूमा वीरेन्द्र केशरी कै प्रत्यक्ष सहयोग र प्रेरणा थियो भन्ने कुरा इतिहासज्ञहरूबाट लुकेको छैन।

विद्वान् वीरेन्द्र केशरी साहित्य शास्त्रका पनि धुरन्धर थिए भन्ने कुरा माथि उल्लेख भएकै छ। यसको प्रत्यक्ष प्रमाणका रूपमा इनले लेखेको 'काव्य प्रकाश टीका' लाई अघि सार्नु नै पर्याप्त हुने छ। आचार्य मम्मटकृत काव्यप्रकाश ग्रन्थको टीका लेख्नेहरूमा वीरेन्द्र केशरीलाई पहिलो नेपाली विद्वानको स्थान दिनु पर्ने हो कि जस्तो ठानिन्छ। इनको टीका प्रारम्भ देखि चार उल्लासको मात्र भएको बुझिन्छ।

सुब्बा वीरेन्द्र केशरी अर्ज्याल काव्य रचनामा पनि निकै सिपालु थिए। इनले रचना गरेका संस्कृत पद्यहरू र समस्यापूर्तिहरूबाट इनका विलक्षण काव्य रचना शिल्पका परिचय पाइन्छ। इनी संस्कृत तथा नेपालीमा समेत हाजिर जवाफी कविता गर्दथे। यो कुरा चिरञ्जीवी पौड्यालको समस्यापूर्ति सुनेर तत्काल बनाइएका इनका श्लोकबाट जाहेर हुनेछ।

चिरञ्जीवी पौड्याल तिनताक गोरखा पत्रका माहिला पंडित थिए। इनलाई चिरंजीवीले त्यस समस्यालाई नेपाली र संस्कृत दुवै भाषामा कवितात्मक पूर्ति गरी वीरेन्द्र केशरीले कविता रचना गर्न भनी एउटा समस्या दिएका थिए। पण्डित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इनलाई पठाए । चिरञ्जीवीका समस्या पूर्तिबाट प्रभावित आशु कवि वीरेन्द्र केशरीले तत्कालै एउटा पद्य रचना गरे । यसमा इनले पुनः त्यसै समस्याको पूर्ति गर्नुका साथै चिरञ्जीवी पौड्यालको पनि प्रशंसा गरेका छन् । नेपालका यी दुवै संस्कृत कविहरू साहित्यको क्षेत्रमा चिरजीवी छन् । त्यसवेला समस्यापूर्त्तिका लागि प्रस्तुत समस्या हो—"छेकच्छन्दपरे नरे ।"

दुवै कविहरूका समस्या पूर्ति यहाँ प्रस्तुत छन् । पहिलो शार्दूलविक्रीडित छन्दमा वीरेन्द्र केशरीको रचना हो । त्यसपछि अनुष्टुप् छन्दका दुई श्लोक चिरञ्जीवी पौड्यालका—

"विद्वद्वृन्दमिलिन्दवन्दिविरुदश्रेणीसवर्णीकृताम् ।
कीर्तिन्ते वृणुते विदन्ति कविता मर्माणि शर्माणि ये ॥
साह्लायैव वरीवरीति विदुषां वर्यश्चिरञ्जीविनं
छेकच्छन्द परे नरे न रमतां किन्नाम रामामनः ॥१॥

यहाँ प्रसङ्गतः चिरञ्जीवीको समस्यापूर्ति पनि दिइनु उचितै होला—

(क) रामाचेतः समाकर्षी विदुषां प्रीतिकारकम् ।
शीलं वसति हे वाले ! छेकच्छन्द परे नरे ॥१॥

(ख) पियारी कान्छिका निम्ति वेस् महल् जुन् वनाइयो ।
मानिनी वसिनन् तेस्मा छेकच्छन्द परेन रे ॥२॥

सुब्बा वीरेन्द्र केशरी, कुलचन्द्र गौतम तथा पद्मप्रसाद भट्टराई काठमाण्डौंमा चर्चित स्वाभिमानी व्यक्ति हुन्, जसले माहिलागुरुज्यूको चाकडी मन पराएनन् । यसले गर्दा इनीहरूलाई केही ब्याक् पनि पर्न गएको थियो । माहिला गुरुज्यू नेपालका प्रसिद्ध राजनीतिज्ञ हुनुका साथै आजीवन शास्त्र चिन्तनलाई मनोरञ्जनको साधन वनाउने व्यक्ति हुन् । इनी विभिन्न विद्वानहरूबाट विविध विषयको 'इन्फर्मेशन' लिने काममा कहिल्यै पछि परेनन् । इनका वरी परी विद्वान्हरूको समूह नै हुन्थ्यो । वीरेन्द्र केशरी माहिला गुरुज्यूका छिद्रान्वेषीका रूपमा देखिएको चर्चा पनि सुनिन्छ । इनका अनुसार माहिला गुरुज्यू व्याकरणमा उती पोख्त थिएनन् । इनलाई "ते-मयावेकवचनस्य" सूत्रमा अनुवृत्ति हुने "पदात्परयोरपादादी स्थितयोः" को विषयमा प्रायः भ्रम भै रहन्थ्यो । यस कुराको जानकारी वीरेन्द्र केशरीलाई थियो । इनी माहिला गुरुज्यूका प्रसङ्ग चल्दा "केचिद् भग्ना युष्मदस्मद्प्रयोगे" भनेर हासो गर्दथे । एकपल्ट कुनै राणाका लागिको अभिलेखमा यस्तै व्याकरणगत अशुद्धि उप्काएर माहिला गुरुज्यूको मुखमा लाली चढाई दिएको कुरा पनि प्रायः सुन्ने गरिन्छ । आफ्नो यसै कमजोरीलाई ढाकछोप गर्न इनले सोमनाथको आश्रय लिएका हुन् । सोमनाथलाई रोल मिचेर रानी पोखरी पाठशालाको हेड पण्डित दिनुमा यस्तै कुरा जोडिन्छ । शान्तम् पापम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वीरेन्द्र केशरी उलिनकाठ चढेर नगर घुम्दथे। इनी तन्त्रागमका पनी प्रसिद्ध विद्वान् थिए। नेपालका तन्त्रागमका विद्वान् धन सम्शेर ज० ब० रा० का गुरु इनै वीरेन्द्र केशरी हुन्। धन शम्शेर आफ्ना गुरुको विद्वत्ता र कृतज्ञताको मौखिक प्रकाशन समय-समयमा उदारतापूर्वक गर्ने गर्दथे।

२६ : ३ ललिता वल्लभ—[१९००-१९५०] इनी लक्ष्मी नारायणका छोरा तथा शक्तिवल्लभका कान्छा भाई हुन् भन्ने कुरा टीकाराम शर्माबाट पनि थाहा हुन्छ। इनले प्रारम्भिक अध्ययन आफ्ना बाबु दाजुहरू संगै गरे। पछि इनले काशीमा गई अध्ययन गरेर ठूलो विद्वत्ता हासिल गरे। इनले साहित्यको क्षेत्रमा बीस वर्षको उमेर मै प्रवेश गरेका हुन्। ललिता वल्लभका संस्कृत कृति हुन्—(१) भक्तविजय काव्यम् (२) पृथ्वीन्द्र वर्णनोदयम्। (३) शिवस्तोत्रम्।

भक्तविजय काव्यमा १०८ एकशय आठ पद्य छन्। गोरक्षनाथको स्तुतिबाट यो काव्य प्रारम्भ हुन्छ। पृथ्वीपति शाह देखि पृथ्वीनारायण शाह सम्मको विवरण यसमा पाइन्छ। पृथ्वीनारायणको उपत्यका विजयलाई बढी महत्त्व दिइएको छ। इन्द्रवज्रा, उपेन्द्रवज्रा, उपजाति, मालिनी, शिखरिणी र शार्दूलविक्रीडित आदि छन्दको प्रयोग साथै विभिन्न अलङ्कारहरूको प्रयोगले यो काव्य निकै समृद्ध छ। प्रस्तुत छ—यसको मङ्गलाचरण

गोरक्षनाथं हृदये निधाय गोरक्षसाम्राज्यहिताय नित्यम्।
गोरक्षसम्राट्चरितं यशस्यं गोरक्षणार्थं विजयं विधास्ये॥

पृथ्वीन्द्रवर्णनोदय ३ सर्ग खण्ड काव्य हो। यसबाट एउटा उदाहरण जस द्वारा कविको प्रतिभाको झलक पाइन्छ—

"चञ्चत्काञ्चनकङ्कणं झणझणत्प्रक्वाण-मञ्जीरकम्।
देवी पिञ्जरवाससं शिशुवरं स्वप्ने ददर्शाङ्कगम्॥१।१६

शिवस्तोत्रम्। इनको स्तुति काव्य हो। यसमा ललित पद्य द्वारा शिवको स्तुति गरिएको छ। इनको अन्तिम समय काशी मै बितेको हो। १९५० सालमा इनी दिवङ्गत भए।

२८:१ ब्रह्मदत्त—इनी बिहारे अर्ज्याल शाखाका सर्वेश्वरका पनाती, यदुनाथका नाती रामनाथका छोरा हुन्। जङ्गबहादुरको षडयन्त्र विरुद्ध श्री ५ को पक्षमा काम गर्दथे। यसै सन्दर्भमा दुवै पक्षका मुठ-भेडमा परी वीरगति प्राप्त गरेका हुन। तिनताक ब्राह्मणलाई मारिदैनथ्यो। परन्तु ब्रह्मदत्तले 'म बाहुन हूँ' भनि दुई तिन पल्ट भन्दा पनि इनलाई शत्रुपक्षले छाडेनन्। पं० उमानाथलाई कहिलेकाहीं वायुले पीडा दिन्थ्यो। इनका साथीहरूले यसलाई 'तिम्रापिताको आत्मा जङ्गबहादुरको प्रतिशोधका लागि स्वयं वायु भएर आई तिमीलाई प्रेरणा दिई रहेका छन्। तिमी आफ्ना बाबुको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रेतत्त्व विमुक्तिका लागि राणा धपाउने काममा लाग, भनी खुसुक्क उमानाथका कानमा भन्दथे' भन्ने कुरा पं० शेषराज रेग्मीबाट सुनिएको हो ।

२६ : १ पीताम्वर अर्ज्याल—इनका पिताका नाउँ हेमलाल, पितामहको नाउँ ईश्वरीदत्त, प्रपितामहको नाउँ लक्ष्मीरमण तथा वृद्ध प्रपितामहको नाउँ लोकेश्वर हो। विहारे अर्ज्याल शाखाका कवि पीताम्वरले सं० १९६१ मा छ सय छः (६०६) श्लोकको एउटा पुस्तक लेखेका छन् । यसले छापाखानाको मुख देखेको छैन र मदन पुरस्कारपुस्तकालयमा आफ्नो एक्लो जिऊ जोगाएको छ। यस कृतिको नाउँ हो— कार्तिक माहात्म्य । पीताम्वर सं० १९६१ तिर काठमाडौंको ह्नयोखाटोलको घरमा वस्दथे सं० १९८९ तिर इनी ठमेल टोलको घरमा वस्दथे ।

२७ : १ पं० भैरव प्रसाद अर्ज्याल—जसरी नेपाली जगतमा दर्शन शास्त्र अति लोकप्रिय विषय छ। नेपाली वाङ्मयको दार्शनिक क्षेत्रमा श्रीमद्भगवद् गीताको उसै गरी महत्त्वपूर्ण स्थान छ। त्यसै हुनाले धेरै जसो विद्वानहरूले गीताको नेपालीमा सरस र सरल अनुवाद गरेर जनसाधारणमा यसलाई व्यापक पारेका छन् । अक्षर फोर्ने देखि अक्षर जोर्ने सम्मका सवैमा गीता छाएको छ। गीताका अनुवाद गद्य पद्य तथा छाया रूपमा पनि पाइएको छ। गीताका पुराना पद्योत्मक रूपान्तरकार हरूका शृङ्खलामा कवि श्री भैरव प्रसादको नाउँ पहिलो पल्टै लिइहाल्नु पर्ने लाग्दछ । इनकै पद्यात्मक गीता रूपान्तरले आफूभन्दा पछिल्ला रूपान्तरकहरूको हौसला बढाएको छ। जस्तै इनका पछि नाउ लिइने गीतानुवादक हरूमा लेखनाथ (गीतासार सं० १९७५) नरेन्द्र नाथ रिमाल (श्लोक वद्ध गीता सं० १९७७) केदारनाथ खति वडा (गीता १९८७ सं०) भुवन प्रसाद (गीता छाया सम्वत् १९९०) र पछिल्ला कोमलनाथ आउँछन् । पण्डित भैरव प्रसाद अर्ज्यालले महाभारतको मौसल पर्व तथा प्रस्थानिक पर्वको अनुवाद गरेर गाउँ घरमा महाभारतको सिलोक हालेर वार्दली-पटाङ्गिनी-घर-आगन रन-वन थर्काउँदै नेपाली समाजको ज्ञानको भोक र मनोरञ्जनको तिर्खा दुवै भेटेका छन् ।

दैवज्ञवर्य भैरवप्रसाद कविका नाउँले प्रसिद्ध यी अर्ज्यालवन्धुका महाभारत अनुवादका तीन पर्व मौशल —महाप्रस्थानिक—स्वर्गारोहणपर्व पशुपतिप्रेसमा सम्वत् १९६२ मा प्रकाशित भएका हुन् । इनको घर काठमाडौं हो। इनी विहारे अर्ज्याल शाखाका कालिदासका पनाती विष्णुदत्तका नाती शम्भुदत्तका छोरा हुन् । ध्रु० प्र० वंशावली अनुसार इनको नाउँ भैरवदत्त उल्लिखित छ। सम्भवतः यस 'दत्तले' इनको पुख्यौंली पछ्याएको छ। इनका दुई भाई कालिका प्रसाद र भवानी प्रसादमा भने प्रसादको पुच्छर जोडिएको छ। फलतः इनी भैरव प्रसाद हुनुमा आश्चर्य छैन ।

२६ : २ न्याय केशरी अर्ज्याल —इनी पण्डित चक्रपाणिका माहिला छोरा तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैयाकरण केशरीका भाई हुन्। इनी नाउँले मात्र होइन, ज्ञानले पनि न्याय केशरी थिए। कलकत्ताको 'निखिल भारत साहित्य सङ्घ' नामक संस्थाको नेपाली विषयक पाठ्यक्रममा राखिएको न्याय केशरी विरचित 'सुदर्शन चरित्र' नामक नेपाली ग्रन्थ इनै न्याय केशरी अर्ज्याल कै हो कि? इनका पनाती धीरेन्द्र केशरी त्यस संस्थाका नेपाली विभागका परीक्षकहरू मध्येमा छन्।

२८ : २ विज्ञान केशरी अर्याल – कुलचक्र केशरीका कान्छा छोरा विज्ञान केशरी आफ्ना दाजू सुब्बा वीरेन्द्र केशरी अर्ज्याल जस्तै व्याकरण र न्याय विषयका प्रकाण्ड विद्वान थिए। नेपालका प्रसिद्ध संस्कृत विद्वानहरूमा आत्रेय गोत्रका यी अर्ज्याल वंशधरको नाउँ सम्मानपूर्वक लिइने गर्दछ।

२९ : २ नरेन्द्र केशरी अर्ज्याल—इनका पिताको नाउँ वीरेन्द्र केशरी अर्ज्याल तथा बाजेको नाउँ कुलचक्र केशरी अर्ज्याल हो। इनी वीरेन्द्र केशरीका दुई छोरा मध्ये जेठा उपेन्द्र केशरीका भाई हुन्। अर्ज्याल वंशी विद्वान् हरूले नेपालमा संस्कृत र नेपाली भाषा साहित्यको लेखन र सृजनका विविध क्षेत्रमा गरेका योगदानका प्रसङ्गको सिंहावलोकन गर्दा पत्रकारिताको क्षेत्रमा पनि इनका योगदान स्मरणीय छन्। इनमा पहिलो नाउँ नरेन्द्र केशरी अर्ज्यालको लिइनु पर्ने लाग्दछ। विक्रम संवत् १९५८ देखि जन्मेको नेपालको प्रथम समाचार पत्र गोर्खापत्रलाई आफ्नो खुट्टाले टेक्न सिकाउने काममा विद्वान नरेन्द्र केशरी सम्झिई राखिन्छन्। राणा प्रधान मन्त्री चन्द्र सम्शेर प्रधान मन्त्री भएपछि गोरखापत्रको हैकम जय पृथ्वी बहादुर सिंहका हातमा आयो। जय पृथ्वी बहादुरको तालुकमा गोरखा पत्र आए पछि इनले यस कार्यको सुचारू सम्पादनका लागि ३ जना विद्वान्को सहयोग लिए। इनी हरूलाई त्यस बेला जेठा पण्डित, माहिलापण्डित र कान्छा पण्डित भनिन्थ्यो। जेठा पण्डित उदयदेव, माहिला पण्डित चिरञ्जीवी पौड्याल र कान्छा पण्डित इनै नरेन्द्र केशरी अर्ज्याल हुन्। त्यस बेला जेठा पण्डितको तलब रु० २५/- माहिलाको रु० २२/- र कान्छा पण्डित नरेन्द्र केशरीको १८।५० थियो। चिरञ्जीवीको नियुक्ति मिति वि० सं० १९६०।६।२३ हुनाले इनको भर्णा मिती पनि यही अथवा यसकै छिउँछाऊँ भएको हुनुपर्दछ।

२९ : १ धीरेन्द्र केशरी—कुलचक्र केशरीका नाती तथा विज्ञान केशरीका छोरा पं० वीरेन्द्र केशरी पनि आफ्ना बाबु जस्तै विद्वान् थिए। कलकत्ता संस्कृत कालेजका प्रिन्सिपल पं० आशुतोष शास्त्री एम० ए० को अध्यक्षतामा 'निखिल भारत साहित्य सङ्घ' भन्ने एउटा संस्था सन १९२० मा कलकत्तामा स्थापित भएको थियो। यसको उद्देश्य भारतीय भाषाहरूको अध्यापन गरेर त्यसको परीक्षा सञ्चालन गरी सम्बद्ध भाषा साहित्यको विकास तथा सेवा गर्ने थियो। यसमा नेपाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयक पाठ्यक्रम पनि राखिएको थियो। सङ्घको विवरण पुस्तिका अनुसार नेपाली विभागका परीक्षकहरू मध्येमा पहिलो नाम पं० धीरेन्द्र केशरीको छ। यसबाट इनी नेपालमा मात्र होइन, नेपाल बाहिर पनि सुपरिचित तथा नामग्राह्य विद्वान थिए भन्ने थाहा हुन्छ।

२९ : १ पद्मनाभ केशरी —विद्यारण्य केशरीका नाती गिरिराज केशरीका छोरा पद्मनाभ केशरी नेपालका विशिष्ट संस्कृत विद्वान् थिए। दामोदरलालगोस्वामी र महा महोपाध्याय अनन्त शास्त्री फड्के इनका साथी हुन्। आफ्ना छोरा र पत्नी संग उस्तो ठ्याक नमिल्दा—जीवनको उत्तरार्द्धमा इनले गेरूवा वस्त्र लगाई सन्यास लिएका थिए। काशीको सोनारपुरा स्थित कुनै मठमा इनी वस्तथे। राजाबाट इनलाई यस अवधिमा ससम्मान एकसयरुपियाँ वार्षिकसहयोग प्राप्त हुन्थ्यो। पण्डित पद्मनाभलाई एक दिन गिलासको दूध खादा खादै अचानक पक्षाघात भयो। इनी यसै रोगलाई कारण वनाई नश्वरदेह छाडी मुक्त भएका हुन्। वनारसमा छदा मात्र होइन, काठमाण्डौंमा पनि इनी संस्कृत मात्र वोल्दथे। अरू भाषाको उच्चारण सम्म पनि गर्दैनथे। पछि-पछि बोल्नै पनि लगभग छोडेर मौन व्रत लिएका वाचंयम पद्मनाभ स्लेट र पेंसिल लिई हिड्न थालेको पनि थाहा पाइएको छ। इनका चिठी पत्र सबै संस्कृत मै आदान प्रदान हुन्थे। यस्ता चिठीहरू लेख्ने र पाउनेहरू मध्ये केही बुढा-पुराना अझै पनि जीवित छन्। संस्कृतका अन्तर्राष्ट्रिय स्तरका नेपाली विद्वान् नीलदेव पन्तलाई वनारस पढनका निमित्त आर्थिक सहयोग सम्पूर्ण रूपमा इनै अर्ज्याल वंशधरका बाजे-बराज्यूले दिएका थिए भन्ने कुरा पनि थाहा पाइन्छ। अर्ज्याल सन्ततिका सामु विद्वान् नीलदेव-पन्त यो कुरा प्रसङ्गतः भनिरहन्थे भन्ने पनि सुनिन्छ। पद्मनाभ केशरी लिखित पुस्तकहरू प्रशस्त थिए भन्ने कुरा शेषराज रेग्मीबाट थाहा पाइन्छ।

पद्मनाभ केशरीकी पत्नी पियानो बजाउन निकै सिपालु थिइन्। इनी पियानोमा श्रीमद्भागवतको 'गोपी गीतम्' आदि संस्कृतस्तुति काव्यको धुन निकालेर समय यापन गर्दथिन्।

द्विजराज अर्ज्याल—नेपाली साहित्यका पुराना कविहरूमा द्विजराज अर्ज्यालको नाउ पनि सम्झीराख्नु पर्ने छ।

इनको कृति 'प्रार्थना' २००४ सालमा प्रकाशित भएको छ। यस बाहेक इनका अरू रचना पनि छन्। इनी सरकारी जागिरे थिए। कोत भण्डारका डिट्ठा द्विज राज अर्ज्याल श्री ५ र श्री ३ का सवारी साथ बाहिर जाने मौका पाइरहने हुनाले इनले आफ्ना देश भरिएको भौगोलिक तथा सामाजिक ज्ञान प्राप्त गरेका थिए।

जीवनाथ अर्ज्याल—इनी श्री ५ गीर्वाणका समयका हुन्। त्यस वेला इनी काठमाडौंमा जागिरे थिए। श्री ५ गीर्वाणबाट भएको 'फिकदार लालमोहोर' मा जीवनाथ अर्ज्यालको पनि नाउँ फेला परेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तारानाथ अर्याल—भीमसेन थापाको सर्वस्व फिर्ता गर्ने बारे भएको सं० १८९५ सालको लालमोहोरका पुच्छे सही गर्नेहरू मध्ये तारानाथ अर्ज्याल पनि छन् ।

कृष्णचन्द्र अर्ज्याल (१९३९-२००२) नेपाली साहित्यको इतिहासका साथै राजनीति र पत्रकारिताको क्षेत्रमा पनि राम्रो योगदान भएका कृष्णचन्द्र अर्ज्यालको नाउँ पनि अर्ज्याल कुलवृत्तमा छुटाउन नहुने छ । इनका थाहा पाइएका दुई कृति मध्ये पहिलो 'लौकिक न्याय मणिमाला' र दोस्रो 'मूल रामायण' हो । यस मध्ये पहिलो किताव जगदम्वा प्रकाशनको पाँचौं ग्रन्थको रूपमा प्रकाशित भएको छ । 'लौकिक न्याय मणिमाला' नामक यस कितावमा कृष्णचन्द्रले राणाहरूका एकतन्त्रीय अत्याचार विरुद्ध आफ्ना हृदयमा उठेका आक्रोशको व्यंग्यात्मक अभिव्यक्ति गरेका छन् । दोस्रो कृति मूलरामायण वारे प्रेमराज पौड्यालले "कुनै आफ्ना मित्रलाई छाप्न दिएको थिएँ । हरायो" भन्ने सावितो बयान दिएका छन् । प्रेमराज पौड्याल कृष्णचन्द्रको हराएको मूल रामायणबाट निकै प्रभावित थिए भन्ने कुरा सुनिन्छ ।

मकैको खेती पर्व नेपाली राजनीतिको चर्चित प्रसङ्ग हो । तिनताकका एकजना सुब्बाले 'मकैको खेती' भन्ने किताव लेखि छपाएका थिए । यस कितावमा नेपाली किसानको यथार्थ जीवनको चित्रण गरिएको थियो । यस कितावमा गरिएको चित्रण-लाई त्यस बेलाका चाकडीवाजहरूले यो सरकारको विरुद्ध जनता भड्काउने प्रयास हो भन्ने वाक्यात्मक कोसेलीका रूपमा आफ्ना प्रभुहरूका सामु पुऱ्याए । फलस्वरूप 'मकैको खेती' डढालेर सखाप पारियो । कृष्णलाल सुब्बालाई पनि आठ-नौ वर्षको निम्ति झ्यालखान कुर्ने सजाय दिइयो । अझ यती मात्रले पनि पुगेन । त्यस कितावका प्रकाशन सहयोगी तथा प्रूफ हेर्ने काम समेत गरेका कृष्णचन्द्र अर्ज्यालको गोरखा पत्रको जागिर खोसियो । इनलाई आफ्नो घर चावेलमा गई मकै खेती गर्न बाध्य तुल्याइयो । दैवले पनि इनको साथ दिएन । पत्नी र एकमात्र पुत्र यसै दरिद्रताको चितामा डढेर खरानी भए ।

कृष्णचन्द्रलाई गोरखापत्रबाट हटाएका दिन देखि नै यसको सम्पादन कलामा मलिनोपनको अनुभव त्यहाँका अन्य सहयोगी बैजनाथ सेढाई आदिले गरे । इनीहरूले त्यस वेलाका भाग्य विधाताहरू सङ्ग कृष्णचन्द्रको आवश्यकताको प्रस्ताव राखे । फलस्वरूप कृष्णचन्द्र फेरी गोरखापत्रमा ल्याइए । यसरी लामो जीवन सम्म पत्र-कारिताको माध्यमले भाषा र साहित्यको सेवा गरे कृष्णचन्द्रले । यो सेवा उनका जीवनको अन्तिम समय सम्म चलिरह्यो ।

कृष्णचन्द्र 'गोरखा एजेन्सी कार्यालय' खोल्नेहरू मध्ये पनि गणना गरिन्छन् । वि० सं० १९७४ मा प्रकाशित 'गोरखा भाषा' नामक पुस्तक प्रकाशन पनि कृष्णचन्द्र र बैजनाथ सेढाईको सम्मिलित सहयोगबाट भएको हो । इनले हिन्दीका धेरै लेखहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली अनुवाद गरेका छन् । इनी उत्कृष्ट विचार एवं सहृदयी व्यक्ति थिए । 'इनको भाषा पंक्का नेपाली हुन्थ्यो भन्नुका साथै इनी विस्मय बोधक चिन्हका ठाउँमा प्रश्न चिन्ह लेख्ने खालका पण्डित पनि थिएनन्' भन्ने कुरा पनि प्रेमराज पौड्यालले उल्लेख गरेका छन् ।

कृष्ण चन्द्र कवि पनि थिए । इनका कविता 'सुन्दरी' र 'सूक्ति सिन्धु'मा छापिए-का छन् । इनले आफ्नो नामैं न लेखी 'हांसो', गोरखाभाषा, फलविज्ञान आदि लेखहरू रचना गरी छपाएका छन् । यी बेनामी लेखहरूबाट इनका कृतिहरू यत्ति छन् भन्ने कुराको यकिन हुन-गर्न नसके पनि इनले गरेको भाषा साहित्यको सेवालाई कुनै पनि सहृदय नेपालीले विर्सन सक्तैन । वैजनाथ सेढाई कृष्ण चन्द्रलाई 'दाई साहेब' भनेर सम्बोधन गर्दथे । 'शैलभ कामाचलमाहात्म्य (१९७१) का कृतिकार कृष्णचन्द्र द्विज पनि इनै कृष्णचन्द्र हुन सक्ने संम्भावना चाहिं छदैछ ।

भैरव अर्ज्याल—गोरखा पत्रमा जागिरे र अभाव र उपेक्षाले पिरोलिएका भैरव अर्ज्याललाई संझिदा कताकता कृष्णचन्द्र अर्ज्याल कै झझल्को लाग्दछ । गोरखा पत्रलाई आधुनातन परिवेशमा उभ्याउने त्यस बेलाको जोशिलो युवा मण्डलीमा भैरव प्रमुख थिए । इनले लेखनमा हास्य र व्यांग्य विधा अपनाए । हास्य र व्यांग्य लेख्ने बानी बसेका भैरवलाई जीवन नै एउटा अभाव र दारिद्र्यको व्यांग्यात्मक अभि-व्यक्ति थियो । व्यांग्य वा ठट्टाको सजीव चित्रणमा लागेका इनले अभाव र उपेक्षाको यथार्थ व्यांग्य मृत्युलाई नै ठाने । हास्य व्यांग्यका यस्ता यथार्थ अभिव्यक्ता कवि र लेखक विश्व साहित्यमा अरू पनि भएका छन् । जसले जीवनलाई नै व्यांग्य कविता बनाएर आफ्नो नश्वर शरीरको इति श्री असमय मैं गरेका छन् । ती मध्ये भैरव पनि हुन् । सामाजिक जीवनका चर्का मर्काको पिल्सो-पिरलोलाई व्यांग्यात्मक रूपमा ठट्याउलो पाराले व्यक्त्याउने कलामा निपुण थिए भैरव । कृतिहरू हुन्—कविता, नेपाली काव्यमा प्रकृति, काउकुती, गलबन्दी, दस औंतार र इति श्री

गंगानाथ अर्ज्याल—इनी संस्कृतका विद्वान् तथा अंग्रेजीका पनि ज्ञाता थिए भनिन्छ । इनको जन्म सं० १९५०मा भएको हो । इनकी आमा मणि परिवारकी हुन् । इनको बाल्यकाल आफ्ना मावली मैं बितेको थियो । प्रारम्भिक अध्ययन समेत काशीको रामकटोरा स्थित मांवली कै घरमा भएको भन्दा हुन्छ । गंगानाथका मामा लक्ष्मी मणि (जेठा पं० का छोरा) हुन् । मामा-भनिज भएर 'एल मणि एण्ड को० आर्डर सप्लायर्स खोलेका थिए । गंगानाथको 'अर्पण गीता' (सं० २०१७) निकै लोकप्रिय हो । इनले आफ्नो जीवनको तेस्रो समयावधि भारतको विहार प्रदेशको चम्पारण जिल्ला अन्तर्गत 'सिल वटिया' नामक गाउँमा बिताएका हुन् । यो गाउँ रामनगरको पूर्व तर्फ पर्दछ भन्ने कुरा नेपाली पूर्णाङ्क ३९ मा [redacted] तारिणीप्रसादकोइरालाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिएको परिचयबाट थाहा हुन्छ । इनी कवि र दार्शनिकका रूपमा पनि सुपरिचित छन् । इनी सं० २०२० सालमा दिवङ्गत भएका हुन् ।

२४ : २ विद्यापति—दैवज्ञ केशरीको कुलकाव्य तथा ध्रु०प्र० वंशावली अनुसार पनि इनी बगाले अर्ज्याल शाखाका तिलकका दुई भाई छोरा मध्ये कान्छा हुन् । इनको उल्लेख र० रा० वंशावलीमा छैन । विद्यापतिका दाजूको नाउ माधव हो । घरमा आफ्ना बाबू सँग कुलविद्याको अध्ययन गरे पछि इनी देशाटनको लागि घरबाट हिँडे । घम्दा-घुम्दा कतै मन रमेन र आखिरमा इनी काश्मीर पुगे । काश्मीरमा इनले वाग्देवी सरस्वतीको ठूलो उपासना गरे । फलतः भगवती शारदा इनी देखि प्रसन्न भईन् र इनलाई प्रत्यक्ष दर्शन दिदैं भनिन्—नानी ? म तिमी सँग प्रसन्न भएँ । अब म सधैं तिम्रो कुलमा निवास गर्नेछु । तिम्रो वंशमा कुनै पनि मूर्ख रहने छैन ।" कुलचन्द्रिका अनुसार यस कुरालाई उद्धृत श्लोकमा यसरी वर्णन गरिएको छ—

काले विवाह्यैष गुणान्वितां वधूं यातो विदेशं बहुतीर्थलब्धये ।
मार्गाप्तदेशाटनखिन्नमानसः काश्मीरदेशे कतिचित्समाः स्थितः ॥४५॥
भक्त्या समाराध्य च शारदां परां तुष्टाव तुष्टाथ वरं ददौ सती
प्रोवाच-'वंशेऽर्भक ? न त्वदीयके मूर्खो भवेत् त्वत्कुलवासिनी भवे: ॥४६॥

यसरी सरस्वतीको प्रत्यक्ष दर्शन र वरदान पाए पछि विद्यापति त्यहाँबाट सोझै काशी पुगे । चौविस वर्ष सम्म इनी काशी मै बसे । त्यहाँ इनले अनेकौ छात्रलाई व्याकरण महाभाष्य मीमांसा र न्याय आदि विषयको अध्यापन द्वारा ठूलो यश त्यहाँको विद्वत्समाजमा कमाए । यसपछि भगवती गुह्येश्वरीको दर्शन गर्न इनी नेपाल आए । इनले गुह्येश्वरीको पनि प्रत्यक्ष दर्शन पाएका थिए । भगवतीले इनलाई "निकट भविष्यमा तिम्रा राजाले यस प्रदेशको विजय गरेपछि मेरो दर्शन गर्न आउने छन्" भनेकी थिइन । यो कुरा 'कुलचन्द्रिका'ले पनि उल्लेख गर्दछ ।

अथाम्बिकारावनवृद्धिवैभवाद्
ददौ प्रसन्ना वरमीप्सितं सती ।
विजिज्य नेपाल भुवन्तवाधिपो
भजिष्यते मामिति प्रस्थितस्ततः ॥५०॥

विद्वान् विद्यापति कान्तिपुर बाट गोरखा फर्के । यस बेला सम्म तिनको विद्वत्ताको ख्याति सर्वत्र फैलिइ सकेको थियो । विद्वत्प्रिय गोरखानरेशले इनको स्वयं अगुवाई गरे तथा हात्ती, घोडा लावा-लस्कर साथ गीतवादित्र गरी इनलाई पुरः प्रविष्ट गराए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट--क (अभिलेखहरू)

१

गोर्खा पोखरीथोकमा राधा बल्लभले बनाएका राधाबल्लभेश्वर मन्दिरको घण्टाभिलेख—

श्री राधाबल्लभोर्ज्याल्-कुलजनिरभवद् यस्य चासीदयोध्या
पत्न्यग्रा सत्यरूपा तदनु वसुमती वल्लभातीव भर्तुः।
तार्त्तीयीकी ततोन्या जगति कुलवतीति प्रसिद्धेन्दुमत्या
ख्याता भूमौ कनिष्ठा कृतसहगमनाः पत्न्य एता अभूवन्।
सिद्धौ राजपुरोहितेन गिरिजाजानेः परप्रीतये
राधाबल्लभशर्मणा सुकृतिना घण्टार्पितेयं शुभा।

यो अभिलेख विक्रम सम्वत् १८६९ [शक सम्बत् १७३४ ई० सन् १८१२] मा कुँदिएको हो।

२

राधाबल्लभले पशुपति ढोकामा सुनचादी लगाउन छः हजार रुपिया संकल्प गरेका थिए। यो कार्य सम्पन्न भए पछि त्यही धातुको पातामा कुदिएको अभिलेख—

(रम्यं) हेमसमन्वितं पशुपतिप्रीत्यै कपाटादिकं
निर्मातुं रजतेन दक्षिणगतं मुद्रा सहस्राणि षट्
राधाबल्लभ उत्ससर्ज मतिमानर्ज्यालवंशोद्भवः।
भ्राता (पण्डित) शक्तिबल्लभधरादेवस्य युक्तो वरैः-
दारैः पञ्चभिरेषु सद्गुणतयाऽयोध्याभिधाद्यास्ततः।
रूपा सत्य पुरोक्षरद्धययुता तन्मध्यमा प्रेयसी
भर्तुः श्री वसुमत्यथो कुलवती चान्येन्दुमत्याह्वया
आर्याक्षेत्रगतं पुरोहितमणिं गोर्षेशभूमीपतेः
राधाबल्लभभूसुरः सुकृतिनां श्रेयान् शिवार्चापरः।
पत्नीभिः सहगामिनीभिरनिशं विभ्राजितः पञ्चमी
राघे विश्वतियौ सिते गुरुदिने गीर्वाणलोकं गतः॥
श्री प्रद्युम्नबुधस्तथा वखतसिंवस्न्यात् गुरौ भक्तिमान्
सेनानीः शिवपूर्ववर्णसहितो नारायणाचार्यकः।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्मण्यत्र नियोजिता स्त्रय इमे संकल्पितेनाऽमुना
(द्रव्येणैव कपाटकाद्यनुपमं सिद्धं यथोक्तं व्यधुः)॥
एतत्तैर्विनिवेदितं वितरितुं मत्पुण्यतः स्वस्थितिः
स्यादित्यर्थयते शिवं गुरुसुतो वाणीविलासो बुधः ॥

यो अभिलेख सम्वत् १८७० [शक सम्वत् १७३५ तथा ई० सन् १८१३] मा कुदिएको हो ।

३

विक्रम सम्वत् १९७४ सालको उत्तरायणमा श्री भुवनेश्वरीमन्दिरमा चढाइने घण्टाका लागि पं० रश्मिराज अर्ज्यालका भाई चेतोनाथले लेखेका पद्य—

वेदाचलाङ्केन्दुमिते विक्रमादित्यहायने
उत्तरायणगे भानी मेषराशिगते गुरौ ।
श्रीमद्दाङ् देशनिलयश्चेतोनाथाभिधः सुधी
रन्ववाय समृद्धयर्थं क्षयार्थं दुरितस्य च ।
देव्यै श्री भुवनेश्वर्यै घण्टां निर्मितवानिमाम् ॥

अमर भूमिका अर्ज्यालवारे पं० जीवनाथ नेपालले सं० १९६१ श्रावणमा रश्मिराजलाई लेखी दिएको श्लोक—

"धन्यास्ते निवसन्ति ये द्विजवरास्तीरे पवित्रे सदा
गण्डक्या अमृताम्बुपान गलिताशेषैनसः सद्व्रताः ।
कृष्णायाः सलिले पवित्रतनवः सम्मज्जनाद् यत्र वै
देवा अप्यवगाहनं प्रकुरुते ग्रावस्वरूपं गताः ॥

तत्रत्या ब्राह्मणाः सर्वेस्वाध्यायाचारतत्पराः । सद्वृत्ताः पूतमनसः पूतगात्राः सुलक्षणाः ॥२॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट–ख (संस्कृत समस्यापूर्ति)

अधरे यत्र सुधाया माधुर्यं सर्वथा वरीवर्ति
तद् रामाननमथवा काव्यं स्वः सौख्यमिव सेव्यम् ।
प्रकृति लसित लीला लोकनाह्लाय मह्यत्
पुरुषजननिकारध्वंसरम्यप्रवृत्तिः
भवतिबुध जनानां प्रीतये सेव्यमाना
युवतिरियमुताहो सांख्यसिद्धान्तरीतिः ॥

वीरेन्द्र केशरी अर्ज्याल—'सूक्ति सुधा' १९६१ वि० स० (बनारसमा संस्कृतका नेपाली छात्रहरूको पत्रिकाबाट साभार)

जयेदमरभारतीमपि सती बुधोक्तिर्ध्रुवं
स्वलंकृति सुधाजनान् त्रिपथगेव नाकं नयेत्
न च त्यजति सा स्थितिं गतिमती च काशीं कदा
जयत्यमर भारती जगति सत्यधामोज्ज्वला ॥१॥
जयत्यमरपावनी शिरसि यस्य भूषा सदा
समुद्रतनयाचला वसति यस्य शश्वद् हृदि ।
चतुर्मुखविधिर्महान् जगति यस्य मूर्तिः क्वचित्
जयत्यमरभारती जगति सत्यधामोज्ज्वला ॥२॥

उमानाथ अर्ज्याल—'अमर भारती'

(गभर्नमेन्ट संस्कृत कालेज वाराणसीको संस्कृत पत्रिकाबाट साभार)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट–ग (काव्यहरू)

१

उदयानन्दकृत अर्ज्याल कुलकाव्य

आदि मालवगढ कनौज धरती धरानगर् ख्यातको ।
तेस्मा ब्राह्मण भट्ट अत्रिकुलका दासै सबै जातको ॥
बाद्शाहा त नवा (फ)-को कलहमा कष्टै त वात्‌वातको ।
देशै छाड़ी हिंड्या चतुर्दिशी सबै छोडी विभव् साथको ॥१॥

कुश्वन्दा सब भट्टमा अति बड़ा आर्का उदै भट्ट हुन् ।
पाहाड्‌तर्फ गया उनी दुई कता उन्को सबै जान गुन् ॥
कान्छाका सदुभट्ट पुत्र त तहाँ विद्वान् पुरा भै गया ।
उन्का पुत्र ति रायभट्टजनमा ज्ञानले परम्पद् गया ॥२॥

तिनका पुत्र त देवदत्त तिनका सुत् वत्सराज नाउँका ।
छैटौं सुत् उपवत्सराज सुदयका पुरा सबै काजका ॥
फेरी श्रृष्टिपरम्परा बढी गई श्रीवत्सराज भै गया ।
तिनकी ब्राह्मणी दूइ जेठीतिरमा श्रीकृष्ण पुत्रै भया ॥३॥

सिग्दी ग्राम त् अंश भो र उनको सिग्द्याल पद्‌वी भयो ।
कान्छीका सुत एक ज्ञानी सबमा श्रीदेव संज्ञा थियो ।
उनलाई पनि पौडी अंश त दिदा पौड्याल कहाया तहाँ ।
आठौं वंश विति उनै कि त फिरी अर्की दुलहीं माहाँ ॥४॥

जुम्लाका नृपतिकी छोरीतिरका थरका हमाल् भै गया ।
भित्र्यानीतिरका त पुत्र त तहाँ खस थर बगाल्या भया ।
सुत् श्रीनन्द त फेरि ब्राह्मणीविषे तिनका त श्रीराम् भनो ।
श्रीरामका हरिदत्त सुत त भया आपना कुलैका मणि ॥५॥

तिनका पुत्र त कृष्णराम तिनका छोरा दुई भै गया ।
जेठा भट्ट सदु कनिष्ठ उनका चावा भन्याका थिया ॥
चावाकी दुई ब्राह्मणी त कुलका जेठीकी सन्तान जति ।
अर्जीवासी हुँदा त उही थर भो अर्ज्याल कहाया उति ॥६॥

चौधौं वंश त नारसिंह उनका श्री विष्णुदास ख्यातका ।
उनका पुत्र सुपुत् प्रभाकर भया पुरा सबै बावका ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिनका पुत्र दुई सुमन्तु सरजं कान्छाकी जो सन्तति ।
मैंघी आइ वस्या उसै समयमा मैंघाली भन्छन् कति ।।७।।
नारानदास सुमन्तुका त सुत हुन् उनका त धौलु थिया ।
विष्णुदास कनिष्ठ उनकी कुलका सन्तान बिहारी भया ।।
धौलुका सुत चार भाइ त भया भन्थ्या वगाल्या भनी ।
कालुलाई……अंश त दिया गोपाललाई पनि ।।८।।
तेस्मा श्री जयभद्र नाम उनको श्री विश्वनाथ उनमहाँ ।
कान्छा हुन् सबको निवास उनदिन गोर्खा नगर हो जहाँ ।।
छोरा श्री जयभद्रका परशुराम उनका त छोरा पनि ।
जोशी इन्द्रमणि त ज्योतिषविषे भन्थ्या त गर्दै भनी ।।९।।
वीरेश्वर त सुपात्र पूत उनका पुत्री त तिनका वहाँ ।
श्री विश्वेश्वर नाम चौदिशिविषे पूरा त ज्योतिषमहाँ ।।
मर्जीले त किरात राज्य ति गया हिन्दुपतिको जहाँ ।
युक्तिवुद्धि लगाई अकल भयो उस्ता अरू हुन् कहाँ ।।१०।।
राजालाई रिझाई कौशिकीनिकट विर्ता मधेशमा मिल्यो ।
उस दिनदेखी मधेश बीच सब वास बैरवा माहाँ भयो ।।
उनका पुत्र त एक मात्र उदयानन्दै भनी आज छन् ।
पण्डित ज्योतिष्विषे कवि पनि वडा कामले अमिन भन्दछन् ।।११।।

२

काशीस्तुतिः

भट्टाचार्य दैवज्ञ केशरी अर्याल

काशिकां वृजिनजालनाशिकां, धीमतान्निखिलतत्त्वशासिकाम् ।
भूतलप्रथिततीर्थराशिकां वासिकामजययुक्तिभासिकाम् ।।१।।
देववन्द्यनिगमागमार्चितां, शम्भुपाणिगतशूलशेखराम्
रम्यनिर्जरपुरीतिरस्करीं, गुर्ज्जनुमूं तिहरीमुपास्महे ।।२।।
मुक्तिमार्गजननीं मणिकर्णीं, कोटिपातकयुजोपि पवित्रीं
अब्जयोनिकरकद्रवरूपां, विष्णुपादकमलालयलोलाम् ।।३।।
ईशजूटतटवासविलोलां भक्तवत्सलतया भुवि तीर्णाम्
काशिकातटजचक्र सरोऽङ्कान् दण्डवत्प्रणिपतन् प्रणमामि ।।४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्म स्थिति

रचयिता—पं० देवराजोपाध्याय अर्ज्याल

आत्मस्थिति इच्छा गर्ने पुरुषले कर्म
गर्नु पर्छ श्रुति सिद्ध यो हो ठूलो धर्म
कर्म फल दिने काम ईश्वर बाट हुन्छ
जड कर्मबाट कर्मफल कहाँ मिल्छ ?
कर्म गर्नु पर्छ फलको आश न गरेर
कर्म फलले संसारमा धकेल्दछ हेर
आफू नष्ट भए पनि बीज छोडी जान्छ
मुक्ति तिर जाने लाई आफूतिर तान्छ ।
गर कर्म निष्काम भै चित्त-शुद्धि हुन्छ
मोक्ष मार्ग देखिइन्छ सच्चा ज्ञान मिल्छ ।
पूजा भन्दा जप ठूलो जप भन्दा ध्यान
ध्यान भन्दा लय श्रेष्ठ हुन्छ तिमी जान ।
संसारलाई शिव रूप सम्झी गर्नु सेवा
ईश्वरको पूजा यही हो खान दिने मेवा ।
उच्चरित जप भन्दा मौन ठूलो जप
मौन जप भन्दा पनि मानसिक जप ।
तेल धारा जस्तो कि वा नदी झैं बगेको
ध्यान श्रेष्ठ हुन्छ भित्र न टुक्री रहेको ।
'म र उनी' यस्तो भेदभावनाको ध्यान-
गर्नु भन्दा सोऽहं भाव उत्तम छ जान ।
ध्येय समुद्र हो म हुँ त्यसको तरङ्ग
यही भावबाट ध्यान गर्दा हुन्न भङ्ग ।
भावनाले शून्य भई ध्येय महाँ बास
गर्नु नै हो पराभक्ति श्रुति सिद्ध खास ।
मन लय न भै कन केही प्राप्ति हुन्न
कुनै कर्म गरे पनि यत्ति पनि छुन्न ।
मन भन्ने वस्तु कुन हो कहाँबाट आउँछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवलाई संसारमा कसरी घुमाउँछ ।
मन जता जता जान्छ हेर्नू पछि लागी
आफ्नै घर तिर लाग्छ मन हुन्न बागी ।
हृदयको गुफा भित्र जन्म स्थान माहाँ
मनलाई पुऱ्याउनु अड्याउनु त्यहाँ ।
नष्ट हुन्छ जन्म स्थान पुगे पछि खास
शान्त हुन्छ फेरि मनको हुँदैन विकास ।
सोझो सीधा मार्ग यै हो कडा न भएको
कर्म-भक्ति-ज्ञान-योग सबैले कहेको ।
प्राणरोधबाट मन लय मात्र हुन्छ
रोकुञ्ज्याल सम्ममात्र स्थिर भै रहन्छ ।
लय प्राप्त मनलाई एउटै वस्तु माहाँ
लगाएर राखे मात्र नष्ट हुन्छ त्यहाँ ।
प्राणलाई हेर्दा हेर्दै प्राण रोध हुन्छ
यस मन्दा सोझो बाटो योग महाँ कुन् छ ?
प्राणलय बाट मन मन लयबाट
प्राणलय हुन्छ भित्र खुल्दछ कपाट ।
चित्रगत चिन्तन औ प्राणको प्रकाश
एकै ठाउँबाट हुन्छ इनको विकास ।
मन भन्नु विचारको समुदाय नै हो
विचारको जन्म थलो अरु होइन 'मैं' हो ।
अतएव मन-अहं भिन्न भिन्न छैनन्
मन-अहं अहं-मन अरु केही होइनन् ।
मन रूप अहं भाव जब नष्ट हुन्छ
भित्र पूर्णशुद्ध अर्को सच्चा 'म' झल्किन्छ ।
अहं लय भए पनि यो त लय हुन्न
यसको पनि नाउँ एउटै अरु केही छैन ।
सुषुप्तिमा राम्रो गरी हुन जाने चूर्ण
जाग्रत स्वप्न अवस्थाको अहं भन्दा पूर्ण ।
अहं यो छ निरन्तर साक्षी रूप खास
तीनै काल सता यसको हुँदैन विनाश ।
अहं नष्ट भए पछि आत्मस्थिति भै गो
अब के पो बाकी रह्यो ? सबै त्यसको भै गो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्म स्थितिवाट हुन्छ आत्मदर्शन हाम्रो
अहंलय वाट हुन्छ आत्मस्थिति राम्रो ।
स्व-स्वरूप ज्ञान हुनु आत्मदर्शन त्यहि हो
ब्रह्म साक्षात्कार ईश्वर दर्शन पनि यहि हो ।
जीव ईश्वर भेद खाली उपाधिले हुन्छ
सत्ता रूप धर्म एउटै इनको कहिन्छ ।
त्यो उपाधि हटे पछि आत्मदर्शन हुन्छ
आत्मरूप वाहेक अरू ईश्वर दर्शन कुन छ ?
शिवलोक वैकुण्ठ औ स्वर्ग मोक्ष खास
गोलोक र मणिद्वीप परम प्रकाश
सवै वेद शास्त्र ऋषि महर्षिले गुन्ने
ठाम यही हो अरु छैन धरै कति भन्ने ?
देहेन्द्रिय प्राण बुद्धि सुषुप्ति म होइन
यी त सवै जड मिथ्या म त त्यस्तो छैन ।
इनी नष्ट हुँदा पनि साक्षी भै रहेको
सत् चित् सुखी म हूं नित्य अमर भएको ।
वन्धमुक्त शून्य भई भिन्न तिर पस्नू
जीवन्मुक्ति यही नै हो हृदयमा वस्नू ।
अहं भाव शून्यभई स्व-स्वरूप भान
मनुष्यको ठूलो तप यही हुन्छ जान ।
आत्म स्थिति प्राप्त गर्न पुग्न परम्पार
मनन गर्नू नै यही नै हो श्रुतिस्मृतिसार ।

इदममरभूमिभूसुरशिरोमणेः रश्मिराजस्यार्ज्याल्योपनाम्नस्तनयज्येष्ठेन देवराजेन । अध्यात्ममार्गमार्गण-शीलानां भ्रान्तचिन्तानामचिरेण वोधहेतोर्विरच्यते लोकगीतिदिशा ॥

*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट–घ (भानिज देवता)

रूपन्देही जिल्लाको देवदह गा० पं० वडा नं० ५ शीतल नगरमा एउटा अर्ज्याल प्रशाखा केहि वर्ष देखिरहेको छ। यी अर्ज्यालहरू गुल्मी जिल्लाको हरमी चौर गा० पं० अन्तरगत गिदुवाबाट् वसाइ सरेका हुन्। यस प्रशाखामा जेष्ठ शुक्ल चतुर्दशीका दिन 'भानिज देउता' को पूजा र दुग्धार्घ्य दिने परम्परा छ। यस दिन त्यस प्रशाखाका प्रत्येक अर्ज्याल कुरियाबाट एक-एक माना चामल, पीठो, भेटी, पूजा सर्जाम, त्यस पालाको नौनी घ्यू तथा दूध समेत लिइ कुनै पवित्र स्थान ओडार, तथा गाईगोठमा जम्मा भई दीप कलश पुजी भानिज देउताको पूजा र दुग्धार्घ्य दिइन्छ। चामलको खिर र पिठोको ठोक्ने रोटी पकाई नैवेद्य चढाइन्छ। प्रत्येक परिवारका सदस्यहरूको गन्ती गरी जनही प्रसाद भाग लगाई घर ल्याइन्छ। यो प्रसाद अर्ज्याल वन्धु बाहेक अरूले पाउदैन। यस दिन आएका पाहुनाहरूले पनि घर बाहिर वसी आफैं पकाई खानु पर्दछ।

किंवदन्ती अनुसार यस शाखाका अर्ज्यालहरूको कुनै परिवारमा अधिकारी थरका भानिज बस्दा रहेछन्। उनी सधैं लेखमा मावलीका गाई हेर्ने तथा तिनै गाईको दुध दुही खिर पकाई खाने गर्दा रहेछन्। एक दिन विहान गाई दुही दूध तताई त्यो दुध त्यसै ढाकेर राखी आफू भोकै गाई हेर्न गए छन्। फर्केर आई खिर पकाई खाने विचार तिनको रहेछ। संयोगवस त्यसै दिन गाउँबाट मामाहरू पुगेछन्। दुधको खिर पकाई खाएछन्। तिनलाई भानिज भोकै भएको ख्याल भएन। भानिज संग भेट पनि भएन। दिन ढल्के पछि भानिजले फर्कंदा दुधको भाडो रित्तो फेला पारे। त्यस दिन ती भोकै रहे। मावलीहरूले हेला गरेको अनुभव गरे। राती गोठको बुढी गाईको दाम्लो फुकाई त्यसैले पाँटीपासो लगाई आत्महत्या गरे। यस पछि आफ्ना भानिजको प्रेतत्व विमुक्ति र तृप्तिका लागि यो पूजा र दुग्ध धार परम्परा त्यस प्रशाखामा चलेको छ। [यसको जानकारी शीतलनगर रूपन्देही बस्ने मास्टर स्थानेश्वर अर्ज्यालका भाई उमानाथ अर्ज्यालबाट प्राप्त भएको हो। अमर भूमिको अर्ज्याल शाखामा पनि जेष्ठ शुक्ल चतुर्दशीका दिन कुलपुरुष श्रीपति र कुलदेवता वराह तथा गोष्ठ देवताको पूजा गर्ने र दुग्धार्घ्य दिने चलन छ। हरमीचौर शाखा र अमर भूमि शाखाका यी पूजा परम्पराको तुलनात्मक अध्ययन र विश्लेषण गर्दा यस दिन गरिने पूजा मुख्यतः कुलपुरुष र कुलदेवताको पूजा नै हो। भानिज देवताको पूजागर्ने परम्परा चाहीं पछि गाभिएको प्रचलन हो जो त्यस शाखा र त्यसबाट विकसित रूपन्देही शीतलपुर तिर छरिएका प्रशाखाहरूमा मात्र छ, सर्वत्र छैन।]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu